सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ मंसिर २०८०, आइतबार (10 Dec 2023, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

भरिएको २५ महिनासम्म पनि सिसडोल ल्यान्डफिल छाडियो खुलै



ल्यान्डफिल पुर्ने सहमति १९ महिनादेखि अलपत्र, ६ महिनामा सक्ने भनिएको अध्ययन अझै सकिएन

(विस्तृत पृष्ठ २)

कानुन निर्माणमा प्रदेशहरूको कछुवा गति

सत्ता राजनीतिको खेलमैदान हुँदा प्रदेश सभाहरूबाट संघीयता कार्यान्वयनका लागि अत्यावश्यक कानुनसमेत बन्न सकेनन्



काशीराज दाहाल
विषयविज्ञ प्रदेश सभाहरूको समीक्षात्मक प्रतिवेदन कार्यदल

पूर्वाधार अभाव, विज्ञ र अनुभवी जनशक्तिको कमीले प्रदेशको आवश्यकताअनुसार बनाउनुपर्ने कानुनहरूलाई प्राथमिकीकरण गर्न सकेको देखिएन ।

(विस्तृत पृष्ठ ३)

विधान सभा निर्वाचनमा 'मोदी फ्याक्टर'



मोदीको शासनशैलीका कारण भाजपाले तीनवटा राज्यमा सानदार जित हासिल गरेको हो वा होइन भन्नेबारे जाँच गर्नुपर्छ

(भारतीय पत्रकार, लेखक र चीन विशेषज्ञ **सैबल दासगुप्ताको लेख पृष्ठ ५**)

३० अर्बको ५ लाख २० हजार टन रासायनिक मल आयात हुँदै



कृषि सामग्री कम्पनीले तीन लाख ६४ हजार टन र साल्ट ट्रेडिङ कर्पोरेसनले एक लाख ५६ हजार टन मल आपूर्ति सुरु गरिसके

सोचेअनुसार बजेट पाएपछि सजिलो भयो

डा. बेदुराम भुसाल, मन्त्री, कृषि तथा पशुपक्षी विकास मन्त्रालय

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

श्रमका लागि १४४ देशमा नेपाली

वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा जान सकिने व्यवस्था छ। द्वन्द्वग्रस्त रुस, युक्रेनदेखि आन्तरिक युद्धले ग्रसित सिरिया, सोमालिया, सुडानलगायत देशमा पनि पुगेका छन् नेपाली श्रमिक।

मुना कुँवर/नयाँ पत्रिका

वैदेशिक रोजगारीका सिलसिलामा नेपाली युवा विश्वका एक सय ४४ मुलुकमा छन्। गत आर्थिक वर्ष ०७९/८० मा ७ लाख ७१ हजार ३२७ नेपालीले संस्थागत र व्यक्तिगत रूपमा १४४ देशमा रोजगारीका लागि जान वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएका थिए। उनीहरूमध्ये ६ लाख ९९ हजार १९३ पुरुष र ७२ हजार १३४ महिला छन्।

सरकारले भने वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा १११ र व्यक्तिगत रूपमा १७८ देशमा जान सकिने व्यवस्था गरेको छ। नेपाली श्रमिक द्वन्द्वग्रस्त रुस, युक्रेनदेखि आन्तरिक युद्धले ग्रसित सिरिया, सोमालिया, सुडानलगायत देशमा पनि पुगेका छन्। रोजगारीका लागि सरकारले धेरै मुलुक खुला गरे पनि हालसम्म ११ मुलुकसँग मात्रै श्रम सम्झौता गरेको छ।

६५ प्रतिशत नेपाली युवा खाडी र मलेसियामा

सुरक्षाको दृष्टिकोणले अत्यन्तै जोखिम मानिएका देशमा पनि नेपाली श्रमिक श्रम स्वीकृति लिएरै गएको तथ्यांकले देखाउँछ। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७९/८० मा विभागबाट श्रम स्वीकृति लिएर ३७ नेपाली युवा युगान्डा पुगेका छन्। त्यस्तै, ६ जनाले रुवान्डाका लागि श्रम स्वीकृति लिएको तथ्यांक छ। घानाका लागि १२, माली २२, सोमालिया २०, सुडान सात, रसिया तीन सय ८६, इथियोपियाका लागि नौ नेपाली युवाले श्रम स्वीकृति लिएका छन्। यीबाहेक अवैधानिक प्रक्रियामार्फत चरम द्वन्द्वमा परेको युक्रेनजस्तो मुलुकमा समेत नेपाली पुगेका छन्। तर, यसको आधिकारिक तथ्यांक भने सरकारसँग छैन।

सरकारले श्रम स्वीकृतिका लागि रोक लगाए पनि जोखिमपूर्ण मुलुकमा नेपाली युवा पुगेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी स्विकार्छन्। 'प्यानपावर व्यवसायीले नपठाए पनि अहिले व्यक्तिगत पहुँचका आधारमा नेपाली युवा धेरै मुलुक पुगेका छन्। तर, जोखिमपूर्ण रूपमा युवाहरू

» पृष्ठ २ मा क्रमशः



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विदेशिनेको भिड (फाइल तस्बिर)

गत आर्थिक वर्ष ०७९/८० मा मात्रै ७ लाख ७१ हजार ३२७ (६ लाख ९९ हजार १९३ पुरुष र ७२ हजार १३४ महिला)ले १४४ देशका लागि श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांक छ। यीमध्ये ४ लाख ९४ हजार २२४ (४ लाख ४० हजार ७२४ पुरुष र ५३ हजार ५०० महिला) ले नयाँ श्रम स्वीकृति लिएका हुन्।

■ जोखिम मोलेर द्वन्द्वग्रस्त अफ्रिकी मुलुकसमेत पुग्छन् नेपाली

रोजगारीका लागि नेपाली श्रमिक अफ्रिकाका विभिन्न मुलुकसमेत पुग्ने गरेका छन्। लामो समयदेखि अफ्रिकामा व्यवसाय गर्दै आएका रामप्रसाद पाध्यायका अनुसार सुडान, कंगो, लिबिया, नैरोबी, तान्जानिया, रुवान्डा, युगान्डालगायत मुलुकका बैंक, सेक्युरिटी, रेस्टुरेन्टलगायत क्षेत्रमा पनि नेपाली श्रमिक रहेका छन्। नेपाली महिला श्रमिक अवैध बाटो हुँदै अफ्रिकी देश पुग्ने गरेको उनले बताए। उनीहरूलाई डान्सबार तथा रेस्टुरेन्टमा काममा लगाइने गरिएको पाध्यायले बताए। 'अफ्रिका आफैंमा द्वन्द्वग्रस्त हो। त्यसैले यहाँ श्रमिक अभाव छ। त्यसैले दक्ष नेपाली श्रमिक मात्रै यहाँ आउँछन्,' उनले भने। कतिपय नेपालीले अफ्रिकामा नै व्यवसाय गर्ने गरेको उनले बताए। सरकारले नेपाली श्रमिकलाई इराक जान बन्देज लगाएको छ। तर, अवैधानिक बाटो हुँदै इराक पुगेका नेपाली श्रमिकको संख्या पनि धेरै छ। इराकमा अहिले करिब २० हजार नेपाली रहेको गैरआवासीय नेपाली संघ इराकका अध्यक्ष विनोद श्रेष्ठले बताए। जसमध्ये ७५ प्रतिशत इराकको कुर्दिस्तान राज्यमा छन्। घरेलु कामदारदेखि व्यवस्थापकीय तहसम्मको काममा नेपाली कामदार रहेको उनले बताए।

■ युद्धग्रस्त देश रुसको सेना बन्न नेपाली युवाको मरिहत्ते

रुस-युक्रेन युद्ध निरन्तर छ, तर नेपाली युवाको रुस यात्रा रोकिएको छैन। गैरआवासीय नेपाली संघ रसियाका अध्यक्ष केशव तिमिल्सिनाका अनुसार हाल रुसमा अनुमानित २० हजार नेपाली छन्। नेपालीहरू श्रम, अध्ययन र व्यवसायका लागि रुस जान्छन्। पछिल्लो समय त युद्ध मैदानमा होमिनका लागि पनि जान थालेका छन्।

आकर्षक तलब र त्यहाँको नागरिकता पाइने आसमा नेपाली युवा रुसी सेनामा होमिने क्रम बढेको छ। सरकारले युद्धग्रस्त मुलुकमा नजान सचेत गराउँदा-गराउँदै पनि युवाहरू त्यहाँ पुगेर बन्दुक बोक्ने उद्देश्यसहित दलाललाई लाखौं रकम बुझाई अवैध रूपमा जाने गरेका छन्। पछिल्लो समय मात्रै रुसी सेनामा रहेका ६ नेपालीको मृत्यु भएको पुष्टि भइसकेको छ। रुसी सेनामा एक वर्ष काम गरेपछि त्यहाँको नागरिकता पाउने व्यवस्था छ। हजारभन्दा बढी नेपालीले रुसको नागरिकता लिइसकेका छन्। तर, रुसी सेनामा कति नेपाली छन् भन्ने यकिन नभएको तिमिल्सिनाले बताए।

'युद्धकै कारण रुस जाने नेपालीको संख्यामा कुनै कमी छैन, बरु रुसी सेनामा भर्ती हुने नेपाली युवा बढिरहेको देखिन्छ,' तिमिल्सिनाले भने, 'नेपालीले युरोप प्रवेशका लागि पनि रसियाको बाटो प्रयोग गर्ने गरेका छन्। त्यसका लागि भिजिट भिसामा जाने गर्छन्।' उनका अनुसार रुसमा नेपालीहरू सेनाबाहेक कम्पनी म्यानेजर, कुक, टुरिस्ट गाइड, वेटरलगायत पेसामा छन्।

रुसका लागि नेपाली राजदूत डा. मिलनराज तुलाधरले त्यहाँ वर्किङ र स्टुडेन्ट भिसामा करिब हजार नेपाली रहेको अनुमन गरिए पनि कुन भिसामा कति रहेको, सेनामा कति रहेको भन्ने यकिन नभएको बताए। अहिले आफूहरू युद्धमा मारिएका नेपालीको परिवारलाई क्षतिपूर्तिका लागि प्रयासरत रहेको राजदूत तुलाधरले बताए।

उता युक्रेनमा युद्ध सुरु हुनुभन्दा अघि अनुमानित ६ हजार नेपाली थिए। युद्धका बेला उनीहरू युरोपका विभिन्न मुलुक गएको गैरआवासीय नेपाली संघ रसियाका अध्यक्ष तिमिल्सिनाले बताए। उनका अनुसार हाल युक्रेनमै बिहेवारी गरेर बसेका दुई सय नेपाली रहेको अनुमान छ।

दाताको पैसामा संघीयताको सबलीकरण कार्यक्रम

१५ अर्बको कार्यक्रमको म्याद सकियो, सवा चार अर्ब मात्र खर्च

सुवास भट्ट/नयाँ पत्रिका

संघीयता सबलीकरणका लागि दाताको सहयोगमा सरकारले चलाएको झन्डै १५ अर्बको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजिएसपी) को म्याद सकिँदासम्म सवा चार अर्ब मात्र खर्च भएको छ। प्रदेशलाई केन्द्रित गरेर संघदेखि स्थानीय तहसम्म चलाइएको कार्यक्रमको निर्धारित अवधि सकिँदासम्म पनि न्यून खर्च मात्रै भएको हो।

काम बाँकी रहेको भन्दै समय थपको तयारी भएको छ। सरकारले ०७६ साउनमा कार्यक्रम सञ्चालनको स्वीकृति दिएको थियो। १३ करोड अमेरिकी डलर अर्थात् १४ अर्ब ९५ करोड नेपाली रुपैयाँ कुल लागत रहेको कार्यक्रममा ७६.९ प्रतिशत अर्थात् ११ अर्ब ५० करोड विकास साझेदार र २३.१ प्रतिशत अर्थात् तीन अर्ब ४५ करोड रुपैयाँ नेपाल सरकारको हुने गरी कार्यक्रम स्वीकृत गरिएको थियो। बेलायती सरकारको निकाय एफसिडिओ, युरोपियन युनियन, नर्वे, स्विट्जरल्यान्डको अन्तर्राष्ट्रिय सहयोग निकाय एसडिसी, संयुक्त राष्ट्रसंघ र अमेरिकालगायतको साझेदारी कार्यक्रममा छ।

चार वर्षका लागि स्वीकृत कार्यक्रमको गत असारदेखि निर्धारित अवधि सकिएको छ। तर, यस अवधिमा कार्यक्रमको वित्तीय प्रगति भने ज्यादै न्यून छ। कार्यक्रमबाट प्राप्त विवरणअनुसार कार्यक्रमको स्वीकृत कुल लागत १४ अर्ब ९५ करोड भए पनि चार वर्षको अवधिमा १० अर्ब ५५ करोड ५६ लाख मात्र विनियोजन भएको छ। विनियोजित बजेटमध्ये चार अर्ब २६ करोड ८६ लाख ४४ हजार रुपैयाँ मात्र खर्च भएको प्रगति विवरणमा उल्लेख छ। यो खर्च विनियोजित बजेटको करिब ४० प्रतिशत मात्र हो। आव ०७६/७७ मा विनियोजित एक अर्ब ५० करोडमध्ये १८.२५, आव ०७७/७८ मा विनियोजित तीन अर्ब २० करोड ६० लाखमध्ये २६.१९, आव ०७८/७९ को दुई अर्ब ९५ करोड ६७ लाखमध्ये ५०.१२ र आव ०७९/८० को दुई अर्ब ९० करोड ८० लाखमध्ये ५७.१ प्रतिशत मात्र बजेट खर्च भएको कार्यक्रमले जनाएको छ।

तीनै तहका सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता विकासमा केन्द्रित रहेर छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा संघीयताको संस्थागत विकास र सुदृढीकरणका लागि सहकारी संघीयताको भावनाअनुरूप साझा

» पृष्ठ २ मा क्रमशः



भर्ना ३०३ विद्यार्थी, आउँछन् ३० मात्र

सिराहाको तिलेश्वरी आधारभूत विद्यालयमा भर्ना भएका दलित समुदायका विद्यार्थी कहिले भोज, मेला त कहिले खेताला जानुपर्ने भएकाले अधिकांश समय हुँदैनन् उपस्थित

● **प्रदीप यादव**, प्रधानाध्यापक



२० वर्षदेखि यहीं छु। गुणात्मक सुधार ल्याउन सकिएन। अभिभावकबाट पनि पूर्ण सहयोग नहुँदा शैक्षिक सुधारमा असर गरेको छ। दलित बालबालिका नै बढी भएकाले होला पालिकाले पनि त्यति वास्ता गरेको छैन।

सिराहामा **सुरेन्द्रकुमार कामती**

सिराहा नगरपालिका- ४ खिरौनामा रहेको तिलेश्वरी आधारभूत विद्यालयमा तीन सय तीनजना विद्यार्थी अध्ययनरत छन्। विद्यालयको हाजिरी रजिस्टरमा बालकक्षादेखि कक्षा ५ सम्म तीन सय पाँचजना भर्ना भएको उल्लेख छ। तर, विद्यालयको रजिस्टरमा उल्लेख भएका बालबालिकाको १० प्रतिशत मात्र नियमित पठनपाठन गर्न विद्यालय आउने गरेका छन्। गाउँमा कहिले भोज त कहिले धान काट्न

» पृष्ठ २ मा क्रमशः



सिराहा नगरपालिका- ४ खिरौनामा रहेको तिलेश्वरी आधारभूत विद्यालयमा कक्षा १ मा १०, कक्षा २ मा पाँच, कक्षा ३ मा पाँच, कक्षा ४ मा सात र कक्षा ५ मा तीन गरी ३० बालबालिका मात्र नियमित आउँछन्

रगत परीक्षणबाटै शरीरको अंगको आयु पत्ता लगाउन सकिन्छ : अध्ययन

नयाँ पत्रिका

अमेरिकास्थित स्ट्यानफोर्ड युनिभर्सिटीका वैज्ञानिकहरूले हालै गरेको एक अनुसन्धानले रगत परीक्षणबाटै शरीरको कुन अंगको आयु कति छ भन्ने पत्ता लगाएका छन्। साथै, शरीरका कुनै अंग फेल (काम नगरिरहेको) हुने सम्भावना छ कि भनेरसमेत रगत परीक्षणबाट थाहा पाउन सकिने उनीहरूले बताएका छन्। वैज्ञानिकहरूको टोलीले मुटु, मस्तिष्क र फोक्सोलगायत शरीरका ११ अंगको अवस्था रगत परीक्षणबाट थाहा पाउन सकिने निष्कर्ष निकालेका हुन्।

नेचर जर्नलमा हालै प्रकाशित उक्त अध्ययन रिपोर्टअनुसार हजारौं वयष्कमाथि अनुसन्धान एवं परीक्षण गरिएको थियो। परीक्षणले ५० वर्षभन्दा माथिका पाँचमध्ये एक स्वस्थ वयस्क व्यक्तिमा उमेरभन्दा छिटो उसको अंगको आयु घटिरहेको पाइएको छ। र, प्रत्येक सयमध्ये दुईजनासम्ममा कम उमेरमै विभिन्न अंगले काम गर्न छाडिरहेको समेत अध्ययनले देखाएको छ।

> ५० वर्षभन्दा माथिका प्रत्येक पाँचमध्ये एकजनाको उमेरभन्दा छिटो अंगको आयु घट्दो

स्वास्थ्य विज्ञहरूले अंगहरूको उमेर परीक्षण गरेर जटिल समस्याको समयमै उपचार गर्न सकिने भएकाले यो अनुसन्धान निकै महत्त्वपूर्ण भएको दाबी गरेका छन्। जस्तै, मुटुको उमेर (मुटुको एजिङ)को गति पत्ता लगाएर यसबाट हुन सक्ने हृदयाघातको समस्या र मस्तिष्कको एजिङ हेरेर डिमेन्सियालगायत समस्याको समाधान खोज्न सकिने उनीहरूको भनाइ छ। अध्ययनले एक वा धेरै अंगहरू छिटो बुढ्यौली हुनुलाई अर्को १५ वर्षमा निश्चित दीर्घरोगको समस्या देखिने र मृत्युको उच्च जोखिमसँग जोडिएको समेत देखाएको हो। यसका लागि अनुसन्धानकर्ताले ११ वटा मुख्य अंगको परीक्षण गरेका थिए। जसमा मस्तिष्क, मुटु, कलेजो, फोक्सो, आन्द्रा, मिर्गौला, बोसो, रक्तनली, इम्युन टिस्यु, मांसपेशी र प्यानक्रियाज थिए।

रगतमा रहेको प्रोटिनको ढाँचाअनुसार अंगको अवस्था पत्ता लगाउन प्रोटिनको स्तरमा परीक्षण गरिएको थियो। अनुसन्धानकर्ताले हजारौं नतिजा र बिरामीको डेटा प्रयोग गरेर भविष्यवाणी गर्न मेसिन-लर्निङ एल्गोरिदम विधि अपनाएका थिए। अनुसन्धान गरिरहेको समूहका डा. टोनी वाइस-कोरेले भनेका छन्, 'जब हामीले प्रत्येक व्यक्तिका लागि यी अंगहरूको जैविक उमेरलाई गम्भीर रोग नभएका मानिसको समूहसँग तुलना गर्‍यौं, यसबाट पत्ता लगायौं कि १८ दशमलव ४ प्रतिशतमा कम्तीमा एउटा अंग औसतभन्दा धेरै छिटो बुढो भएको थियो।' डा. कोरेका अनुसार यी व्यक्तिहरूमा १५ वर्षभित्रमा कुनै न कुनै समस्या देखिने प्रबल सम्भावना देखिन्छ। यद्यपि, यसका लागि नियमित स्वास्थ्य परीक्षण गर्न जरुरी देखिएको छ।

डा. वाइस-कोरेका केही पहिलेका अध्ययनले जैविक बुढ्यौली प्रक्रिया स्थिर नभएको, तर ३० वर्ष, ६० र ७० वर्षको उमेरमा अंगहरूमा बुढ् यौली तीव्र गतिमा बढ्ने गरेको पुष्टि गरिसकेका छन्। उनको पछिल्लो यस अनुसन्धानको निष्कर्षबारे लन्डनको क्विन मेरी युनिभर्सिटीका उमेर सम्बन्धित स्वास्थ्य र रोगका विशेषज्ञ प्रोफेसर जेम्स टिमन्सले समेत टिप्पणी गरेका छन्। जैविक उमेरका रगत मार्करमा अध्ययन गरिरहेका उनले भनेका छन्, 'डा. वाइस-कोरेको पछिल्लो निष्कर्ष प्रभावशाली छ, तर धेरै व्यक्तिमा विशेष गरी विभिन्न जातीय पृष्ठभूमिका युवामा प्रमाणीकरण आवश्यक हुन सक्छ।'

तर, अनुसन्धान गरिरहेका वैज्ञानिकको समूहले अझै ५० हजारदेखि एक लाख स्वस्थ व्यक्तिमा अध्ययन गर्दा थप स्पष्ट हुने बताएको छ। अन्य वैज्ञानिकले एउटा अंग मात्रै नभएर पूर्ण शरीरमा रगतको अवस्था जाँच गरिनुपर्ने र कतिपयले यो परीक्षणले मानिसमा स्वास्थ्य समस्याप्रति डरसमेत पैदा गर्न सक्ने भएकाले त्यसको समाधानका लागि तयारी गर्नुपर्नेजस्ता टिप्पणी गरेका छन्।

भरिएको २५ महिनासम्म पनि सिसडोल ल्यान्डफिल छाडियो खुलै

ल्यान्डफिल पुर्ने सहमति १९ महिनादेखि अलपत्र, ६ महिनामा सक्ने भनिएको अध्ययन अझै सकिएन

शान्ति तामाङ/नयाँ पत्रिका

उपत्यकाको फोहोर नुवाकोटको बन्चरेडाँडामा व्यवस्थापन गर्न थालिएको २५ महिना बितिसक्दा पनि यसअघि फोहोर व्यवस्थापन गरिँदै आएको सिसडोल ल्यान्डफिल साइट अझै खुलै छाडिएको छ। काठमाडौं महानगरले बन्चरेडाँडा ल्यान्डफिलमा फोहोर व्यवस्थापन गर्न थालेसँगै सिसडोलवासीसँग ६ महिनाभित्रै सिसडोल पोस्ट क्लोजिङ (पुर्ने) गर्ने सहमति गरेको थियो। तर, सहमतिको भाखा नागेको १९ महिना बितिसक्दा पनि पोस्ट क्लोजिङको सुरसार नै छैन।

सिसडोल ल्यान्डफिल साइट बेवारिसे छाडेको भन्दै स्थानीयले पटक-पटक आन्दोलन गरेपछि महानगरले २६ जेठ ०७९ मा ६ महिनाभित्र पोस्ट क्लोजिङको वैज्ञानिक अध्ययन गराई प्रतिवेदनका काम गर्ने सहमति गरेको थियो। तर, सहमति भएपछि पनि १९ महिना बित्दासमेत पोस्ट क्लोजिङको सुरुसार छैन। साथै, महानगरले गर्ने भनेको अध्ययन प्रतिवेदनसमेत तयार भएको छैन।

महानगरका अनुसार सिसडोल पोस्ट क्लोजिङबारे रिसर्च सेन्टर फर एप्लाइड साइन्स एन्ड टेक्नोलोजी (रिकास्ट)ले अध्ययन गरिरहेको छ। रिकास्टको अध्ययन प्रतिवेदन यसै महिनाभित्र आउने र सोहीअनुसार काम अगाडि बढाउने महानगरले जनाएको छ। 'सिसडोलमा रिकास्टले अध्ययन गरिरहेको छ। अध्ययन प्रतिवेदन लगभग तयार हुन लागेको जानकारी पाएका छौं। उहाँहरूको अध्ययन प्रतिवेदन प्राप्त भएपछि सोहीअनुसार अगाडि बढ्छौं,' महानगरअन्तर्गत वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठले भने, 'हामी पनि यतिकै बसेका छैनौं। हाम्रो आफ्नै टोलीले पनि सिसडोलबारे अध्ययन गरिरहेको छ। यी सबै अध्ययन प्रतिवेदन प्राप्त भएपछि थप काम गर्छौं।' उनका अनुसार सिसडोलबारे नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)ले यसअघि गरेको अध्ययन प्रतिवेदनसँग दाँज्ने काम पनि हुनेछ। श्रेष्ठका अनुसार पोस्ट क्लोजअन्तर्गत त्यहाँ पार्क बनाउने वा कम्पोस्टिङ गर्नेबारे छलफल भइरहेको छ। त्यसको निर्क्योल हुनेबित्तिकै टेन्डर आह्वान गर्ने र काम अगाडि बढाउनेछौं।

महानगरले आर्थिक वर्ष ०७९/८० को बजेटमा सिसडोल ल्यान्डफिल साइट 'पोस्ट क्लोजर' तथा 'लिच्चड ट्रिटमेन्ट प्लान्ट' तथा पार्क निर्माणका लागि चार करोड रुपैयाँ विनियोजन गरेको थियो। गत वर्ष जेठमा स्थानीयले फोहोर रोकेपछि महानगरले स्थानीय जनप्रतिनिधिको टोलीसँग १८ बुँदे सम्झौता गरेको थियो। सम्झौतापछि फोहोर व्यवस्थापन गर्ने भनेर बजेट व्यवस्थासमेत गरेको थियो। तर, फोहोरमैला व्यवस्थापनमा महानगरले प्राथमिकताका साथ काम नगरेको सरोकारवालाको आरोप छ।



फाइल तस्बिर

● **रविनमान श्रेष्ठ**, प्रमुख, वातावरण विभाग, काठमाडौं महानगरपालिका



सिसडोलमा रिकास्टले अध्ययन गरिरहेको छ। अध्ययन प्रतिवेदन लगभग तयार हुन लागेको जानकारी पाएका छौं। उहाँहरूको अध्ययन प्रतिवेदन प्राप्त भएपछि सोहीअनुसार आगाडि बढ्छौं। हामी पनि यतिकै बसेका छैनौं। हाम्रो आफ्नै टोलीले सिसडोलबारे अध्ययन गरिरहेको छ। सबै अध्ययन प्रतिवेदन प्राप्त भएपछि थप काम गर्छौं।

बन्चरेडाँडा ल्यान्डफिलको अध्ययनमा समेत ढिलाइ

सिसडोलमा रिकास्टको अध्ययन सुरु भएसँगै नयाँ ल्यान्डफिल साइट बन्चरेडाँडामा पनि नास्टले अध्ययन थालेको थियो। तर, नास्टले उक्त अध्ययन प्रतिवेदनसमेत अझै तयार हुन सकेको छैन। नास्टका वरिष्ठ वैज्ञानिक डा. भोजराज पन्तका अनुसार चार महिनाको अध्ययन लगभग सकिएको छ। यही महिनाको अन्त्यसम्म रिपोर्ट सार्वजनिक गर्ने गरी काम गरिरहेका छौं। 'फिल्डको अध्ययन सकेका छौं। ल्याब टेस्टलगायतका केही काम बाँकी छन्। ती काम सकेर यो महिनाको अन्तिमसम्म रिपोर्ट सार्वजनिक गर्न सक्छौं,' डा. पन्तले भने। नास्टले ल्याबको मेसिन बिग्रिएको भन्दै अध्ययन ढिलो भएको जनाएको छ। महानगरका अनुसार बन्चरेडाँडाको अध्ययन प्रतिवेदनपश्चात् त्यस क्षेत्रमा फोहोरको वातावरणीयलगायतको प्रभाग विश्लेषण हुनेछ। १९ महिनादेखि सिसडोलमा व्यवस्थापन हुँदै आएको फोहोर हाल बन्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ। उपत्यकाका १७ स्थानीय तहको दैनिक करिब १० देखि १२ टन फोहोर तीन वर्षका लागि भन्दै १८ वर्षसम्म सिसडोलमा व्यवस्थापन गरिएको थियो।

सहमतिअनुसार महानगरले काम नगरेको स्थानीयको आरोप

महानगरले काम गरिरहेको दाबी गर्दै आए पनि बन्चरेडाँडा संघर्ष समितिले भने सहमतिअनुसार काम नगरेको आरोप लगाएको छ। समितिका संयोजक श्रीराम दुंगानाका अनुसार सहमति पालना गराउन भन्दै स्थानीय सम्बन्धित निकायमा धाउन छाडेका छैनन्। 'सहरी विकास मन्त्रालयले वातावरणीय प्रभाव मूल्यांकन (इआइए)का लागि काम थाल्ने भने पनि अझै सुरु हुन सकेको छैन। यसका लागि मन्त्रालय धाएको धायै छु,' दुंगानाले भने, 'महानगरले गरेको सहमतिमाथि त झन् केही काम भएको छैन।' उनका अनुसार बन्चरेडाँडा जाने गाडीले फोहोर खसाल्न छाडेको छैन। दुर्गन्ध आउन छाडेको छैन। कुहिने र नकुहिने फोहोर छुट्याएर मात्र व्यवस्थापनका लागि लैजाने भने पनि हुन सकेको छैन।

६ महिनाका लागि भनेर सिसडोल ल्यान्डफिल साइटमा उपत्यकाको फोहोर व्यवस्थापन गर्न थालिएको थियो। तर, यहाँ १८ वर्षसम्म फोहोर फालिएको थियो। १८ वर्षसम्म फोहोर फालिएको स्थान नपुरी खुलै छाड्नाले स्थानीयवासी दुर्गन्धको सिकार बनिरहेका छन्। उनीहरूमा विभिन्न प्रकारको दीर्घरोगसमेत देखिएको संघर्ष समितिको भनाइ छ।

■ फूलाइओभर निर्माण सुस्त



ग्वार्कोमा बनिरहेको फूलाइओभर निर्माणस्थल। सरकारले दुई वर्षभित्र उक्त फूलाइओभर निर्माण पूरा गर्ने भने पनि १० महिना भइसक्दा पनि जमिनमाथि कुनै संरचना देखिएको छैन। निर्माण सुरु भएको करिब ६ महिनामा डिजाइन ठीक नभएको भन्दै परिवर्तन गरिएको थियो। उक्त संरचना गत माघदेखि निर्माण सुरु भएको हो। चक्रपथको मुख्य भाग नै बन्द गरी फूलाइओभर निर्माण भइरहेकाले सर्वसाधारणले सास्ती खेप्दै आएका छन्।

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

१५ अर्बको...

◀◀ पृष्ठ १ बाट क्रमशः

संरचना प्रदान गर्दै आएको पिएलजिएसपीले जनाएको छ। संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेर प्रदेश र स्थानीय शासन पद्धतिमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने, लैंगिक समानता र सामाजिक समावेशीकरणका सिद्धान्तलाई विकास कार्यमा मूल प्रवाहीकरणका सिद्धान्तलाई विकास कार्यमा मूल प्रवाहीकरण गर्नेलगायतमा काम गरिरहेको दाबी कार्यक्रमको छ। कार्यक्रमअन्तर्गत अहिले सातै प्रदेशमा सुशासन केन्द्र सञ्चालित छन्।

संघीय निकायबाट प्रदेश तथा स्थानीय तहका लागि २१ वटा नमुना कानुन र २३ वटा नीति निर्देशिका, सातै प्रदेशमा प्रदेश समन्वय परिषद् सञ्चालन निर्देशिका, प्रदेश सरकारबाट दुई सय ६६ वटा ऐन-कानुन, स्थानीय तहसँग समन्वय गरी प्रदेश सरकारबाटै १४ वटा कानुन र सबै प्रदेशमा प्रदेश लोकसेवा आयोगको कानुन निर्माण गरिएको उपलब्धी कार्यक्रमले आफ्नो प्रगतिमा उल्लेख गरेको छ। त्यस्तै, तीन प्रदेश र तीन सय स्थानीय तहले राजस्व सुधार योजना तयार गरेको, दुई प्रदेश र दुई सय ४६ स्थानीय तहले क्षमता विकास योजना तयार गरेको तथा सबै प्रदेश र एक सय ५२ स्थानीय तहले कार्यक्रमको सहयोगमा आवधिक योजना तयार गरिसकेको पनि जनाइएको छ। हालसम्म २१ हजार दुई सय १८ जनप्रतिनिधि, ४८ हजार दुई सय २६ कर्मचारी र दुई हजार दुई सय ३० अन्यसहित ७१ हजार सात सय ६४ जनालाई क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत प्रशिक्षण दिइएको पिएलजिएसपीले जनाएको छ।

न्यून प्रगति हुनुमा विभिन्न कारण जिम्मेवार रहेको कार्यक्रमले औंल्याएको छ। त्यसमा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनमा ढिलाइ हुनु, न्यून वित्तीय प्रगति, प्रादेशिक सुशासन केन्द्रको कानुन निर्माणमा ढिलाइ तथा क्षमता विकासको पूर्वाधार पर्याप्त नहुनु, सुशासन केन्द्र र प्रादेशिक कार्यक्रम कार्यान्वयन इकाइबीच कमजोर समन्वय र नेपाल सरकारको न्यून लागत साझेदारीलगायतलाई चुनौतीका रूपमा पहिचान गरिएको छ।

गत असारसम्मको निर्धारित समयावधि सकिएका कारण कार्यक्रम अहिले संक्रमणको अवस्थामा छ। स्थानीय तह र प्रदेशमा अपनत्व बढाउन कार्यक्रमको पुनर्संरचनाको तयारीका साथै स्थानीय र प्रदेशका सरोकारवालासँग परामर्श भइरहेको राष्ट्रिय कार्यक्रम निर्देशक भूपेन्द्र सापकोटाले बताए।

श्रमका लागि...

◀◀ पृष्ठ १ बाट क्रमशः

युवाहरू कसरी पुगे भन्ने आश्चर्यलाग्दो कुरा हो,' उनले भने। कसरी पुगे भन्ने आश्चर्यलाग्दो कुरा हो,' उनले भने। व्यवसायको सिलसिलामा वा व्यक्तिगत कामका कारण त्यस्ता मुलुक नेपाली युवा पुगेका हुन सक्ने उनको अनुमान छ।

वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी नेपाली श्रमिकका लागि कोरिया, जापान, साइप्रस, रोमानिया, इजरायल, क्रोसिया, क्यानडा, अमेरिकालगायत मुलुक उपयुक्त भएको बताउँछन्। यी मुलुकमा श्रम कानुन पनि राम्रो छ र आप्रवासी कामदारलाई गर्ने भुक्तानी पनि राम्रो छ। निर्माण र कृषि क्षेत्रमा यि देशले आप्रवासी लैजाने गरेका छन्। तर, नेपाल सरकारले यि देशसँग श्रम सम्झौता गरेको छैन।

श्रम सम्झौता गरिएका मुलुकमध्ये कतार र मलेसियामा पनि नेपाली श्रमिकका लागि राम्रो छ। पछिल्लो समय कतार सरकारले आप्रवासी श्रमिकका लागि उद्धार नीति अपनाएको छ। त्यस्तै, मलेसियामा धेरै बहुराष्ट्रिय कम्पनीहरू छन्। त्यसैले यहाँको भुक्तानी राम्रो भएको अध्यक्ष भण्डारीले बताए। दक्ष श्रमिकका लागि मलेसियासँगै खाडीका सबै मुलुक राम्रो रहेको उनले बताए। 'यी मुलुकले श्रमिकलाई कम भुक्तानी गरे पनि दक्ष आप्रवासी श्रमिकको लागि भने धेरै राम्रो सेवा सुविधा र पारिश्रमिक दिने गरेका छन्,' उनले भने।

६५ प्रतिशत नेपाली युवा खाडी र मलेसियामा

वैदेशिक रोजगारीमा गएका नेपाली युवामध्ये ६५ प्रतिशत युवा खाडीका विभिन्न मुलुक र मलेसियामा गएका छन्। वैदेशिक रोजगार विभागको विगत १० वर्षको तथ्यांकअनुसार खाडी र मलेसियामा मात्रै ३५ लाख २३ हजार दुई सय ४९ नेपाली युवा गए। सो अवधिमा ५४ लाख ९२ हजार चार सय चार नेपाली युवा रोजगारीका लागि बिदेसिएका छन्।

खाडीमध्ये कतारमा सबैभन्दा धेरै श्रमिक पुगेको देखिन्छ। विभागको तथ्यांकअनुसार १० वर्षको अवधिमा श्रम स्वीकृति लिएर नौ लाख ४१ हजार आठ सय ९७ श्रमिक कतार पुगेका छन्। त्यस्तै, सात लाख ७९ हजार आठ सय ९८ नेपाली युवा श्रमिक साउदी अरेबिया पुगेका छन्। सोही अवधिमा युनाइटेड अरब इमिरेट्स जानेको संख्या भने पाँच लाख ७५ हजार दुई सय चार छ। एक लाख ४९ हजार ६ सय २४ जना कुवेत पुगेका छन्। ४६ हजार आठ सय ५८ जना ओमान पुगेको तथ्यांकले देखाएको छ। त्यस्तै, नौ लाख ९९ हजार ६ सय ८२ जना नेपाली युवा रोजगारीकै लागि मलेसिया पुगेको तथ्यांक छ।

यो संख्या भनेको विभागबाट श्रम स्वीकृति लिएर जानेको संख्या हो। विभागबाट स्वीकृति नलिईकन अनौपचारिक माध्यमबाट जानेको संख्या भने योभन्दा धेरै रहेको प्रवासी नेपाली समन्वय समितिका अध्यक्ष कुलप्रसाद कार्कीले बताए। 'अहिले रोजगारीकै लागि युरोप जाने युवा उत्तिकै छन्। तर, युरोप जाने अधिकांश नेपाली युवा अवैधानिक माध्यमबाट जान्छन्, जसको कुनै तथ्यांक नै छैन,' उनले भने, 'यसैगरी खाडी र मलेसिया अवैधानिक रूपमा जाने पनि छन्।'

खाडी र मलेसिया नेपाली युवाको मुख्य श्रम गन्तव्यका रूपमा मानिन्छ। यसका साथै कोरिया र इजरायलमा भने सरकारले आफैंले नेपाली युवा श्रमिक पठाउने गरेको छ। इपिएसका माध्यमबाट कोरिया र केयर गिभरका लागि सरकारले आफूले इजरायल पठाउँदै आएको छ।

तर, पछिल्लो समयमा खाडी र मलेसियाबाट रोजगारी युरोपतर्फ मोडिएको छ। युरोपियन मुलुकले पनि आप्रवासी कामदारको माग गर्न थालेपछि नेपाली युवाको श्रम गन्तव्य मोडिएको हो। तर, युरोप जाने अधिकांश युवा भने अवैधानिक प्रक्रियामार्फत जाने गरेका छन्।

विभागको तथ्यांकअनुसार विगत पाँच वर्षमा १२ हजार दुई सय ९६ युवा साइप्रस पुगे। आठ हजार दुई सय ४९ पोल्यान्ड, २४ हजार ६ सय ३६ रोमानिया, चार हजार तीन सय नौ टर्की, १० हजार तीन सय ५२ माल्टा, दुई सय ४८ जर्मनी र एक हजार नौ सय ५२ नेपालीले पोर्चुगल जानका लागि विभागबाट श्रम स्वीकृति लिएका छन्।

जोखिम मोलेर द्वन्द्वग्रस्त मुलुक समेत पुग्छन नेपाली

रोजगारीका लागि नेपाली श्रमिकहरू अफ्रिकाका विभिन्न मुलुकसमेत पुग्ने गरेका छन्। लामो समयदेखि अफ्रिकामा व्यवसाय गर्दै आएका रामप्रसाद पाध्यायकाअनुसार सुडान, कंगो, लिबिया, नैरोबी, तान्जानिया, रुवान्डा, युगाण्डालगायत मुलुकका बैंक, सेक्युरिटी, रेस्टुरेन्टलगायत क्षेत्रमा पनि नेपाली श्रमिक रहेका छन्। नेपाली महिला श्रमिक अवैध बाटो हुँदै अफ्रिकी देशहरू पुग्ने गरेको उनले बताए। उनीहरूलाई डान्सबार तथा रेस्टुरेन्टमा काममा लगाइने गरिएको पाध्यायले बताए। 'अफ्रिका आफैमा द्वन्द्वग्रस्त हो। त्यसैले यहाँ श्रमिकको अभाव छ। त्यसैले दक्ष नेपाली श्रमिक मात्रै यहाँ आउँछन्,' उनले भने। कतिपय नेपालीले अफ्रिकामा नै व्यवसाय गर्ने गरेको उनले बताए।

सरकारले नेपाली श्रमिकलाई इराक जान बन्देज लगाएको छ। तर, अवैधानिक बाटो हुँदै इराक पुगेका नेपाली श्रमिकको संख्या पनि धेरै छ। इराकमा अहिले करिब २० हजार नेपाली रहेको गैरआवासीय नेपाली संघ इराकका अध्यक्ष विनोद श्रेष्ठले बताए। जसमध्ये ७५ प्रतिशत इराकको कुर्दिस्तान राज्यमा छन्। घरेलु कामदारदेखि व्यवस्थापकीय तहसम्मको काममा नेपाली कामदार रहेको उनले बताए।

दश वर्षकै उच्च, गत वर्ष पौने आठ लाख गए विदेश

१० वर्ष अवधिमा गत आर्थिक वर्ष ०७९/८० मा सबैभन्दा बढी नेपाली युवा वैदेशिक रोजगारीमा गए। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आवमा सात लाख ७१ हजार तीन सय २७ जना नेपाली युवा बिदेसिएका हुन्।

विभागको तथ्यांकअनुसार गत आवमा मात्रै दुई लाख ५९ हजार पाँच सय ९४ ले श्रम स्वीकृति लिएर मलेसिया गए। त्यस्तै, एक लाख ३३ हजार दुई सय ६२ कतार गए। एक लाख १२ हजार सात सय ७७ जना साउदी अरब गए भने एक लाख १६ हजार एक सय ५९ जना युएई पुगे। ३१ हजार चार सय १० कुवेत, सात हजार ६ सय ९० बहराइन र पाँच हजार दुई सय ९४ जनाले ओमानका लागि श्रम स्वीकृति लिएको तथ्यांक छ।

आव ०७०/७१ मा पाँच लाख १९ हजार ६ सय ३८ जना नेपाली युवा रोजगारीका लागि बिदेसिएको तथ्यांक छ। तत्पश्चात् वैदेशिक रोजगारीमा जानेको संख्या क्रमिक रूपमा घटेको तथ्यांक छ। विगत आठ वर्षको प्रयासपछि ०७२ साल असोज ५ मा सरकारले संविधान जारी गऱ्यो। यद्यपि, सोही वर्ष महाभूकम्प गयो र भारतले नाकाबन्दी पनि लगायो। यसका बाबजुद पनि वैदेशिक रोजगारीमा जानेको संख्या भने घटेको देखिन्छ। त्यस्तै, ०७४ सालमा निर्वाचन भयो, स्थायी सरकार बन्यो। स्थायी सरकार बन्ने भएपछि वैदेशिक रोजगारीमा युवाको आकर्षण घटेको देखिन्छ। योसँगै ०७६ सालमा सुरु भएको कोभिड महामारीका कारण सरकारले श्रम स्वीकृति नै बन्द गरिदियो। तर, कोभिडको प्रभाव कम हुँदै गएपछि बिस्तारै बिदेसिनेको संख्या पनि बढ्दै गयो।

Government of Sudur Pashchim Province
Ministry of Social Development
Province Health Logistic Management Center
Dhangadhi, Kailali Nepal

Invitation for Electronic Bid

Date of publication: ***2080/08/24 (Dec 10, 2023)***

1. *The* ***Province Health Logistic Management Center Dhangadhi-05, Kailali*** *invites* ***electronic*** *bids from eligible bidders as below; under National competitive bidding –* ***Single Stage Two Envelope procedures*** *specified in public procurement Act & Regulations as:*

IFB no:-	*Description of Goods:*	*Bid Security*	*Bid Security Validity*
PHLMCSP/G/ NCB-06/2080-081	*Procurement Supply & Delivery of IMNCI Program Medicines.*	*Nrs.1,90,000/-*	*2081/01/27 (May09,2024)*

2. *Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp. For more Information: Telephone +977-091-524982, email: phlmcsp@gmail.com*

Acting Director

भर्ना ३०३...

◀◀ पृष्ठ १ बाट क्रमशः

बस्नुपर्ने भएकाले धेरैजसो नआउने गरेको शिक्षकहरूको भनाइ छ।

नयाँ पत्रिका टोली विद्यालय पुग्दा बालकक्षा र कक्षा १ एउटै कक्षाकोठामा सञ्चालनमा रहेको पाइयो। जसमध्ये कक्षा १ मा १०, कक्षा २ मा पाँच, कक्षा ३ मा पाँच, कक्षा ४ मा सात र कक्षा ५ मा तीन गरी ३० जना बालबालिका मात्र भेटिए। बालबालिका न्यून हुने हुँदा शिक्षकहरू समयअगाडि नै विद्यालय बन्द गरेर घर जाने गरेका छन्।

सो विद्यालयमा भर्ना भएका अधिकांश विद्यार्थी दलित समुदायका छन्। तीन सय तीनमध्ये एक सय ४० जना बालबालिका पासमान, महरा र दास थरका छन्। विद्यालयका प्रधानाध्यापक प्रदीप यादवले दलित समुदायका बालबालिका विद्यालय कम आउने गरेको भन्दै पन्छिए। 'गाउँमा भोज छ, त्यही भएर बालबालिका आएनन्,' उनले भने, 'अरू दिन पनि दलित समुदायको बालबालिका विद्यालय कम आउँछन्।'

कहिले धान काट्न खेताला बस्नुपर्ने बहाना, कहिले गाउँमा पूजा, मेला त कहिले भोजभतेरको बहानामा बालबालिका कम आउने गरेको भन्दै यादवले यसमा अभिभावक नै दोषी रहेको बताए। उनी २० वर्षदेखि सोही विद्यालयमा शिक्षण पेसामा छन्। पाँचजना दरबन्दी रहेको विद्यालयमा दरबन्दीअनुसारको शिक्षक पदपूर्ति भए पनि पठनपाठनमा लापरबाही भइरहेको छ। विद्यालयमा यादव २० वर्षदेखि, शिक्षक मो. असफाक २३ वर्षदेखि, शिक्षक श्यामकुमार महरा नौ वर्षदेखि, शिक्षक हरिनारायण यादव ६ वर्षदेखि, शिक्षक उर्मिला यादव १५ वर्षदेखि कार्यरत छन्।

विद्यालयमा शिक्षक दरबन्दीअनुसार नै भए पनि पठनपाठनमा गुणात्मक सुधार ल्याउन नसकिएको यादवले स्वीकार गरे। '२० वर्षदेखि यहीं छु। गुणात्मक सुधार ल्याउन सकिएन्,' उनले भने, 'अभिभावकवाट पनि पूर्ण सहयोग नहुँदा शैक्षिक सुधारमा असर गरेको छ।' विद्यालयमा बालमैत्री पठनपाठन गर्ने सामग्रीको अभावसँगै अतिरिक्त क्रियाकलाप पनि कमै मात्र हुँदै आएको स्थानीय आशा पासमानले बताइन्। शिक्षकहरू भए पनि पठनपाठन राम्रोसँग नहुँदा बालबालिका अन्यत्र पढ्न जान बाध्य भएको उनको भनाइ छ।

प्रधानाध्यापक यादवले पठनपाठनको गुणात्मक सुधारमा स्थानीय सरकारबाट सहयोग नभएको गुनासो गरे। 'दलित बालबालिका नै बढी भएकाले होला पालिकाले पनि त्यति धेरै वास्ता गरेको छैन,' उनले भने, 'लिखित रूपमा फर्निचर, बालबालिकालाई पोसाक, बाउन्ड्रीवाल, पंखा जडान गर्न आग्रह गरेको छु। केही दिएको छैन।' विद्यालयमा नयाँ पक्की भवन निर्माण भइसकेको छ। ३५ लाखको लागतमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत दुई आर्थिक वर्षमा गरी दुईतले दुई-दुई कोठाको पक्की भवन निर्माण भइरहेको छ। भवनको रंगरोगन र फिनिसिङको काम मात्र बाँकी छ। दातृ संस्थाले उपलब्ध गराएको एउटा टेलिभिजन बालबालिकालाई दिइएको छ। बालकक्षा र कक्षा १ का बालबालिका संयुक्त रूपमा पढ्ने कक्षाकोठामा टेलिभिजन जडान गरे पनि अहिले चल्दैन। टेलिभिजन नै बिग्रिएकाले चकडस्टरबाटै पठनपाठन गराउनुपरेको शिक्षक श्यामकुमार महराले बताए।

बालमैत्री विद्यालय लागू भएपछि सेभ द चिल्ड्रेनको सहयोगमा तत्कालीन जिल्ला शिक्षा कार्यालय सिराहाले बालबालिकालाई पढ्न फर्निचर, शैक्षिक सामग्री र भुइँमा ओछ्याउन चकटी प्रदान गरेका थिए। अहिले चकटी च्यातिएर थोत्रो भइसकेको छ भने अन्य शैक्षिक सामग्रीको उपयोग नै भइरहेको छैन। विद्यालयले व्यवस्थापन समिति गठन गर्न गत वर्ष ०७९ पुसमा अभिभावक भेला राखेको थियो। भेलाबाट चारजना सर्वसम्मत रूपमा चयन भए। रामअधिन पासमान, लक्षणा महरा, रेणु पासमानलगायत चयन भए। समिति चयन भए पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा विवाद भएपछि एक वर्षदेखि समितिले पूर्णता पाउन सकेको छैन।

कानुन निर्माणमा प्रदेशहरूको कछुवा गति

सत्ता राजनीतिको खेलमैदान हुँदा प्रदेश सभाहरूबाट संघीयता कार्यान्वयनका लागि अत्यावश्यक कानुनसमेत बन्न सकेनन्



■ **काशीराज दाहाल**, विषयविज्ञ
प्रदेश सभाहरूको समीक्षात्मक प्रतिवेदन कार्यदल

पूर्वाधार अभाव, विज्ञ र अनुभवी जनशक्तिको कमीले प्रदेशको आवश्यकताअनुसार बनाउनुपर्ने कानुनहरूलाई प्राथमिकीकरण गर्न सकेको देखिएन। संघीय प्रणालीमा प्रादेशिक कानुन आवश्यक पर्नेमा संघले जे-जे कानुन बनायो, त्यही किसिमका कानुनहरू निर्माण गरेको देखियो। अर्को, कानुन धेरै बनाउनुपर्छ भन्ने होडबाजीले कतिपय कानुन नै बनाउन नहुने कानुन पनि बनेको पाइयो। जुन लागू नै भएनन्।

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान जारी भएपछि कार्यान्वयनमा आएको प्रदेश सभा कानुन निर्माणमा कमजोर पाइएको छ। संसदीय अध्ययनमा प्रदेश सभाहरूले आवश्यक कानुन बनाउन सकेका छैनन्।

पहिलो र दोस्रो कार्यकालमा प्रदेश सभाहरूको विधायिकी कार्य सन्तोषजनक छैन। सत्ता राजनीतिको खेलमैदान हुँदा प्रदेश सभाहरूबाट संघीय कार्यान्वयनका लागि अत्यावश्यक कानुनहरूसमेत बन्न नसकेको अध्ययनले देखाएको छ। तर, सरकार गठन विघटनमा प्रदेश सभाहरू अगाडि देखिए। केन्द्रको समीकरणबाट प्रत्यक्ष प्रभावित भइरहेका प्रदेशहरूमा मन्त्रिपरिषद्ले लामो समयसम्म पूर्णता नपाउने समस्या पनि देखिएको छ। समीकरण फेरिएसँगै मुख्यमन्त्री, प्रदेश प्रमुख र प्रदेश सभामुख पनि फेरिने गरेका छन्। प्रदेशहरूमा मन्त्रिपरिषद् हेरफेर भैरहे।

प्रगति विवरण हेर्दा दोस्रो कार्यकालको सुरुवाती १० महिनामा प्रदेश सभाहरूले विधायिकी कार्य सन्तोषजनक गरेका छैनन्। ४ मंसिर ०७९ को चुनावअघि सम्पन्न पाँचवर्षे पहिलो कार्यकालमा प्रदेश सभाहरूले आवश्यक कानुन बनाउन नसकेको संसदीय अध्ययनमा पाइएको छ। संविधान निर्माणको दुई वर्षमा गठन भएका सातवटा प्रदेश सभाहरूको पहिलो अधिवेशन ०७४ माघबाट सुरु भएको थियो। दोस्रो कार्यकालको सुरुवाती समय पनि कानुन निर्माणको सवालमा सुस्त छ। तर, यहीबीचमा प्रदेश सभालाई सत्ता दाउपेचको थलो बनाइएको छ, सरकार गठन विघटनको खेल जारी रह्यो।

संघीय संसद् सचिवालयको 'संघीय संसद् तथा प्रदेश सभाहरूको समीक्षात्मक प्रतिवेदन'अनुसार ५ वर्षको अवधिमा ७ वटै प्रदेश सभाबाट करिब ३५० ऐन जारी भएका छन्। कोशी ६२, मधेश ५५, बागमती ७०, गण्डकी ५९, लुम्बिनी ७२, कर्णाली ५३ र सुदूरपश्चिम प्रदेशले ६७ वटा ऐन बनाएको छ। प्रदेशले बनाएका ऐन कानुनमा कतिपय संघीय सरकारले बनाएका कानुनको छायाँकपीजस्तो र केही प्राथमिकतामा नभई असान्दर्भिक देखिएका छन्। साथै, बनाएका कतिपय ऐन कार्यान्वयनमै आएको छैन।

अध्ययनअनुसार प्रदेश सभाहरूले संघीयताको मर्मअनुरूप ऐन निर्माणको प्राथमिकीकरण गर्न नसकेकोजस्तो देखिएको छ। निजी विधेयक पेस गर्ने अधिकार प्रदेश सभा सदस्यलाई भए पनि त्यसतर्फ सक्रियतापूर्वक पहल भएको देखिँदैन।

प्रदेश सभा सचिवालयहरूका अनुसार ४ मंसिरको निर्वाचनपछि सुरु भएको दोस्रो कार्यकालको पछिल्लो १० महिनामा विधायिकी कार्यले गति लिएको देखिँदैन। कोशी र मधेशले एउटा पनि कानुन बनाएको छैन। बागमती ४, गण्डकी २, लुम्बिनी ३, कर्णाली ३ र सुदूरपश्चिमले ४ वटा कानुन बनाएको छ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको 'संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन'अनुसार प्रदेश सभाहरूले संविधानअनुसार मात्रै २४ वटा कानुन बनाउनुपर्छ। तीमध्ये प्रदेश कानुनबमोजिम प्रदेशस्तरमा राष्ट्रभाषा तोक्ने विषय, स्थानीयस्तरमा न्यायिक निकाय स्थापना गर्ने विषय, प्रदेशमा प्रशासन सञ्चालनका लागि सरकारी सेवाको गठन र सञ्चालनजस्ता विषयहरू तुलनात्मक रूपमा बढी महत्त्वपूर्ण प्रकृतिका र संघबाटै मापदण्ड तयार गरिनुपर्ने प्रकृतिका छन्। तर, यी कानुन उल्लेख्य मात्रामा बन्न सकेका छैनन्। कतिपय कानुन संघसँग अन्तरसम्बन्धित भएको र संघले नै नबनाएकाले प्रदेश सभाले अगाडि बढाउन सकेका छैनन्।

संघीय संसद्ले नै संघीयता कार्यान्वयनका विषयसँग सम्बन्धित कानुनहरू संविधान जारी भएको ८ वर्ष पूरा भइसक्दा पनि बनाएको छैन। संघीयता कार्यान्वयनका लागि तीनवटै तहमा जनशक्तिको व्यवस्था गर्नुपर्ने विषयसँग सम्बन्धित संघीय निजामती सेवा ऐन र सरकारी सेवा सञ्चालनसम्बन्धी कानुनहरू जारी भएका छैनन्। संघीय निजामती सेवा कानुन जारी हुन नसकेका कारण सरकारी सेवाको गठन एवं सञ्चालनसँग जोडिएका संघीय न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका सर्तसम्बन्धी विषय, प्रदेश न्याय सेवा आयोगको गठन र प्रदेश न्याय सेवाका कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका सर्तसम्बन्धी विषय, सरकारी वकिल तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका सर्तसम्बन्धी विषयमा कानुन बन्न सकेका छैनन्।

त्यसैगरी, प्रदेश सभा सचिवालयको स्थापना तथा अन्य व्यवस्था, प्रदेश सरकारी सेवाको गठन सम्बन्धमा बन्ने प्रदेश कानुन बनाउँदा र स्थानीय सेवाको गठनसम्बन्धी कानुन निर्माण गर्दासमेत संघीय निजामती ऐनलाई आधार मान्न सकिने अवस्था देखिए तापनि संघमा एउटा कानुन बनेका कारण आधा दर्जनभन्दा बढी कानुनको निर्माण कार्य प्रभावित भएको प्रतिवेदनको निष्कर्ष छ।

यसैगरी, संघमा शिक्षासम्बन्धी कानुन नबनेका कारण प्रदेश र स्थानीयस्तरमा समेत त्यससँग सम्बन्धित कानुनहरू बन्न सकेका छैनन्। संघीयता कार्यान्वयनको मूल आधारका रूपमा रहेका निजामती, शिक्षा, प्रहरीजस्ता कानुनहरू पुरानै संरचनामा तयार गरिएका र २०७२ मा संविधान जारी भएपश्चात् शाब्दिक परिवर्तन गरिए तापनि त्यस्ता कानुनको अन्तर्वस्तु संविधानको मर्मअनुकूल नहुँदा प्रदेशलाई पनि समस्या परिरहेको प्रतिवेदनले देखाएको छ। संघसँग अन्तर सम्बन्धितबाहेक प्रदेश सभाले संघीयता कार्यान्वयनसम्बन्धी केही कानुन बनाएका छन्। प्रदेश सभाहरूको समीक्षात्मक प्रतिवेदनअनुसार कोशीले संघीयतालाई प्रत्यक्ष कार्यान्वयन गर्ने १२, मधेशले १०, बागमतीले २९, गण्डकी, लुम्बिनीले ३, कर्णाली र सुदूरपश्चिमले कानुन बनाएको थियो।

'संविधानले तोकेका साझा अधिकारका कतिपय विषयमा समयमै संघीय संसद्ले कानुन बनाउन नसक्दा प्रदेश र स्थानीय तहले समग्रमा साझा अधिकारको विषय कार्यान्वयन गर्न सकिरहेको अवस्था छैन। साझा अधिकारको विषयमा संघले कानुन बनाउन ढिला गरेको अवस्थामा प्रदेश र स्थानीय तहले आवश्यक कानुन बनाउन सक्ने सिद्धान्तलाई संघीय संसद्ले संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले स्वीकार गरेको भए पनि व्यवहारमा यसलाई अझ पनि सबै प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्न सक्रिय भएको अवस्था छैन,' प्रतिवेदनमा छ।

प्रदेशमा कर लगाउने विषय, प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने कुराको निर्धारणसम्बन्धी विषय, प्रदेश आकस्मिक कोषको स्थापनासम्बन्धी विषय, विनियोजित रकम रकमान्तर गर्ने र आर्थिक कार्यविधिसम्बन्धी विषय, जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्थासम्बन्धी विषय, स्थानीय तहले कानुन बनाउने प्रक्रियासम्बन्धी विषय प्रदेशस्तरमै बन्ने कानुन हुन्। प्रदेश सभा सञ्चालनसम्बन्धी कानुन बने पनि अधिकार बाँडफाँटसम्बन्धी कानुन बन्न नसकेको संविधानविद् एवं प्रदेश सभाहरूको समीक्षात्मक प्रतिवेदन कार्यदलका विषयविज्ञ काशीराज दाहाल बताउँछन्।

प्रतिवेदनले औंल्याएअनुसार संविधानको मर्म र व्यवस्थाअनुरूप संघीयताको सन्दर्भमा अझै पनि समाधान हुन नसकेका विषयहरूले कानुन निर्माणमा चुनौती थपेको छ। यसमा प्रदेशमा प्रहरी समायोजनको विषय, ढुंगा गिटी, बालुवालगायत प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्कको बाँडफाँटको विषय, करसँग सम्बन्धित केही विषयहरू, प्रदेश र स्थानीय तहले भौतिक संरचनाहरू निर्माण गर्न आवश्यक पर्ने जग्गाको उपलब्धताको विषय, जनशक्तिको व्यवस्थापन, वन व्यवस्थापन, भू-उपयोग र गुठी व्यवस्थापनसम्बन्धी विषयहरू छन्। लुम्बिनी प्रदेश सभाका पूर्वसभामुख एवं हाल संघीय सांसद पूर्णबहादुर घर्ती दोस्रो कार्यकालमा प्रदेश सभाहरूमा अपेक्षाकृत कानुन बन्न नसकेको बताउँछन्। उनी प्रशासनिक संघीयता नहुँदा समस्या रहेको बताउँछन्।



दोस्रो कार्यकालमा कानुन निर्माणको अवस्था

कोशी : ४ मंसिरको निर्वाचनपछि आएको कोशी प्रदेश सभाले एउटा पनि कानुन बनाएको छैन। ९४ सदस्यीय प्रदेश सभाको १० महिने अवधिमा दुइटा विधेयक पेस भएकोमा छलफलकै चरणमा छन्। समितिहरू गठन हुन सकेका छैनन्। दोस्रो कार्यकालमा सत्ता दाउपेचको मैदान बनेको प्रदेश सभाले पहिलो कार्यकालमा ६२ कानुन बनाएको थियो। जसमा संघीयतालाई प्रत्यक्ष कार्यान्वयन गर्ने १२ वटा छन्।

मधेश : दोस्रो कार्यकालको १० महिनामा मधेश प्रदेश सभामा ५ वटा विधेयक दर्ता भएका छन्। तर, एउटै पनि प्रमाणीकरण भएर कानुन बन्न सकेको छैन। १०७ सदस्यीय सभाबाट एउटा विधेयक पनि पारित भएको छैन। तीनवटा विधेयक सभामा प्रस्तुत भएर सामान्य छलफलको चरणमा छन् भने दुइटा विधेयक दर्ता भएको पाँच महिनामा पनि सभामा प्रस्तुत हुन सकेको छैन। पहिलो कार्यकालमा ५५ कानुन बनाएकोमा १० वटा प्रत्यक्ष संघीयता कार्यान्वयन गर्नेसम्बन्धी छन्।

बागमती : कानुन निर्माणमा बागमती प्रदेश सभा अगाडि देखिएको छ। ११० सदस्यीय सभाले दोस्रो कार्यकालमा बजेटसहित १४ विधेयक दर्ता भएकोमा चारवटा कानुन बनाएको छ। जसमा दुइटा बजेटसम्बन्धी विधेयक प्रमाणीकरण भएका छन्। ६ वटा विधेयक सदनबाट पारित भइसकेको छ। चारवटा विचाराधीन छन्। बागमतीले पहिलो कार्यकालमा ७० कानुन बनाएकोमा संघीयता कार्यान्वयन गर्ने २९ वटा छन्।

गण्डकी : ६० सदस्यीय गण्डकी प्रदेश सभामा बजेटसहित ७ वटा विधेयक दर्ता भएकामा दुइटा प्रमाणीकरण भई कानुन बनेको छ। पहिलो कार्यकालमा ५९ वटा कानुन बनाएको थियो।

लुम्बिनी : ८७ सदस्यीय लुम्बिनी प्रदेश सभाले सात विधेयक दर्ता भएकामा बजेटसहित तीनवटा कानुन बनाएको छ। पहिलो कार्यकालमा ७२ कानुन बनाएको थियो, जसमा संघीयता कार्यान्वयनसम्बन्धी ३ वटा छन्।

कर्णाली : ४० सदस्यीय कर्णाली प्रदेश सभामा ७ विधेयक दर्ता भएकोमा तीनवटा कानुन बनेका छन्। पहिलो कार्यकालमा कर्णालीले ५३ कानुन बनाएको थियो।

सुदूरपश्चिम : ५३ सदस्यीय सुदूरपश्चिम प्रदेश सभामा बजेटसहित चार विधेयक दर्ता भएकामा चारवटै पारित भएर कानुन बनेको छ। अहिले नयाँ विधेयक दर्ता भएको छैन। पहिलो कार्यकालमा सुदूरपश्चिमले ६७ कानुन बनाएको थियो।

■ ३९ वर्षमा सार्क बडापत्र
सार्क प्रक्रिया ठप्प

पर्शुराम काफ्ले/नयाँ पत्रिका

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) घोषणापत्रको ३९औँ वर्षमा सदस्य देशका शीर्ष नेताहरूले सार्क आवश्यक रहेको सन्देश दिए पनि उनीहरूले नौ वर्षदेखि ठप्प सार्क प्रक्रिया सुचारु गर्ने प्रतिबद्धता भने जनाउन सकेका छैनन्। भारत र पाकिस्तानबीचको तनावका कारण सुस्तप्रायः सार्क प्रक्रिया तालिवान समूहले अफगानिस्तानको सत्ता लिएपछि ठप्प छ। नेपालको कूटनीतिक जोडबलमा सार्कले यसपालि महासचिवको निरन्तरता पाउनेबाहेक थप उपलब्धि भएको छैन।

२३ मंसिर ०४२ मा (८ डिसेम्बर १९८५) मा बंगलादेशको ढाकामा आयोजित सार्कको पहिलो शिखर सम्मेलनले सार्क बडापत्र जारी गरेको थियो। बडापत्रमा नेपालका तत्कालीन राजा वीरेन्द्र शाह, भारतका प्रधानमन्त्री राजीव गान्धी, बंगलादेशका राष्ट्रपति हुसेन मुहम्मद एरसद, भुटानका राजा जिग्मे सिग्मे वान्चुक, मालदिभ्सका राष्ट्रपति मौमुन अब्दुल गयुम, पाकिस्तानका राष्ट्रपति जिया उल हक, श्रीलंकाका राष्ट्रपति जुनियुस रिचार्ड जयवर्दनेले हस्ताक्षर गरेका थिए। त्यसयताको ३९ वर्षमा सार्कको १८ शिखर सम्मेलन सम्पन्न भएका छन्। भारत र पाकिस्तानको तनावका कारण नौ वर्षदेखि १९औँ शिखर सम्मेलन रोकिएको छ।

नेपाल सार्कको अध्यक्ष हो र काठमाडौंमा सचिवालय रहेको छ। नेपालको कूटनीतिक प्रयासमा बंगलादेशका कूटनीतिज्ञ गोलाम सरवर सार्क महासचिव नियुक्त भएका छन्। नौ वर्षमा सार्कको प्रगति भनेको यही हो। 'यसपालि वर्णानुक्रमअनुसार अफगानिस्तानलाई महासचिव दिनुपर्ने थियो। तर, त्यहाँको शासनलाई सार्क सदस्य मुलुकले मान्यता नदिएका कारण सार्कमा महासचिव नै नियुक्त नहुने अवस्था थियो। यसमा परराष्ट्रसचिव भरतराज पौड्यालको निरन्तर कूटनीतिक प्रयासमा बंगलादेशबाट महासचिवको नियुक्ति गराउन हामी सफल भएका छौं,' उच्च कूटनीतिक स्रोतले नयाँ पत्रिकासँग भन्यो।

■ सन्देशमा पनि भारत र पाकिस्तानबीच घोचपेच

सार्क घोषणापत्रको ३९औँ वर्षमा शीर्ष नेताहरूले सन्देश जारी गर्दै सार्कलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन्। सन्देशमा भारत र पाकिस्तानका प्रधानमन्त्रीको सन्देशमा आपसी घोचपेच उल्लेख छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सार्कको प्रभावकारिताका लागि उपयुक्त शान्तिपूर्ण वातावरण बन्नुपर्नेमा जोड दिएका छन्। पाकिस्तानका प्रधानमन्त्रीले भने सार्वभौमसत्ता अखण्डताको सम्मान हुनुपर्नेमा जोड दिएका छन्।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरिबी, कुपोषणलगायत पुराना मौजुदा चुनौती यो क्षेत्रमा रहेको चर्चा गर्दै थप निकट सहयोगको आवश्यकता बढेको बताएका छन्। जलवायु परिवर्तन, साइबर सुरक्षा, प्राकृतिक विपत्तिजस्ता नयाँ चुनौतीको सामना गर्न परिणाममुखी सहकार्यमा जोड दिएका छन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले दक्षिण एसियाका जनताको हितमा सहकार्य गर्न शान्ति र सुरक्षाको उपयुक्त वातावरणमा जोड दिएका छन्। उनले भनेका छन्, 'सार्कको उद्देश्यअनुसार दक्षिण एसियाका जनताको लाभका लागि सहकार्य गर्न केवल शान्ति र सुरक्षाको वातावरणमा मात्रै सम्भव छ। यो उद्देश्यलाई साकार बनाउन भारत प्रतिबद्ध छ।'

पाकिस्तानका प्रधानमन्त्री अनवाल उल हक काकरले क्षेत्रीय सहयोगको शक्ति र क्षमताप्रति पाकिस्तानको पूर्ण विश्वास रहेको बताएका छन्। 'सार्क बडापत्रमा उल्लेखित सार्वभौमसत्ता र पारस्परिक सम्मानको सिद्धान्तको पालना गर्ने अवस्थामा मात्र परिणाममुखी क्षेत्रीय सहकार्य र सहयोगको सम्भावना हुन सक्छ।'

बंगलादेशका प्रधानमन्त्री सेख हसिनाले यो क्षेत्रका जनताको



अध्यक्षका रूपमा नेपालले सार्क बडापत्रमा निहित सामञ्जस्यको भावनाअनुसार सार्क प्रक्रियालाई सक्रिय, जीवन्त, प्रभावकारी र परिणाममुखी हुने गरी भूमिका निर्वाह गर्नेछ : **प्रधानमन्त्री प्रचण्ड**



सार्कको उद्देश्यअनुसार दक्षिण एसियाका जनताको लाभका लागि सहकार्य गर्न केवल शान्ति र सुरक्षाको वातावरणमा मात्रै सम्भव छ। यो उद्देश्यलाई साकार बनाउन भारत प्रतिबद्ध छ : **भारतीय प्रधानमन्त्री मोदी**



सार्क बडापत्रमा उल्लेखित सार्वभौमसत्ता र पारस्परिक सम्मानको सिद्धान्तको पालना गर्ने अवस्थामा मात्र परिणाममुखी क्षेत्रीय सहकार्य र सहयोगको सम्भावना हुन सक्छ : **पाकिस्तानी प्रधानमन्त्री काकर**



हाम्रो सामूहिक प्रयासले घनीभूत सहकार्यका लागि सदस्य मुलुकहरूलाई निकट ल्याउनेछ जसबाट सार्क प्रभावकारी र परिणाममुखी क्षेत्रीय संगठन हुनेछ : **बंगलादेशका प्रधानमन्त्री हसिना**



सामूहिक प्रयासका माध्यमबाट सार्क क्षेत्रमा सम्भावना र उपलब्ध अवसरलाई सक्दो उपयोग गर्नुपर्नेछ : **श्रीलंकाली राष्ट्रपति रणिल विक्रमासिंघे**



अन्तरनिर्भर एवं समृद्ध दक्षिण एसियाका लागि सार्क घोषणापत्रप्रति सबैले प्रतिबद्धता जनाउनुपर्ने समय आएको छ : **माल्दिभ्सका राष्ट्रपति मोहमद मुइज**



यो क्षेत्रको साझा समृद्धि र शान्ति पनि आपसी सहकार्यमा निहित छ : **भुटान सरकारका प्रमुख सल्लाहकार चोग्याल दागो रिन्जिन**

सामाजिक आर्थिक विकासका लागि सार्कको महत्त्व रहेको उल्लेख गरेकी छिन्। व्यापार, लगानी, ऊर्जा र कनेक्टिभिटीमार्फत सामूहिक सहकार्यका माध्यमबाट यो उद्देश्य पूरा हुने उनको विश्वास छ। सार्क बडापत्रलाई समृद्धिको मार्गदर्शन बनाउनुपर्ने उनले भनेकी छिन्। श्रीलंकाका राष्ट्रपति रणिल विक्रमासिंघेले संथापक सदस्यका रूपमा सार्कको अपार क्षमतालाई श्रीलंकाले आत्मसात् गरेको बताएका छन्।

भुटान सरकारका प्रमुख सल्लाहकार चोग्याल दागो रिन्जिनले प्राकृतिक स्रोत तथा मानवस्रोत एवं प्रचुर सांस्कृतिक विविधताले यो क्षेत्रको सम्भाव्यता र सामर्थ्य स्थापित गरेको उल्लेख गरेका छन्। 'सदस्य मुलुकहरूसँग मिलेर सार्क प्रक्रियालाई थप सुदृढ बनाउन भुटान प्रतिबद्ध छ। यो क्षेत्रको साझा समृद्धि र शान्ति पनि यसैमा निहित छ,' चोग्यालले भनेका छन्।

मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइजुले साझा लक्ष्य पहिचान गर्न र क्षेत्रीय चुनौती सम्बोधन गर्न सार्कले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरेका छन्।

नेपालमा १८औँ सार्क शिखर सम्मेलन भएको ६ वर्षपछि ३ चैत ०७६ मा सार्कका शीर्ष नेताबीच भिडियो कन्फरेन्समा छलफल भएको थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको प्रयासमा कोभिड महामारीविरुद्ध सहकार्यका विषयमा छलफल भएयता यो तहमा छलफल हुन सकेको छैन।

---

१४ सयजना बिरामीको निःशुल्क स्वास्थ्य परीक्षण

हेटौँडा/ श्री राधा माधव समिति नेपाल, विद्वत् समाज नेपाल एवं डिभाइन युथ क्लब नेपालले भूकम्प प्रभावित जाजरकोटमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरेका छन्। शनिबार भएको शिविरमा १४ सयजना बिरामीको निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि पनि वितरण गरियो। नलगाड नगरपालिका-१२, तल्लुबगरस्थित श्री वीरेन्द्र हिमालय माध्यमिक विद्यालयको प्रांगणमा भएको शिविरमा सामान्य चिकित्सा, फोक्सो तथा निमोनिया, स्त्री तथा प्रसूति रोग, दन्त शिविर तथा मनोरोग परामर्शका बिरामीको स्वास्थ्य परीक्षण गरिएको थियो। शिविरमा जाजरकोट नलगाड- १०, ११, १२, १३ र पश्चिम रुकुमको आठबिसकोट- ४, ५, ६ एवं डोल्पा जिल्लाबाट समेत बिरामीहरू स्वास्थ्य उपचारका लागि आएका थिए। सोही शिविरमा तीन महिनाभित्रका सुत्केरी महिलालाई न्यानो वस्त्र पनि वितरण गरिएको थियो।

ठगी आरोपमा वडासदस्यसहित चार पक्राउ



कास्की/ ठगी आरोपमा कास्की प्रहरीले पोखरा महानगरपालिका- ६ का सदस्यसहित चारजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पोखरा खहरेका वडासदस्य ४२ वर्षीय दीपेन्द्र पहारी, पोखरा- ६ लेकसाइड बैदामका ४१ वर्षीय विकास पहारी, लेकसाइड बस्ने २२ वर्षीय प्रवीन विश्वकर्मा र लेकसाइडकै २४ वर्षीय अभिषेक परियार रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाले जानकारी दिए।

आरोपीहरूले फेवाताल किनारको फुट-ट्याकमा फोटोग्राफी व्यवसाय गर्ने व्यवस्था मिलाइदिन्छु भन्दै १५ जनाबाट प्रतिव्यक्ति १३ हजार रुपैयाँ लिएको भनी पीडितहरूले उजुरी दिएपछि प्रहरीले पक्राउ गरेको हो। जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बेदामबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको एसपी थापाले जानकारी दिए। पक्राउ परेका उनीहरूलाई ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन)सम्बन्धी मुद्दामा प्रहरीले थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको जनाएको छ।

वृद्धालाई बलात्कार प्रयास, तीन सातापछि उजुरी दर्ता

सिराहा/ सिराहाको मिर्चैया क्षेत्रकी ५९ वर्षीया दलित महिलामाथि बलात्कार प्रयास घटनामा परेको जाहेरीको १६ दिनपछि प्रहरीले उजुरी दर्ता गरेको छ। ४ मंसिरमा अपराह्न बारीमा घाँस काट्न जाँदा ती महिलामाथि ५० वर्षीय मोतिबुल सेखले बलात्कार प्रयास गरेका थिए। घटनाको भोलिपल्ट इलाका प्रहरी कार्यालयमा जाहेरी दिए पनि १६ दिनपछि अर्थात २२ मंसिरमा मात्र उजुरी दर्ता गरेको हो।

पीडित महिलाका अनुसार सेखले लछारपछार गरेर बलात्कार प्रयास गरेका थिए। तर, हँसियाले प्रतिवाद गरेको उनले सुनाइन्। उनको ढाड, घुँडामा चोट लागेको छ। इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक जितेन्द्र बस्नेतले पीडितले दिएको जाहेरी अध्ययन गरी करिब दुई साताअघि नै आफूले तोक लगाइदिएको भए पनि जाहेरी दर्ता किताबमा भने २२ मंसिरमा मात्र दर्ता भएको बताए।

तेस्रोपटक थपिएको म्याद सकिँदा पनि बनेन धनगढी मुख्य बजारको सडक

धनगढीमा **तेजराज भट्ट**



तेस्रोपटक थप गरिएको समयावधि सकिए पनि धनगढी मुख्य बजार क्षेत्रको सडक निर्माणको काम पूरा हुन सकेको छैन। एसियाली विकास बैंकको ऋण सहयोगमा सरकारले धनगढीमा मुख्य बजारसहित नगरभित्र १०.६०७ किलोमिटर अत्याधुनिक सडक निर्माण गरिरहेको छ। क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत ७६ करोड ९० लाख ७६ हजार रुपैयाँ लागतमा फुटपाथ, नाली र सडक बत्ती भएको आधुनिक सडक निर्माण भइरहेको हो।

कालिका कन्स्ट्रक्सनले ठेक्का पाएको यी सडक निर्माणमा भने चरम ढिलासुस्ती भइरहेको छ। हालसम्म सडक निर्माणको प्रगति करिब ८३ प्रतिशत मात्र रहेको आयोजना कार्यालयका सूचना अधिकारी सौरभ कलौनीले बताए। आयोजना कार्यालयका अनुसार मुख्य बजार क्षेत्रको सडक निर्माणको काम ६० प्रतिशत मात्र भएको छ।

१०.६०७ किलोमिटर सडक निर्माणका लागि तेस्रोपटक थप गरिएको अवधि गत १४ कात्तिकमा सकिएको छ। तेस्रोपटक थप गर्दा पनि काम पूरा नभएपछि चौथोपटकका लागि तीन महिना म्याद थप्न केन्द्रमा सिफारिस गरिएको सूचना अधिकारी कलौनीले बताए। अहिलेकै गतिमा काम भए थप गरिएको अवधिमा पनि आयोजनाले पूर्णता नपाउने देखिएको आयोजना कार्यालयले जनाएको छ।

'अहिले परिचालन भएको जनशक्ति र उपकरण तथा अहिलेकै काम गराइको गतिले चौथोपटक थप गरिएको समयभित्र पनि सडक निर्माणको काम पूरा हुने देखिँदैन,' उनले भने, 'जनशक्ति र उपकरण थप गर्ने हो भने अब धेरै समय पनि लाग्दैन।' निर्माण कम्पनीले ६ महिना म्याद थपको माग गरे पनि आगामी ३१ जनवरीसम्म मात्र म्याद थप भएको उनले जानकारी दिए।

सडक निर्माणमा भइरहेको ढिलाइले सर्वसाधारणले सास्ती व्यहोरिरहेका छन्। मुख्य बजार क्षेत्रको सडक अस्तव्यस्त हुँदा आवतजावतमा समस्या हुनुका साथै व्यापार व्यवसायसमेत प्रभावित भएको छ। निर्माणाधीन सडकका खाल्टाखुल्टी र धुलोले आउजाउ गर्न समस्या हुने गरेको स्थानीय सिद्धराज जोशीले बताए।

मुख्य बजार क्षेत्रमा नाली निर्माणको काम पूरा भएर अहिले भरान गर्ने र बीचमा मिडियन निर्माण गर्ने काम भइरहेको छ। मुख्य बजारमा विद्युत्का पोलको मापदण्डमा प्राविधिक समस्या देखिएकाले पनि सडकको काम केही प्रभावित भएको थियो।

'विद्युत्का पोलको उचाइ नौ मिटर हुने हाम्रो स्टिमेट थियो, तर विद्युत् प्राधिकरणको मापदण्ड ११ मिटर हुनुपर्ने रहेछ, यसले केही समय ढिला भयो,' आयोजना प्रमुख रमेश थिङले भने।

यी सडक दुई वर्षभित्र निर्माण गरिसक्ने सर्तसहित कालिका कन्स्ट्रक्सनसँग २८ असार ०७७ मा सम्झौता भएको थियो। दोस्रोपटक थप गरिएको अवधि सकिएपछि मात्र निर्माण कम्पनीले मुख्य बजार क्षेत्रमा सडक निर्माणको काम अगाडि बढाएको थियो। बजार क्षेत्रमा विद्युत्को पोलका कारण केही समय काम प्रभावित भए पनि अन्य खण्डमा भने निर्माण कम्पनीका कारण कामले पूर्णता पाउनमा ढिलासुस्ती भएको आयोजना कार्यालयले जनाएको छ। निर्माण कम्पनीले भने सडकको क्षेत्राधिकार र विद्युत्का पोलमा समस्या हुँदा काममा ढिलाइ भएको दाबी गरेको छ।

भ्रष्टाचार, दण्डहीनता र नेपाल

अधिपछि आरोप-प्रत्यारोपमा रहने पार्टीहरू भ्रष्टाचार र एकले अर्कोलाई बचाउनमा प्रायः एकजुट देखिन्छन्



● बद्रीनरसिंह केसी

अग्रलेख

नेपालमा भ्रष्टाचारको कारण सुशासनको अभाव र दण्डहीनता भयावह गतिमा बढिरहेको कुरा अन्तर्राष्ट्रिय वित्तीय संस्था र विकासका साझेदार मुलुकले चेतावनी र सहायताको सर्तका रूपमा बारम्बार औंल्याइरहेका छन् । अर्कातिर देशभित्रचाहिँ सत्ताधारी र त्यसका ताबेदार वृत्तको मान्यतामा भ्रष्टाचार अब शिष्टाचार हुन थालेको छ । भ्रष्टाचारका अनेक आयाम र रूपले मुलुकलाई थिलथिलो बनाउँदै लगेको छ । अखबारका पाना दिनहुँ भ्रष्टाचारका समाचारले रंगिरहेका छन् । सामाजिक सञ्जालमा आक्रोश देखिन्छ । तर, सत्ता सञ्चालकहरू भ्रष्टाचार र बेथितिका संरक्षक र सेवक भएर विराजमान छन् ।

सार्वजनिक रूपमा मञ्चबाट गर्ने भाषण वा टेलिभिजनका अन्तर्वार्तामा व्यक्त गरिएका आदर्श जति नै कर्णप्रिय हुन्, जनताले तिनलाई मिथ्या र निरर्थक मानिरहेका छन् । यो नेताहरूले नबुझेको होइन, बुझ पचाएको निष्कर्ष जनतामा पुगेको छ । आदर्श र नैतिकताका मात्र कुरा गर्दा आफ्नो राजनीति नटिक्ने, राजनीति बचाउँदा आदर्श र नैतिकता धूलिसात हुने संकटग्रस्त धरातलमा वर्तमान राजनीतिक अवस्था अडिन पुगेको देखिन्छ । ०६२-६३ को अनआन्दोलनको बलमा ल्याइएको परिवर्तन आज लोकतान्त्रिक गणतन्त्रको खास्टोभित्र राज्यको शिखरमा यस्तै रूप लिएर बसेको छ । आजको व्यवस्थाले आर्थिक अपराध, भ्रष्टाचार र कुशासनलाई सदाचारसरह छुट दिइरहेको छ ।

जनताको नजरमा, अधिपछि आरोप-प्रत्यारोप र अनमेल गतिविधिमा रहने पार्टीहरू भ्रष्टाचार मच्चाउने र एकले अर्कोलाई बचाउने मामिलामा किन प्रायः एकजुट देखिन्छन् ? मूलधारका राजनीतिक पार्टी र नेताहरूउपर अविश्वास र निराशा उत्पन्न गर्ने सम्भवतः यही अनुत्तरित प्रश्न हो । सरकारी निकायको माथिदेखि पिँधतहसम्म नै राज्यदोहन, भ्रष्टाचार, दण्डहीनता र कुशासन (संगठित भ्रष्टाचार) को दुश्चक्र र सञ्जाल बिच्छिएको छ । यसलाई निर्ममताका साथ तोड्ने ताकत आजसम्म कुनै नेतामा देखिएन । नेपाल दक्षिण एसियामा अफगानिस्तानपछि दोस्रो भ्रष्ट मुलुकमा सूचीकृत भएको, भ्रष्टाचार, कुशासन र दण्डहीनतालाई नियाल्ने ट्रान्सपरेन्सी इन्टरनेसनलजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको ठहर छ ।

०७४ को निर्वाचनपछि गठित झन्डै दुईतिहाइ बहुमतको सरकारका पालामा त ट्रान्सपरेन्सी इन्टरनेसनलको वार्षिक प्रतिवेदनले तत्कालीन प्रधानमन्त्रीको नामै किटेर भ्रष्टाचारको संरक्षक उल्लेख गरेको विवरण स्मरणीय छ । अहिले पनि एमाले पार्टीमा दशकौंसम्म मूल्य र मान्यताको जगेर्ना गर्दै संघर्षशील राजनीतिमा जीवन बिताएका नेतालाई यो वा त्यो बहानामा पाखा लगाउने काम चलिरहेको छ भने अर्कातिर लोकले औंल्याएका दण्डनीय अपराधी, राज्यको अर्बौं नोक्सानी गराएका कुख्यात निर्माण व्यवसायीलाई रातो कार्पेट र फूलमालाका साथ भित्र्याउने क्रम जारी छ । अनि मञ्चमा उभिएर जनताको सुख र देशको समृद्धिका गुड्डी हाँक्दैमा जनताले कसरी भरोसा गर्ने ?

नेपालमा राजनीतिक गठबन्धन सरकार बनाउन काम लाग्यो, भ्रष्टाचारको अन्त्य गर्न, सुशासन दिन र देश निर्माणका लागि काम लागेन । यो कुरा नै आजको आमअसन्तुष्टिको केन्द्रबिन्दु हो । यसले कतिपय नयाँ पार्टीको जन्म गरायो, निर्दलीय (स्वतन्त्र) व्यक्तिसमेतलाई जनप्रतिनिधि बनायो ।

नेपाली जनताको असन्तुष्टि भ्रष्टाचार र यसका 'सहधर्मी'हरू- दण्डहीनता, कुशासन, अपराध, अराजकता आदि शासकीय विकृति, विसंगति एवं स्वेच्छाचारितामा हो । पूर्वदेखि पश्चिम, उत्तर वा दक्षिण सारा नेपाल ढाकेको जनताको यो साझा आक्रोशलाई सच्चा लोकतन्त्रले सम्बोधन गर्नुपर्थ्यो । तर उल्टै, अमुक मुख्य नेताका घरमा एक खर्ब रकमको भण्डार नै भएको कुरा संसद्का



भाषण, टिभीका अन्तर्वार्ता, पत्रपत्रिकाका लेखदेखि आमसभासम्म व्यक्त भएकै हो । उम्मेदवारीको टिकट, समानुपातिक सांसद पद तथा राजनीतिक नियुक्तिहरू करोडौं रकममा बेचेको, ठेक्का-पट्टा, सरुवा-बढुवाबापत र कमिसनबाट उठेको अर्बौंको रकम यसरी भण्डारण गरेको, अनुसन्धान गर्न लागेका प्रहरी अधिकृतलाई थाहा भएपछि पाँच महिना पनि काम गर्न नपाई अर्कातिर सरुवा गरेर हालसम्म गुपचुप राखिएको कुरा जनताको जानकारीमा नै छ ।

> आदर्श र नैतिकताका मात्र कुरा गर्दा आफ्नो राजनीति नटिक्ने, राजनीति बचाउँदा आदर्श र नैतिकता धूलिसात हुने संकटग्रस्त धरातलमा वर्तमान राजनीतिक अवस्था अडिन पुगेको देखिन्छ

हालै निजी क्षेत्रको दूरसञ्चार कम्पनी 'एनसेल'को सेयर खरिद-बिक्रीमा राज्यका सम्पूर्ण ऐन-नियम, पद्धति, प्रक्रिया र नियमनकारी निकायलाई छल्दै जालसाजीपूर्ण तरिका अपनाइएको गम्भीर भ्रष्टाचार काण्ड सतहमा आएको जगजाहेर छ । यसअघि सरकारलाई बुझाउनुपर्ने करमध्ये २१ अर्ब रुपैयाँ मिनाहा दिने तत्कालीन कर फर्स्यौट आयोगका निर्णयकर्ता दोषीहरू अहिले जेलको हावा खाइरहेका छन् । ६ वर्षपछि नियमअनुसार सरकारको स्वामित्वमा आउनुपर्ने एनसेललाई नाम मात्रको मूल्यांकनका आधारमा सेयर खरिदबिक्रीको पूरै जालझेलपूर्ण र गैरकानुनी हर्कतले जनआक्रोशको आगोमा घिउ थप्ने काम गरेको छ । विगतमा राज्यव्यवस्था नै हल्लाउने भ्रष्टाचारका भयानक काण्ड भए । तर, ती खास कारबाही नगरी त्यसै सेलाए । सुरक्षण मुद्रण स्थापनामा एक व्यापारीले ल्याएको २७ अर्बको प्रस्तावमाथि एक अर्ब थपेर २८ अर्बको प्रस्ताव तयार गरी आफूलाई ७० करोड दिन माग गरेको काण्ड अहिले पनि चर्चित छ । नेपाल ट्रस्टको स्वामित्वमा ल्याइएका स्व. राजा वीरेन्द्र र उहाँको परिवारका नाममा दर्ता भएको ११ जिल्लामा फैलिएका २१ हजार रोपनी जग्गा र तिनमा बनेका भवन, पोखराको फेवातालकै किनारमा अवस्थित रत्न मन्दिर, काठमाडौंमा रिसोर्टसहित गोकर्णको जंगल, चितवनको दियालो बंगला, नागार्जुनका जग्गाहरू पनि स्वामित्व र अस्तित्व गुमाउने खतरामा धकेलिएका छन् । ७५३ रोपनीमा फैलिएको राजधानीको मुटुमा अवस्थित नारायणहिटी राजदरबार परिसर नै असुरक्षित छ । झापाको गिरिबन्धु टी स्टेटको हजारौं रोपनी जग्गामा भएको जालसाजी र भ्रष्टाचारमा खोइ को दण्डित भयो ? नक्कली भुटानी शरणार्थी काण्डमा राज्य संयन्त्रसमेत मुछेर नेपाली नागरिकलाई मानव ओसार-पसार तथा बेचबिखन गरेको एक अर्बभन्दा बढी बिगोको आर्थिक अपराध काण्डका निर्णायककर्ता, आफ्ना प्रियपात्रलाई जोगाउने, बिचौलियालाई मात्र फसाउने दुष्प्रयास चलिरहेकै छ । ललितानिवासको जग्गा हिनामिना काण्डमा मुछिएका निर्णयकर्ता पूर्वप्रधानमन्त्रीद्वयलाई ह्याकुलाले मिचेर उन्मुक्ति दिइएको घटनाले जनतामा खेद र क्षोभ थपेको छ । दुई वर्षअघि एकै दिनमा ब्रिटिस भर्जिन आइल्यान्डबाट भित्र्याएको तर राष्ट्र बैंकले स्रोत नखुलेको भनी रोक्का राखेको एक व्यापारीको ८४ करोड रुपैयाँलाई सर्वोच्च अदालतको अन्तरिम आदेशले वैधता दिने फैसलाद्वारा फुक्का गरेको घटनाले भ्रष्टाचार मौलाउन कहाँ-कहाँबाट समेत मलजल मिलिरहेको छ भन्ने प्रश्नलाई जवाफ नचाहिएला कि !

भ्रष्टाचार सत्ताधारीबाट भूलचुकवश वा अपवादस्वरूप वा संयोगवश होइन, खुलमखुला र हाकाहाकी भइरहेको छ । भ्रष्टाचार, दण्डहीनता र न्यायको हत्याका कारण राजनीतिक व्यवस्था र दलहरूप्रति आमजनता वाक्क भएका छन् । भ्रष्टाचार सत्ता र राजनीतिक दलहरूको नियमित क्रियाकलापझैं देखापर्न थालेको छ । यसले गर्दा राजनीति, प्रशासन र व्यवसायमा भएका इमानदार, जिम्मेवार र समझदार मानिसहरू ओझेलमा पर्न थालेका छन् । यसर्थ, हाल भ्रष्टाचार र घुसमा दुरुपयोग हुने गरेको एक हजार र पाँच सय दरका नोटहरूलाई प्रतिबन्ध नै लगाउनुपर्ने गरी जोडदार हुन थालेको मागलाई सरकारले सम्बोधन र कदर गर्ने हिम्मत गर्ला ?

भ्रष्टाचार आफैंमा आपराधिक क्रियाकलाप हो । यसको झन् डरलाग्दो रूप र परिणाम न्यायको हत्या, आपराधिक गतिविधि, राजनीतिक अस्थिरता, कुशासन, दण्डहीनता, प्रजातन्त्रको मूल्यमा ह्रास, दिगो विकासमा असामान्य असर, विधिको शासनको विसर्जनको रूपमा देखापर्दै जानेछ । जब भ्रष्टाचारलाई देशको नेतृत्व वर्गले सामान्य र सहज रूपमा लिन थाल्छ, तब जनतामा यसको रूप झनै खतरनाक भएर देखापर्छ । नेपालबाट पुँजी पलायन, प्रतिभा पलायन, श्रमशक्ति पलायन, जनस्तरमा सरकारउपरको भरोसाको समाप्ति, राजनीतिक व्यवस्थामाथि जनताको अविश्वास, मुलुकभित्रै बसोवास गरिरहनु भनेको अन्धकार भविष्य व्यहोर्न तयार हुनु हो भन्ने मान्यता प्रबल बन्दै जानु पनि भ्रष्टाचार र दण्डहीनताकै देन हो ।

अन्त्यमा हरेक वर्ष ९ डिसेम्बर अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवस पनि भएकाले यस अवसरमा प्रत्येक नेपाली नागरिकलाई विद्यमान भ्रष्टाचार, कुशासनको दुश्चक्र, दण्डहीनता, कानुन मिच्ने र न्यायलाई लत्याउने गतिविधिविरुद्ध सरकारलाई खबरदारी गर्न उत्साह र प्रेरणा दिलाओस् । भ्रष्टाचारविरोधी न्यायप्रेमी सबैमा शुभकामना !

---

३ प्रश्न

तीन प्रश्न पूर्वडिआइजी **केशव अधिकारी**लाई



■ त्रिभुवन विमानस्थल किन सुन तस्करीको गेट-वे बनिरहेको छ ?

जुन नाकामा सुरक्षा निगरानी भयो, त्यो नाका तस्करहरूले प्रयोग गर्दैनन् । त्रिभुवन विमानस्थलमा सुरक्षा व्यवस्था कडा भएपछि उनीहरूले रसुवा र अन्य नाका प्रयोग गर्न थालेका थिए । १४ किलोको यो प्रकरणमा सेटिङको कुरा आइरहेको छ । उनीहरूले सरसफाइ कर्मचारीको सहयोगमा बाहिर निकाल्ने व्यवस्था मिलाएका रहेछन् । तर, पूर्वसूचनाका कारण समातियो । जबसम्म दुबई, हङकङमा रहेका सुन तस्करीका मुख्य लगानीकर्तालाई राज्यले पक्राउ गर्न सक्दैन, तबसम्म त्रिभुवन विमानस्थलबाट मात्र होइन, अन्य विभिन्न नाकाबाट पनि सुन तस्करीको क्रम चलिरहनेछ ।

■ कसले चलाइरहेको छ सुन तस्करीको धन्दा ?

सुन तस्करीमा राजनीतिक संरक्षण प्राप्त व्यक्ति नै संलग्न छन् । तिनले रेमिट्यान्स धेरै आउने देशहरूमा बसेर अवैध धन्दा चलाइरहेका छन् । सुनका ठूला लगानीकर्ता नेपालमा बस्दैनन् । उनीहरू हङकङ, अरब देशमा बसेर रेमिट्यान्सको पैसा यो धन्दामा लगाउँछन् । अहिलेसम्म समातिएकाहरू या त भरिया या व्यवस्थापक मात्रै हुन् ।

■ सुन तस्करी रोक्न राज्यले के गर्नुपर्छ ?

यस्ता अपराध रोक्न सरकारले हङकङजस्ता विभिन्न देश, मुख्यतः रेमिट्यान्स धेरै आउने दुबईलगायत देशसँग आपसी सुपुदर्गी सन्धिहरू गर्नुपर्छ । सुपुदर्गी सन्धि गर्दा प्रहरीलाई अपराधीसम्म पुग्न सहज हुन्छ । यस्तो सन्धि हाल चीनसँग मात्रै भएको छ । पहिलो त अनुसन्धान गर्दा सरकारी द्वार खटखटाउन नपर्ने गरी सुपुर्दगीसन्धि गरेर नेपालको सुरक्षाबललाई अधिकारसम्पन्न बनाइदिनुपर्‍यो । विगतमा भएका अनुसन्धानका फाइल निकै महत्त्वपूर्ण छन् । तिनले भरिया र व्यवस्थापकलाई समातेर मात्रै तस्करी नियन्त्रण गर्न सकिँदैन भनेर किटेरै प्रतिवेदन दिएका छन् । यी-यी व्यक्ति पहँलो धातुको अवैध कारोबारमा संलग्न छन् भनेर पनि किटेका छन् । प्रतिवेदन खोलेर सरकारले ती व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने हो भने तस्करीमा उल्लेख्य कमी आउनेछ । सरकारले इमानदार प्रयास गरेको छैन । नजरमा रहेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन सुरक्षा निकायलाई सहयोग नगरेको देखिन्छ । यथास्थितिमा आउँदा दिनमा पनि तस्करी रोकिने देखिँदैन ।

प्रेरक प्रसंग

प्रेमको अर्थ

एकपटक एउटी गौपालक युवती दूध बेचिरहेकी थिइन् । उनले सबैलाई दूध नापी, तौली दिइरहेकी थिइन् । सोही समय एउटा युवा दूध लिन आउँछ । उनले सो युवाको भाँडामा दूध ननापी नै भरेर दिइन् । सोही स्थाननजिकै एकजना साधु हातमा माला लिएर जप गर्दै बसेका थिए । उनले यो कुरा देखेरे आफू नजिकै बसेका अर्का व्यक्तिलाई सबै विवरण बताउँछन् र त्यसको कारण के होला भनेर जान्न खोज्छन् । जुन युवालाई ती गौपालक युवतीले ननापी नै दूध दिइन् । उनी सो युवासँग प्रेम गर्छिन् भनेर ती व्यक्तिले भन्छन् । यो कुराले साधुको मनभित्र छोयो । उनले सोचे कि एउटा दूध बेच्ने युवती प्रेमको हिसाब राख्दिनन्, तर म ईश्वरसँग प्रेम गर्ने व्यक्तिचाहिँ बिहानदेखि साँझसम्म गनी-गनी माला जप्छु । उनले मभन्दा त ती युवती नै उत्तम छिन् भन्ने सोचेर जपमाला चुँडालेर फ्यालिदिए । जहाँ प्रेम हुन्छ, त्यहाँ हिसाब-किताब हुँदैन । र, जहाँ हिसाब-किताब हुन्छ, त्यहाँ प्रेम हुँदैन, केवल व्यापार हुन्छ ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्याजमा भ्याट : मारमा उपभोक्ता र किसान

नेपालमा फलेको प्याजमा भ्याट लाग्दैन, आयातीतमा मात्र लाग्छ । अब हामी उपभोक्ताले नेपाली प्याज र आयात गरेको प्याज कसरी पता लगाउने ? आयातीत प्याज भ्याटको कारण महँगो हुने भएकाले नेपाली प्याजले मूल्य पनि पाउने र बिक्ने पनि हुँदा किसानलाई फाइदा हुने तर्क गरिएको छ । तर, यो अवस्थामा पनि उपभोक्ताले सस्तोमा पाउने होइनन् ।

यसबाट पनि फाइदा त बिचौलियाले नै लिने हुन् । किनकि, किसानले सीधै बेच्नै सक्दैनन् । बिचौलियाहरूले कतै नेपाली प्याजलाई आयातीत प्याजकै मूल्यमा बेचेर बढी नाफा त लिएरहेका छैनन् ? सरकार र बिचौलिया लाभान्वित हुने उपभोक्ता सधैंझैं ठगिरहने त भएको छैन ?

● **अञ्जना श्रेष्ठ**, नयाँ सडक, काठमाडौं

दलितलाई आश्रय खै ?

दलित भएकै कारण एक ६२ वर्षीया महिलाले वृद्धाश्रममा शरण नपाएको समचार पढें । वास्तवमा यी वृद्धाश्रम भनिने ठाउँ कथित उच्च जातिका लागि मात्र हुन् । दलित सीमान्तकृत र विपन्न मानिसका लागि यी वृद्धाश्रम कहिल्यै सहारा भएका छैनन् । यो प्रकरणमा संलग्न सबैलाई जातीय विभेदविरुद्ध कारबाही गरी शोभा सुन्दासलाई आत्मसम्मानसहित शरणको व्यवस्था शीघ्र गरिनुपर्छ ।

● **सुनिता खाती**
दोलखा

भरिया होइन, मालिक समात

नेपालको विमानस्थलमा कुनै चेकजाँच नै हुँदैन भनेजसरी २१ मंसिरमा गोरखाका चन्द्र घलेले १४ किलो सुन बोकेर ल्याए । उनीबाट सुन बरामद हुदाँको भिडियो हेर्ने जो कसैले पनि उनी सेटिङ बिग्रिएकाले समातिएको अड्कल सहजै लगाउन सक्छ । सुन तस्करीका कुनै पनि प्रकरणमा वास्तविक मालिक समातिएका छैनन् । भरिया मात्रै समातिनुले राज्यसत्ताकै मानिसको यसमा संरक्षण रहेको संकेत गर्छ ।

● **यमलाल वली**
कपन, काठमाडौं

सुरक्षाकर्मी किन जाँदै छन् भाडाका सिपाही बन्न ?

एउटा सुरक्षाकर्मी तयार पार्न राज्यले निकै ठूलो धनराशी र साधनस्रोत खर्चिएको हुन्छ । साथै, सुरक्षाबल राज्यको स्वाभिमान र अस्मितासँग पनि जोडिएको हुन्छ । तर, राज्यकोषबाट पेन्सन खाने तिनै रिटायर्ड र कतिपय त बीचमै प्रहरी वा सेनाको जागिरसमेत राजीनामा दिएर रुसको भाडाका सिपाही हुन पुगेका समाचार आइरहेका छन् । केहीको युद्धक्षेत्रमा मृत्यु नै भइसकेको छ ।

पैसाका लागि जस्तोसुकै काम पनि गर्न पछि नपर्ने यो मनोवृत्ति उनीहरूमा कसरी विकास भयो ? उनीहरूलाई दिइएको तालिम एवं प्रशिक्षणमै कमजोरी भएर हो कि ? नेपाल सरकारले दिने तलबले जीवन चलाउन नसकेर हो ? रुसमा भाडाका सिपाही बन्न पुगेकामा धेरैजसो प्रहरी भएका समाचारमा आएको छ । फौजदारी कानुनसम्बन्धी न्यूनतम नै भए पनि जानकारी हुने प्रहरीमा यो विचलन किन आयो ? सरकारले गम्भीर भएर यो समस्याको सम्बोधन गर्नुपर्छ ।

● **धनबहादुर बुढाथोकी**, काठमाडौं

गुगलविरुद्धको सुनुवाइले स्थापित गरेको खतरनाक नजिर

गैरकानुनी एकाधिकार कायम गरेको आरोपको सुनुवाइमा गुगलका गतिविधिले विरोधाभास झल्काउँछ



देश/विदेश

● करिना मोन्टोया

आधुनिक इन्टरनेट युगको सबैभन्दा ठूलो एन्टीट्रस्ट ट्रायल (एकाधिकारविरुद्धको अदालती सुनुवाइ) अघिल्लो महिना टुंगियो । विश्वकै सबैभन्दा चर्चित सर्च इन्जिन गुगलविरुद्ध अमेरिकाको न्याय विभाग (डिओजे)ले मुद्दा दायर गरेको थियो । यो सुनुवाइ माइक्रोसफ्टविरुद्ध डिओजेको सन् १९९० को मुद्दासँग धेरै अर्थमा मिल्छ । त्यसबेला माइक्रोसफ्टविरुद्धको सुनुवाइ गोप्य ढंगले गरिएको थिएन, तर गुगलविरुद्धका अधिकांश सुनुवाइमा सीमित पत्रकार र पर्यवेक्षकलाई मात्रै उपस्थितिका लागि अनुमति दिइयो ।

सूचनालाई विश्वव्यापी रूपमा पहुँचयोग्य बनाउनु गुगलको घोषित उद्देश्य नै हो, तर गैरकानुनी एकाधिकार कायम गरेको आरोपको सुनुवाइमा गुगलका गतिविधिले विरोधाभास झल्काउँछ । गुगलले आफ्नो व्यवसायलाई जोगाउन विश्वव्यापी महत्त्वको मुद्दाको पारदर्शितालाई सीमित पार्न अदालतलाई मनाएर प्रेस स्वतन्त्रतालाई कमजोर पारेको छ । वास्तवमा गुगलको प्रयासले खतरनाक नजिरको निर्माण गरेको छ । सुरुदेखि नै गुगलले धेरैभन्दा धेरै सूचना जनताबाट टाढा राख्न हरसम्भव प्रयास गरेको थियो । गुगलले अदालती सुनुवाइको प्रत्यक्ष अडियो फिडको प्रसारमा आपत्ति जनाउँदै न्यायाधीशलाई मुख्य साक्षीको बयानलाई प्रसार गर्नबाट रोक्न लगाएको थियो । गुगलका अनुसार मुख्य साक्षीको बयान सार्वजनिक हुँदा व्यापारसम्बन्धी गोप्य सूचना चुहिन्थ्यो । सुनुवाइ टुंगिदा आफ्नो वेबसाइटमा डिओजेले प्रमाण पोस्ट गरेको भन्दै गुगलले विरोध जनाएको थियो र त्यसको हप्तादिनमै प्रमाण वेबसाइटबाट हट्यो । न्युयोर्क टाइम्सले अदालतमा अन्य सञ्चारगृहको समर्थनमा सुनवाइमा पत्रकारलाई पहुँच उपलब्ध गराउन निवेदन दायर गरेको थियो ।

मिडिया पर्यवेक्षकले सुनुवाइको समाचार तयार गर्ने सञ्चारगृहका चुनौतीबारे उल्लेख्य मात्रामा लेखेका छन् । यी पर्यवेक्षकका अनुसार गुगलविरुद्धको सुनुवाइमा भौतिक रूपमा उपस्थित हुँदा अत्यधिक खर्च लाग्ने अवस्था थियो । विज्ञापनसम्बन्धी प्रकाशन गर्ने सञ्चारगृह मिडियापोस्टमा एक वरिष्ठ लेखकले 'यदि सुनुवाइको प्रत्यक्ष प्रसारण गरिएको भए सबै मानिसले सुनुवाइ सुन्ने थिए' भनेर लेखेका छन् । यसबाहेक अदालती सुनुवाइमा उपस्थित सीमित पत्रकारले पनि रिपोर्टिङ गर्न, तथ्य जाँच गर्न र सार्वजनिक अभिलेखलाई समाचारमा लिंक गर्न समयको दबाब झेलेका थिए । परम्परागत सञ्चारमाध्यममा विश्वास घटिरहेको समयमा समाचार रिपोर्टिङ मात्र नभई श्रव्यदृश्यमा पनि आउनु थप आवश्यक बनेको छ । सुनुवाइको कभरेजमा विदेशी मिडियाले थप व्यवधान व्यहोरेका थिए, किनभने केही धनाढ्य अमेरिकी सञ्चारगृहले मात्रै गुगलविरुद्धको सुनुवाइबारे रिपोर्टिङ गरेका थिए । यसले धेरैजसो विदेशी सञ्चारमाध्यम विशेषतः विकासोन्मुख मुलुकका सञ्चारमाध्यमलाई ब्लुमबर्ग, रोयटर्स र एपी न्युजजस्ता स्रोतमा निर्भर बन्न बाध्य बनायो । यो निर्भरताले स्वतन्त्र प्रेसको शक्तिलाई कमजोर बनाउँछ । ठूला सञ्चारगृहमा हुने निर्भरताले दर्शक र पाठकलाई स्वतन्त्र ढंगले समाचार पस्किन खोज्ने स्वतन्त्र मिडियालाई वञ्चित गरेको छ ।

माइक्रोसफ्टको सुनुवाइमा झैं गुगलको एन्टीट्रस्ट ट्रायल अमेरिकाको सिमानामा मात्रै सीमित छैन । इन्टरनेटमा गरिने विश्वव्यापी सर्च (खोजी)को ९० प्रतिशतभन्दा बढी हिस्सा गुगलले ओगट्ने भएकाले सूचनाको नियन्त्रणमा गुगलको महत्त्वपूर्ण स्थान छ । गुगलले एप्पल र अन्य प्रविधि कम्पनीसँग तिनका डिभाइसमा डिफल्ट सर्च इन्जिनमा आफ्नो स्थान सुरक्षित गर्न आकर्षक व्यापार सम्झौता गर्ने गर्छ । यी सम्झौताले ब्राजिल वा दक्षिण अफ्रिकाजस्ता मुलुकलाई अमेरिकाले जत्तिकै



तस्बिरः ड्रिउ एंगरर/गेटी इमेजेस

प्रभाव पार्छ । वास्तवमा एन्ड्रोइडको बजार विकसितका तुलनामा विकासशील राष्ट्रमा बढी छ । सर्चबाट आउने विज्ञापन आम्दानी मूल्य नियन्त्रण गर्न प्रयोग गरिने संयन्त्र र सम्भवतः रणनीति पनि अमेरिका र अन्यत्र समान छन् । यसरी सुनुवाइको प्रत्यक्ष प्रसारण र प्रमाणको समयमै हुने पहुँचले विश्वव्यापी प्रेस स्वतन्त्रतामा ठूलो प्रभाव पार्न सक्थ्यो । उदाहरणका लागि यदि अडियोलाई प्रसारण गरिएको भए सञ्चारगृहलाई साक्षी बयान अनुवाद गर्न र स्थानीय दर्शकका लागि सान्दर्भिक मल्टिमिडिया स्टोरी विकास गर्न महत गर्ने थियो । यसले बजारका अन्य प्रतिस्पर्धी र गुगलकै ग्राहकलाई गुगलसँगको सम्बन्धबारे संवाद गर्न बलियो प्रोत्साहन सिर्जना गर्न सक्छ । पारदर्शिता बढ्दा गुगलका काममाथि उच्च निरीक्षण र पहरेदारी हुन्थ्यो, अर्थात् प्रेस स्वतन्त्रताको महत्त्व थप बढ्थ्यो । अदालती सुनुवाइले ठूला प्रविधि कम्पनीको (बिग टेक) वास्तविक शक्ति कति छ भनेर देखाउन चुक्यो । एक साक्षीसँगको सोधपुछका क्रममा गुगलले आफूलाई सन् २०२१ मा आइफोनसहित थुप्रै डिभाइसमा डिफल्ट सर्च इन्जिन बनाउन २६ अर्ब डलर तिरेको थियो । यसबाहेक गुगलका साक्षीले भूलवश गुगलले सफारी ब्राउजरबाट आउने सर्च एदर्भाटिजिङ रेभिन्यू (खोज-विज्ञापन आम्दानीको) ३६ प्रतिशत हिस्सा एप्पललाई भुक्तान गर्छ भन्ने खुलासा गरेका छन् । यस अर्थमा गुगलले सर्च एदर्भाटिजिङको मूल्य बढाउने निर्णय गर्दा खासै धेरै विरोध झेल्नुपर्दैन ।

गुगलविरुद्धको मुद्दाको फैसला अर्को वर्ष हुने अनुमान गरिएको छ । यति भन्दै गर्दा गुगल अमेरिकामा कानुनी कारबाही वा सुनुवाइ सामना गर्ने बिग टेक कम्पनीको अन्तिम उदाहरण हुनेछैन । डिओजेले गुगलको विज्ञापन व्यवसायलाई लक्षित गर्दै यसविरुद्ध दोस्रो मुद्दा पनि दायर गरेको छ । स्मरण रहोस्, विज्ञापन व्यवसायले समाचार प्रकाशक र विज्ञापनदाताबीचको सम्बन्धलाई सहज बनाउँछ । यससँगै अमेरिकी संघीय व्यापार आयोगले अनलाइन रिटेलको क्षेत्रमा कम्पनीको वर्चस्वलाई लिएर अमेजनविरुद्ध कानुनी कारबाही गरेको छ । अदालत र डिओजेसँग गुगलको गोप्य सुनुवाइले निर्माण गरेको खतरनाक नजिरलाई सुधार गर्ने अवसर अझै पनि छ । लोकतन्त्रको आधार मानिने स्वतन्त्र एवं विविधतायुक्त प्रेसभन्दा माथि कर्पोरेट स्वार्थ कहिल्यै पनि आउनुहुँदैन ।

(मोन्टोया सेन्टर फर जर्नालिजम एन्ड लिबर्टीकी वरिष्ठ पत्रकार एवं नीति विश्लेषक हुन्)
प्रोजेक्ट सिन्डिकेट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विधान सभा निर्वाचनमा 'मोदी फ्याक्टर'

मोदीको शासनशैलीका कारण भाजपाले तीनवटा राज्यमा सानदार जित हासिल गरेको हो वा होइन भन्नेबारे जाँच गर्नुपर्छ



● सैबल दासगुप्ता

(दासगुप्ता भारतीय पत्रकार, लेखक र चीन विशेषज्ञ हुन्)



नयाँदिल्लीस्थित भारतीय जनता पार्टीको मुख्यालयमा खुसियाली मनाउँदै प्रधानमन्त्री नरेन्द्र मोदी । तस्बिर : प्रकाश सिंह/ब्लुमबर्ग

मेरा छिमेकी एक वरिष्ठ इन्जिनियर प्रधानमन्त्री नरेन्द्र मोदीलाई भगवान् शिवको विशेष आशीर्वाद रहेको र विपक्षीलाई ध्वस्त नगरेसम्म उनी नरोकिने बताउँछन् । मध्यप्रदेश, राजस्थान र छत्तीसगढको चुनावमा भाजपाले आफ्ना समर्थकको माया अपेक्षाभन्दा बढी पाएपछि पार्टीभित्र भन्ने उत्साह बढेको छ ।

उत्साहका बाबजुद भाजपाले निश्चित रूपमा ठन्डा दिमाग लगाएर चुनावी परिणाम जाँच गर्नेछ । चुनावी नतिजालाई भाजपाले दिल्ली र पार्टीद्वारा शासित राज्यमा अपनाएको शासनशैलीको समर्थनको रूपमा हेर्न सकिन्छ । सन् २०२४ मा हुने संसदीय चुनावअघि आफ्नो शैलीमा सुधार गर्नुको सट्टा पार्टीलाई यस्तै काम गर्ने प्रलोभन हुनेछ ।

मोदीको शासनशैली वा प्रधानमन्त्री बलिया र विश्वसनीय नेता हुन् भन्ने धारणाका कारण भाजपाले तीनवटा राज्यमा सानदार जित हासिल गरेको हो त भनेर हामीले जाँच गर्नुपर्छ । एउटै सिक्काका दुई पाटाजस्तो लागे पनि मोदी फ्याक्टर र समग्र शासन फरक छन् । भिन्नता महत्त्वपूर्ण छ ।

तथ्य के हो भने मोदीले राज्यको चुनावमा एउटा कोलोसस (एक प्रकारको राक्षस)को रूपमा प्रभुत्व जमाए । कंग्रेसले प्रधानमन्त्रीप्रति सर्वसाधारणको सद्भावनालाई 'पन्चर' गराउने प्रयास गरे पनि उपयुक्त परिणाम आउन सकेको छैन ।

> तथ्य के हो भने मोदीले राज्यको चुनावमा एउटा कोलोसस (एक प्रकारको राक्षस)का रूपमा प्रभुत्व जमाए । कंग्रेसले प्रधानमन्त्रीप्रति सर्वसाधारणको सद्भावनालाई 'पन्चर' गराउने प्रयास गरे पनि उपयुक्त परिणाम आउन सकेको छैन ।

> निर्वाचनमा मोदीलाई प्राथमिक भोट आकर्षित गर्न सक्ने व्यक्तिका रूपमा चित्रित गरिएको छ । यद्यपि, योगी आदित्यनाथले उत्तर प्रदेशमा जनताको एक वर्गमा एक प्रकारको धार्मिक समूह बनाएका छन् र शिवराज सिंह चौहानको मध्यप्रदेशमा आफ्नै बलिया अनुयायी छन्, तिनीहरू 'मोदी ग्रह'का केवल उपग्रह हुन् । योगी र चौहान उनीहरूलाई समर्थन जनाउने मोदी फ्याक्टरविना शक्तिहीन हुनेछन् ।

गराउने प्रयास गरे पनि उपयुक्त परिणाम आउन सकेको छैन ।

मोदी नेताभन्दा पनि धेरै विशेषता भएका व्यक्तित्व हुन् । जातीय प्रभाव र स्थानीय सरकारप्रति जनताको सन्तुष्टि वा असन्तुष्टिजस्ता निर्वाचनसँग सम्बन्धित अन्य मुद्दासँग प्रतिस्पर्धा गर्ने कारक हुन्, उनी । राजस्थानमा भाजपाले जित्यो, किनकि सत्ता फ्याक्टरले कंग्रेसलाई सीमित गऱ्यो, जबकि सत्ताविरोधी भावनाका बाबजुद पार्टीले मध्यप्रदेशमा आधार हासिल गऱ्यो ।

पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीले 'इन्दिरा फ्याक्टर'का कारण सन् १९८४ मा उनको हत्या हुनुअघिसम्म लगभग दुई दशकसम्म चुनाव जितिन् । उनका कट्टर समर्थकले यसलाई 'दुर्गा सिन्ड्रोम' पनि भने । उनको नेतृत्वमा रहेका कंग्रेसी भ्रष्ट र अहंकारी थिए । यसले उनको लोकप्रियतालाई असर गरेन वा उनको आकर्षण घटाएन । गान्धी प्राथमिक भोट प्राप्तकर्ता बन्न थालेपछि कंग्रेस नेताहरूले उनको अनावश्यक प्रशंसा गरे र धेरै प्रमुख राजनीतिज्ञलाई निर्वाचन अभियानमा क्षमताहीन व्यक्तिको रूपमा व्याख्या गरे ।

भाजपा अहिले उस्तै स्थितिमा छ र मोदीलाई प्राथमिक भोट आकर्षित गर्न सक्ने व्यक्तिको रूपमा चित्रित गरिएको छ । यद्यपि योगी आदित्यनाथले उत्तर प्रदेशमा जनताको एक वर्गमा एक प्रकारको धार्मिक समूह बनाएका छन् र शिवराज सिंह चौहानको मध्य प्रदेशमा आफ्नै बलिया अनुयायी छन्, तिनीहरू 'मोदी ग्रह'का केवल उपग्रह हुन् । योगी र चौहान उनीहरूलाई समर्थन जनाउने मोदी फ्याक्टरविना शक्तिहीन हुनेछन् । हालैको विधान सभा चुनावपछि, भाजपालाई राम मन्दिरको मुद्दा वा सनातन धर्म बहसजस्ता मसला आवश्यक पर्दैन, जबसम्म मोदी सन् २०२४ मा तुफान प्रचार भ्रमणहरू गर्न उपलब्ध हुनेछन् । यही एउटा कारक पर्याप्त छ । यो कारकले आफ्नो प्रभाव कायम राखेको प्रमाण चुनावी नतिजा हुन् ।

प्रधानमन्त्री र उनको सरकारले सुशासनमा ध्यान दिनुपर्ने र कल्याणकारी योजनाको वितरणमा सुधार गर्नुपर्ने वेला आएको छ । धेरै मुद्दाहरूले ध्यानाकर्षणका लागि आवाज उठाइरहेका छन् । ग्रामीण क्षेत्रमा पर्याप्त चिकित्सक र स्वास्थ्य उपकरणको अभाव पनि एउटा मुद्दा हो ।

राजमार्ग निर्माणको सुरुङमा १७ दिनदेखि ४१ जना मजदुर फसेको पछिल्लो संकट एउटा उदाहरण हो । यो घटनाले डिजाइन र निर्माण कार्यबारे मात्र होइन, सरकार र पर्यवेक्षक निकायले कसरी कामदारका लागि उम्कने बाटो नभएको यस्तो एकतर्फी निर्माण कार्यलाई अनुमति दियो भन्नेबारे गम्भीर प्रश्न खडा गरेको छ ।

सुरुङ संकटले यो देखाउँछ कि कर्मचारीतन्त्र विशेषगरी सरकारी आयोजनाको सुपरीवेक्षणमा संलग्नकर्ताको आफ्नै सोच छ । यी स्वयंसेवा गर्ने अधिकारीलाई अर्को घटनाहुनुअघि पहिचान र दण्डित गर्न आवश्यक छ ।

मोदी फ्याक्टरले विहारबाहेक हिन्दी बोलिने अन्य भेगमा सबै मुद्दालाई उछिन्नेको छ, जसको परीक्षण हुन बाँकी छ । मन्दिरको मुद्दाजस्तै भाजपाका अधिकांश अभियान हिन्दी बेल्टमा केन्द्रित छन् । यी अभियान आवश्यक नहुन सक्छन् ।

चुनावी प्रचारप्रसारका लागि विभिन्न प्रदेशमा मन्त्री तथा सांसद पठाउने सत्तारुढ दलले अब आयोजना र सरकारी योजनाको कार्यान्वयनको नजिकबाट अनुगमन र सुपरीवेक्षण गर्न आग्रह गर्नुपर्छ ।

चुनावी नतिजाहरूले एउटा महत्त्वपूर्ण प्रश्न खडा गरेको छ, के मोदी फ्याक्टरजस्ता विषयविरुद्ध मतदातालाई प्रभाव पार्नका लागि निःशुल्क सेवा पर्याप्त छन् ? राजस्थानका मुख्यमन्त्री अशोक गहलोतले दिएको निःशुल्क सुविधाले कंग्रेसलाई आफ्नो कब्जामा ठूलो संख्यामा रहेको सिट गुमाउनबाट रोक्न सकेन ।

सहरी आवश्यकता पूरा गर्न तमिलनाडुमा लोकप्रिय सस्तो चामल वितरण योजनाजस्ता निःशुल्क सुविधा अब परिवर्तन हुन थालेका छन् । सबै दलका राजनीतिज्ञ मतदातालाई बहकाउन मात्र नभई ठुल्ठूला वाचा गर्ने प्रतिद्वन्द्वी दलसँग प्रतिस्पर्धा गर्न यस्ता निःशुल्क सेवा प्रदान गर्न बाध्य हुनेछन् ।

तर, सबै पक्षहरूले समान प्रस्ताव गर्ने परिदृश्यमा यो कत्तिको उपयोगी छ भन्ने प्रश्न अझै बाँकी छ । केन्द्रमा सत्तारुढ दल भएकाले भाजपाले निःशुल्क सुविधाले राष्ट्रिय कोषमा थोपर्ने तनाव र पूर्वाधार विकास र अन्य कार्यक्रमका लागि आवश्यक कोषको रकम कसरी घटाउने भनेर चिन्ता गर्न आवश्यक छ । स्वदेश र विदेशमा एउटा प्रशंसनीय नेताका रूपमा प्रधानमन्त्रीसँग प्रभावकारी प्रशासक र राजनीतिज्ञको रूपमा आफ्नो विरासतमा चिन्तित हुनुपर्ने कारण छन्, जुन चुनावी विजेताको छविभन्दा पनि ठूलो छ । यसकारण भाजपाले चुनावी नतिजा र मोदी छविको शक्तिको पुष्टि गर्ने अवसरलाई प्रदर्शन र वितरणमा केन्द्रित गर्न प्रयोग गर्नुपर्छ ।

- एनडिटीभिबाट

इतिहासमा आज

डिसेम्बर १०



सन् १९४८ : राष्ट्रसंघले मानवअधिकारबारे विश्वव्यापी घोषणा अंगीकार गरेको थियो । घोषणामा मानिसको आधारभूत अधिकारलाई विश्वव्यापी रूपमा संरक्षण गरिएको छ । घोषणा गरेको दिन १० डिसेम्बरमा विश्व मानवअधिकार दिवस मनाइन्छ ।

सन् १८८७ : मिसिसिपी अमेरिकाको २०औँ राज्य बन्यो ।

सन् १९०१ : पहिलोपटक नोबेल पुरस्कार वितरण गरिएको थियो । स्विडेनका रसायनशास्त्री डा. अल्फ्रेड नोबेलको मृत्युको पाँच वर्षपछि पहिलो नोबेल पुरस्कार घोषणा गरिएको थियो ।

सन् १९४१ : अमेरिका, बेलायती र प्रशान्त तथा पूर्वीएसियाको डच क्षेत्रमा जापानी आक्रमणपछि एडोल्फ हिटलरले जर्मनी संयुक्त राज्य अमेरिकासँग युद्धमा रहेको घोषणा गरे ।

सन् १९९६ : दक्षिण अफ्रिकाका तत्कालीन राष्ट्रपति नेल्सन मन्डेलाले लामो समयको गोरा अल्पसंख्यक शासन (रंगभेद)बाट पूर्ण लोकतन्त्रमा संक्रमण पूरा गर्ने नयाँ संविधानमा हस्ताक्षर गरे ।

सन् २००७ : अर्जेन्टिनाले पहिलो महिला राष्ट्रपति पाएको थियो । आजकै दिन क्रिस्टिना फर्नेन्डाइज क्रिच्नर अर्जेन्टिनाको पहिलो महिला राष्ट्रपति बनेकी थिइन् । उनी आफ्नो पति नेस्टर किर्चनरको उत्तराधिकारी बनिन् ।

विश्व संक्षेप

यौनदासी महिलालाई क्षतिपूर्ति दिन कोरियाली अदालतको आदेश

टोकियो/ युद्धकालमा जबर्जस्ती यौनदासी बनाइएका १६ महिलालाई क्षतिपूर्ति दिन जापानलाई दक्षिण कोरियाली एक अदालतले आदेश दिएको छ । शनिबार दक्षिण कोरियाको एक अदालतले उक्त आदेश दिएको हो । दोस्रो विश्वयुद्धमा अधिकांश कोरियालीसहित चीन र एसियाका अन्य भागका दुई लाख महिला जापानी सेनाका यौनदासी बन्न बाध्य भएका थिए । दक्षिण कोरियाको ऐतिहासिक विवादको एक भागका रूपमा रहेको यो मुद्दाले द्विपक्षीय सम्बन्धलाई लामो समयदेखि प्रभावित बनाएको छ ।

नोभेम्बर २३ को फैसलाले मुद्दा खारेज गर्ने तल्लो अदालतको निर्णयलाई उल्ट्याउँदै टोकियोलाई प्रत्येक कोरियाली उजुरीकर्तालाई करिब २० करोड वन (एक लाख ५२ हजार अमेरिकी डलर) भुक्तानी गर्न आदेश दिएको थियो । उक्त फैसलापछि जापानका विदेशमन्त्री योको कामिकावाले फैसला 'बिल्कुल अस्वीकार्य' र 'स्पष्ट रूपमा अन्तर्राष्ट्रिय कानुन र दुवै मुलुकबीचको सम्झौताविपरीत' रहेको टिप्पणी गरेका थिए । प्रतिवादीका तर्फबाट कुनै अपिल नभएको भन्दै सोलको विदेश मन्त्रालयले अदालतको फैसलालाई शनिबार अन्तिम रूप दिइएको बताएको छ । 'दक्षिण कोरियाली सरकारले पीडित महिलाको सम्मान र प्रतिष्ठा कायम राख्नका लागि प्रयास जारी राख्नेछ, साथै दक्षिण कोरिया र जापानले भविष्यउन्मुख तरिकाले सहयोग जारी राख्ने कुराको सुनिश्चित गर्नेछ,' अमेरिकी विदेश मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

'गाजाको युद्ध अपराधमा अमेरिकाको मिलेमतो'

गाजा सिटी/ अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि प्यालेस्टिनी राष्ट्रपति मोहम्मद अब्बासले युद्ध अपराधमा अमेरिकाको मिलेमतो रहेको आरोप लगाएका छन् । अब्बासले गाजामा भएको इजरायली हमलामा वासिंटनलाई जिम्मेवार ठहऱ्याउने चेतावनी दिए । त्यस्तै अमेरिकी कदमपछि इरानले मध्यपूर्वमा अवस्था नियन्त्रणबाहिर जान लागेको बताएको छ । इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर-अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गरे ।

इरान समर्थित इस्लामिक लडाकु समूह हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आश्चर्यजनक हमलामा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिसको मृत्यु भएको छ भने दुई सय ४० जनालाई बन्धक बनाएको छ । इजरायलले हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा प्रत्याक्रमण गरेको छ । हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित १७ हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ । इजरायल अमेरिकाको मुख्य सहयोगी मुलुक हो ।

महासंघमा रहँदा बुर्किना फासो, माली र नाइजरलाई कति फाइदा ?

महासंघ निर्माणपछि ती देशमा सामूहिक प्रतिरक्षाका लागि एक-अर्काको सेना परिचालनको बाटो खुल्नेछ


अफ्रिकाको सहेल क्षेत्रमा अवस्थित तीन देशहरू बुर्किना फासो, माली र नाइजरले महासंघ निर्माणको तयारी सुरु गरेका छन् । ती मुलुकका विदेशमन्त्रीहरूले डिसेम्बर १ मा तिनका देशको एक 'महासंघ' गठन गर्ने प्रस्ताव अघि सारे । 'लिप्टाको-गौर्मा' बडापत्रमा आधारित रहेर बन्ने यो महासंघलाई कालान्तरमा एक संघीय राज्यमा बदल्ने दीर्घकालीन लक्ष्य रहेको ती देशका मन्त्रीहरूले बताएका छन् । एकअर्का देशसँग सिमाना जोडिएका यी तीनै मुलुकको अस्थिरता र हिंसाको लामो इतिहास छ । पछिल्लो निर्णय पनि खासमा यी देशको नाजुक सुरक्षालाई सुदृढ गर्न एकअर्काको सेनालाई सहभागी गराउने अवधारणबाट प्रेरित रहेको विश्लेषकले बताएका छन् । महासंघ निर्माणपछि ती मुलुकले सामूहिक प्रतिरक्षाका लागि एक-अर्काको सेना परिचालनको बाटो खुल्नेछ ।

कुपछि पश्चिमी देशको दबाब र देशभित्रै बढिरहेको जिहादी अतिवादीको प्रभावसँग जुध्नुपर्ने बाध्यताबीच यो गठजोड निर्माण गर्न लागेको विश्वास गरिन्छ ।

बुर्किना फासो, माली र नाइजरबीच बन्ने महासंघ साँच्चै कार्यान्वयन भएमा यसले सहेल क्षेत्रलाई व्यापक रुपान्तरण गर्ने प्रक्षेपण गरिँदै छ । यसले सुरक्षामा मात्र नभई आर्थिक रूपमा पनि प्रभाव पार्नेछ । अब बन्ने महासंघअन्तर्गत सदस्य राष्ट्रको सार्वभौमसत्ता र स्वतन्त्रता कायम रहनेछ, तर उनीहरूबीच आपसी हितका लागि सहकार्य हुनेछ । तीन देशको भूगोल, इतिहास, संस्कृति, धर्म धेरै हदसम्म समान छन् । त्यस्तै यी देशमा उस्तै खालका प्राकृतिक स्रोतहरू सुन, युरेनियम, कपास र पशुधन पाइन्छन् । र, उनीहरूले सामना गरिरहेको समस्या र चुनौती पनि समान नै देखिन्छ । यी देशले लामो समयदेखि सामना गरिरहेको धार्मिक र जातीय द्वन्द्वले तिनको अर्थतन्त्रलाई नराम्ररी असर पुऱ्याएको छ ।

महासंघका लागि सहमति जनाएका तीनवटै देश पछिल्लो दुई वर्षभित्र सैन्य कु भोगेका मुलुक हुन् । सैन्य कुपछि तिनलाई ठूलो पश्चिमी दबाब परिरहेको छ । उदाहरणका लागि, निजेरमा सैन्य कु भएपछि देशको बजेटमा ४० प्रतिशत कटौती भइसकेको छ, यसमा विशेषतः पश्चिमी प्रतिबन्ध र आर्थिक सहयोग कटौतीको भूमिका रह्यो । जारी राजनीतिक तनावबीच देशको ऋण पनि बढेर ८५ लाख डलर पुगेको छ । अमेरिकाले 'अफ्रिकन ग्रोथ एन्ड अपर्चुनिटी एक्ट (एजिओए)' नामक व्यापार कार्यक्रमबाट पनि नाइजर हटाइदिएको छ । सन् २०२१ देखि सन् २०२३ फेब्रुअरीबीचमै राजनीतिक हिंसाका कारण हुने मृत्यु बुर्किना फासोमा ७७ प्रतिशतले र मालीमा १५० प्रतिशतले वृद्धि भएको छ । अहिले बुर्किना फासो विश्वमा सबैभन्दा बढी आतंकवादी गतिविधिबाट प्रभावित हुने मुलुकमा पर्छ ।

यी मुलुकले सन् २०२३ सेप्टेम्बर १६ मा मै एक सैन्य सन्धि गरेर 'एलायन्स अफ सहेल स्टेट्स' निर्माण गरेका थिए । त्यस गठबन्धनको मुख्य प्रेरणामध्ये एक यस भेगको सुरक्षा र स्थिरता बढाउनु भनिएको थियो । एलायन्स अफ सहेल स्टेट्सको बडापत्रले संलग्न कुनै एक वा बढी पक्ष (देश)को सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतामाथि हुने कुनै पनि आक्रमणलाई अन्य पक्षविरुद्ध पनि आक्रमण भएसरह मानिने उल्लेख छ । सो बुँदामा त्यस्तो अवस्थामा सबैले आक्रमण भोगिरहेको पक्षलाई सघाएर सुरक्षा पुनर्स्थापना गरेर कायम राख्न सशस्त्र बलको प्रयोगसहित सबै सहयोग गर्नुपर्ने कर्तव्य हुने भनिएको छ ।



महासंघका लागि सहमति जनाएका तीनवटै देशले सैन्य कु भोगेका छन् । कुपछि पश्चिमी देशको दबाब र देशभित्रै बढिरहेको जिहादी अतिवादीको प्रभावसँग जुध्नुपर्ने बाध्यताबीच यो गठजोड निर्माण गर्न लागेको विश्वास गरिन्छ ।

महासंघले उसको सीमाभित्रका सशस्त्र विद्रोह रोक्न वा सुरु भएकालाई साम्य पार्न प्रतिबद्धता जनाएको छ । यसमा उत्तरी मालीमा टुआरेग सशस्त्र समूहले सुरु गरेको विद्रोह समेटिने छ । आफ्नो सैन्य र गुप्तचर स्रोतलाई एकीकृत गरेर यस राजनीतिक एकाइले आतंकवाद र विद्रोहको खतराको सामना गर्नेछ, जुन पछिल्लो समय यी देशका सबलताको मुख्य बाधक बनेर देखिएका छन् । पछि बन्ने तीन देशको महासंघले उसको लक्ष्य हासिल गर्नका लागि पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदाय (इकोवास), अफ्रिकी संघ (एयू), संयुक्त राष्ट्रसंघ र फ्रान्सजस्ता अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अभिनेतासँग समन्वय गर्ने घोषित नीति लिएको छ । यी निकाय सहेल क्षेत्रमा लामो समयदेखि शान्ति स्थापना, आर्थिक सहायता तथा युद्धरत पक्षबीच मध्यस्थतामा संलग्न हुँदै आएका छन् । रोचक के छ भने, माली, बुर्किना फासो र निजेरमा सैन्य विद्रोहपछि त्यसविरुद्ध कठोर अडान लिने संस्था यिनै थिए । इकोवासले नाइजर्र सो संगठनबाट मात्र निलम्बन गरेन, आवश्यक परे सैन्य कारबाही सुरु गर्ने चेतावनी दिएको थियो ।

सहेलका तीन देशको महासंघ बनेपछि यस भेगको स्रोत परिचालनमा टेवा पुग्ने र त्यसले लगानी आकर्षित गर्ने पनि तिनले आशा गरेका छन् । यो क्षेत्र विगत केही वर्षदेखि आर्थिक रूपमा अत्यन्त प्रभावित क्षेत्र रहेकाले यसको विकासका लागि बाह्य लगानीको अत्यन्त खाँचो रहँदै आएको छ । यही उद्देश्यका लागि गत महिना मात्र यी देशका अर्थमन्त्रीहरूले स्थिरीकरण कोष, एउटा लगानी बैंक र आर्थिक तथा मौद्रिक एकताको सम्भावनाको जाँच गर्न एक समिति स्थापना गर्न सिफारिस गरेका थिए । तीन देशको बजार जोडेर एक विशाल बजार सिर्जना हुने र उस्तै खालको प्राकृतिक र मानव संसाधन भएकाले आर्थिक समायोजन कठिन नहुने ती तीन देशको प्रक्षेपण छ । यसमा समग्रमा आर्थिक क्षमता र प्रतिस्पर्धात्मकता बढ्ने तिनको आशा छ ।

- भेन्चर अफ्रिकाबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २४ मंसिर ०८०

३० अर्बको ५ लाख २० हजार टन रासायनिक मल आयात हुँदै

कृषि सामग्री कम्पनीले तीन लाख ६४ हजार टन र साल्ट ट्रेडिङ कर्पोरेसनले एक लाख ५६ हजार टन मल आपूर्ति सुरु गरिसके

अजित अधिकारी/नयाँ पत्रिका

रासायनिक मलमा अनुदानका लागि चालू आर्थिक वर्ष ०८०/८१ मा विनियोजित ३० अर्ब खर्चेर पाँच लाख २० हजार टन आयात सुनिश्चित गरिएको छ। वर्षभरिमा यही परिमाणको मल खपत हुने सरकारको दाबी छ।

विनियोजित बजेटमध्ये २१ अर्ब खर्चेर कृषि सामग्री कम्पनी लिमिटेडले तीन लाख ६४ हजार टन र नौ अर्ब रुपैयाँ खर्चेर साल्ट ट्रेडिङ कर्पोरेसनले एक लाख ५६ हजार टन मल आपूर्ति सुरु गरेका छन्। यसमध्ये कृषि सामग्रीले ६४ हजार आठ सय ८२ टन र साल्ट ट्रेडिङले ९९ हजार टन मल आयात गरिसकेका छन्।

आयात भइसकेको कुल एक लाख ६३ हजार आठ सय ८२ टनमध्ये बिक्री भएर दुवै संस्थाको गोदाममा एक लाख दुई हजार एक सय १२ टन मौज्दात राखिएको छ। अहिले धमाधम मल आयात भइरहेको कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालले जानकारी दिए। 'यो वर्ष समस्यामा पर्न नदिन साउनदेखि नै टेन्डर प्रक्रिया सुरु गर्न लगाएका थियौं। म आफैं मल आयातको विषयमा निरन्तर लागिँ,' कृषिमन्त्री भुसालले भने, 'त्यसैले अहिले सहज रूपमा आयात भइरहेको छ।' सरकारको काम आयात गर्ने मात्रै रहेको र वितरणको जिम्मा सहकारीलाई दिएकाले विगतमा जस्तो समस्या हुन नदिनेतर्फ सजग हुनुपर्ने उनले बताए। 'विगतमा थोरै आएको मलसमेत वितरणमा समस्या भयो, यसपटक समस्या नहुने गरी काम गर्नुपर्नेछ,' उनले भने।

मल आयातको जिम्मा पाएका कृषि सामग्री र साल्ट ट्रेडिङ कर्पोरेसनका अनुसार थप एक लाख ४३ हजार तीन सय ६२ टन मल आयात गर्ने आपूर्तिकर्ताले विभिन्न देशको बन्दरगाहबाट मल ल्याउन जहाजमा लोड (सिपमेन्ट) गरिसकेका छन्। बढीमा एक महिनाभित्र नेपाल भित्रिन सुरु हुने उनको भनाइ छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले निरन्तरको प्रयासपछि यो वर्ष मल आयात केही सजिलो भएको बताए। 'बजेटमै ठूलो रकम विनियोजन हुँदा आयातमा केही सजिलो भयो,' उनले भने, 'अर्कातिर रणनीति नै बनाएर हामीले यसपटक समयमै मल ल्याउने योजनालाई कार्यान्वयन गरेका हौं।'

कृषि सामग्री कम्पनी लिमिटेडका निमित्त प्रबन्ध निर्देशक विष्णुप्रसाद पोखरेलले निरन्तरको प्रयासपछि यस वर्षका लागि छुट्याइएको सबै मलको टेन्डर गरिएको बताए। विगतमा टेन्डरबाट छनोट भएका आपूर्तिकर्ताले अन्तर्राष्ट्रिय बजारभाउ बढेको भन्दै सम्झौताअनुसार मल नल्याउँदा पनि समस्या भएको थियो। यो वर्ष भने छनोट भएका आपूर्तिकर्ताले नियमित रूपमा मल आयात गरिरहेको उनले जानकारी दिए।

कृषि सामग्रीले यो वर्षका लागि कोटाभन्दा १५ हजार टन बढी हुने गरी तीन लाख ८० हजार टन मल खरिदका लागि १५ वटा टेन्डर गरेको छ। त्यसमध्ये १० हजार टन पोटास खरिदको टेन्डर रद्द भए पनि अन्य सबै सफल भएको उनले जानकारी दिए। १० हजार टन पोटासको पुनः २६ कात्तिकमा नयाँ टेन्डर भइसकेको छ।

त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेसनका सूचना अधिकारी ब्रजेस भाले यो वर्षका लागि तोकिएको एक लाख ५६ हजार टन मल आयातको व्यवस्था भइसकेको बताए। कर्पोरेसनले सबै मल खरिदका लागि टेन्डर गरिसकेको र हालसम्म ९९ हजार प्राप्त भएको तथा ५६ हजार टन सिपमेन्ट भएको उनले जानकारी दिए। 'चालू आवमा मल आयात समयमै सुरु गर्न गत वर्ष जेठमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गम्भीर समीक्षा भएको थियो,' उनले भने।

गोदाममा एक लाख टन, डेढ लाख टन बाटोमा

कृषि सामग्री र साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा हाल एक लाख दुई हजार एक सय १२ टन रासायनिक मल मौज्दात छ। यसमध्ये कृषि सामग्रीसँग ४२ हजार सात सय ७३ टन रासायनिक मल मौज्दात छ। कम्पनीका निमित्त प्रबन्ध निर्देशक विष्णु पोखरेलका अनुसार युरिया १५ हजार तीन सय २३ टन, डिएपी २६ हजार दुई सय टन र पोटास एक हजार दुई सय ५० टन मौज्दात छ। हाल दैनिक औसतमा एक हजार टन मल गोदामबाट बिक्री भइरहेको उनले जानकारी दिए।

त्यस्तै, साल्ट ट्रेडिङ कर्पोरेसनको गोदाममा ५९ हजार तीन सय ३९ टन मल मौज्दात छ। कर्पोरेसनका सूचना अधिकारी झाका अनुसार युरिया ३७ हजार पाँच सय चार टन, डिएपी २१ हजार दुई सय ७० टन र पोटास पाँच सय ६५ टन मौज्दात रहेको छ। 'मौज्दात परिमाण मागअनुसार नियमित रूपमा बिक्री भइरहेको छ,' झाले भने।

दुवै संस्थाले विभिन्न आपूर्तिकर्तासँग गरेको सम्झौताअनुसार एक लाख ४३ हजार तीन सय ६२ टन युरिया, डिएपी र पोटास सम्बन्धित देशको बन्दरगाहबाट जहाजमा लोड (सिपमेन्ट) भइसकेको छ। कृषि सामग्रीको मात्रै ८७ हजार तीन सय ६२ टन युरिया, डिएपी र पोटास सिपमेन्ट भइसकेको छ। यो परिमाणको मल भारतको कोलकाता र विशाखापट्टनम बन्दरगाहमा २२ देखि २५ दिनभित्र आइपुग्ने र त्यहाँबाट रेलमार्फत नेपालको वीरगन्ज तथा विराटनगर नाकामा ल्याइने कम्पनीका निमित्त प्रबन्ध निर्देशक पोखरेलले जानकारी दिए।

उनका अनुसार डिएपी ५० हजार पाँच सय टन र युरिया ३६ हजार आठ सय ६२ टन सिपमेन्ट भएका छन्। यो सबै मल पुस महिना वा बढीमा माघ दोस्रो हप्ताभित्र खपत भइसक्ने कम्पनीले जनाएको छ। 'अहिले भएको मौज्दात र सिपमेन्टमा रहेको परिमाणले हिउँदे बालीलाई धान्छ,' पोखरेले भने।

साल्ट ट्रेडिङको भने ५६ हजार टन युरिया, डिएपी र पोटास सिपमेन्ट भइसकेको छ। सूचना अधिकारी झाका अनुसार युरिया २५ हजार टन, डिएपी २६ हजार टन र पोटास ५ हजार टन आउँदै छ। गोदाममा रहेको र बाटोमा आउँदै गरेको रासायनिक मलको परिमाणले चैतेधान र पहाडी क्षेत्रमा लगाइने मकैलगायतका बालीका लागि धान्ने दाबी गरिएको छ।

बर्खेधानका लागि दुई लाख टन आपूर्ति हुने

कृषी सामग्रीका अनुसार एक लाख १० हजार टन युरिया र डिएपीको आयातकर्ता छनोट भइसकेको र प्रतीतपत्र (एलसी) खोल्नेलगायतका काम सकेर चाँडै ढुवानी सुरु हुँदै छ। यसमध्ये तीन हजार पाँच सय टन युरिया तातोपानी नाकामा आएर बसेको छ।

कृषि सामग्रीले कात्तिक २ देखि २६ सम्म थप ९५ हजार टन मल खरिदका लागि चारवटा टेन्डर गरेको छ। यीमध्ये तीनवटा टेन्डरको आपूर्तिकर्ता छनोट गर्ने समयावधि बाँकी नै छ। टेन्डर प्रक्रियामा रहेकोमध्ये ३०-३० हजार गरी कुल ६० हजार टन युरिया, २५ हजार टन डिएपी र १० हजार टन पोटास रहेको छ। यी सबै परिमाण आगामी असार-साउनको धानखेतीका लागि भएको कम्पनीले जनाएको छ। धानखेती लगाउन करिब दुई लाख ५० हजार टन रासायनिक मलको माग हुने गर्छ।

यस वर्ष सबैभन्दा धेरै मल आयात हुँदै

सरकारले यो वर्ष सबैभन्दा धेरै पाँच लाख २० टन मल आयात हुने जनाएको छ। गत आव ०७९/८० मा तीन लाख ३१ हजार पाँच सय टन मल आयात भएको कृषि मन्त्रालयले जनाएको छ। अघिल्लो आव ०७८/७९ मा दुई लाख १९ हजार टन मात्रै आयात भएको थियो। त्यस्तै, आव ०७७/७८ मा चार लाख दुई हजार टन, आव ०७६/७७ मा तीन लाख ५२ हजार टन, आव ०७५/७६ मा तीन लाख २० हजार टन, आव ०७४/७५ मा तीन लाख ३४ हजार टन र आव ०७३/७४ मा तीन लाख सात हजार टन आयात भएको कृषि मन्त्रालयले जनाएको छ।

थप एक लाख टन मल खरिदको प्रस्ताव

कृषि मन्त्रालयले चालू आवका लागि तयार कार्यतालिकाअनुसार पाँच लाख २० हजार टन रासायनिक मलको आपूर्ति सुनिश्चित भइसकेको जनाएको छ। असार-साउनको धानखेतीलाई अपुग हुन सक्ने थप एक लाख टन रासायनिक मल आपूर्तिका लागि स्रोत सुनिश्चितता गरिदिन अर्थ मन्त्रालयलाई प्रस्ताव पठाएको छ।

'यो वर्ष पाँच लाख २० हजार टन मल समयमै आपूर्ति हुने सुनिश्चित भइसकेको छ। तर, बर्खेधानका लागि मल नपुग्ला कि थप एक लाख टन खरिदका लागि स्रोत सुनिश्चितता गरिदिन अर्थलाई पत्राचार भएको छ। तर, केही जवाफ आएको छैन,' कृषि मन्त्रालयका एक अधिकारीले भने। ती अधिकारीका अनुसार यो वर्ष ६ लाख टनसम्म आपूर्ति गर्न पाए पर्याप्त हुने देखेर अहिले नै खरिद परिमाण सुनिश्चित गर्न खोजिएको हो।



■ सोचेअनुसार बजेट पाएपछि सजिलो भयो

● **डा. बेदुराम भुसाल**
मन्त्री, कृषि तथा पशुपक्षी विकास मन्त्रालय



सोचेअनुसारकै बजेट प्राप्त भएपछि खरिद प्रक्रिया समयमै सुरु गर्नुपर्छ भनेर हामी निरन्तर लागेका छौं। अहिले सबैजसो मल खरिदका लागि टेन्डर भइसकेको अवस्था छ। अब वितरणमा कतै समस्या नहोस् भनेर सजग हुने वेला आएको छ। हाम्रो खरिद प्रक्रिया साह्रै लामो भयो। जसकारण समयमै मल आयात गर्न नै कठिन हुने गरेको छ। त्यसैले अलि छोटो प्रक्रियाबाट खरिद गर्ने व्यवस्थाका लागि सार्वजनिक खरिद ऐन संशोधनका लागि पहल भइरहेको छ।

■ तोकिएकै समयमा टेन्डर गर्न सक्यौं

● **डा. गोविन्दप्रसाद शर्मा**
सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालय



बजेटमा नै ३० अर्ब रुपैयाँ अनुदान राखिएकाले खरिद प्रक्रिया अगाडि बढाउन सजिलो भयो। किसानलाई चाहिएका वेला मल उपलब्ध गराउन सात महिनाअघि नै खरिद प्रक्रिया थाल्नुपर्ने हुन्छ। यसपालि हामीले त्यही गर्यौं। निरन्तर लागिपरेका कारण अहिले तोकिएको सबै मल खरिदको टेन्डर गर्न सफल भएका हौं। आगामी आर्थिक वर्षका लागि मल किन्न अब पुस महिनामै लक्ष्य किटान गरी बजेटको सुनिश्चितता माग गर्ने गृहकार्यमा जुटिसकेका छौं।

■ युरियामा ५३ र डिएपीमा ५१ रुपैयाँ अनुदान

तीन वर्षदेखि अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यअनुसार नेपालमा मूल्यवृद्धि हुन नदिन सरकारले रासायनिक मलमा ठूलो दरले अनुदान प्रवाह गरिरहेको छ। तीन वर्षअघिसम्म १२ अर्ब अनुदान खर्च हुने गरेकोमा गत आव ०७९/८० मा ३८ अर्ब ५० करोड ६ लाख खर्च भएको थियो भने चालू आवमा ३० अर्बको मल आयात सुनिश्चित भएको छ। कृषि सामग्री कम्पनी लिमिटेडले सहकारीहरूलाई युरिया ६८ रुपैयाँ प्रतिकिलोमा बिक्री गरिरहेको छ। यसमा प्रतिकिलो ५३ रुपैयाँ अनुदान सरकारले व्यहोरेको छ भने १५ रुपैयाँ प्रतिकिलो खरिद मूल्य जोडिएको छ। त्यस्तै, डिएपी ९५ रुपैयाँ प्रतिकिलोमा सहकारीलाई बिक्री हुने गरेकोमा ५१ रुपैयाँ अनुदान र ४४ रुपैयाँ खरिद मूल्य जोड्ने गरिएको छ। सहकारीले भने कृषि सामग्रीको गोदाम वा कार्यालयबाट किनेपछि ढुवानी खर्च र सञ्चालन खर्च जोडेर किसानलाई बिक्री गर्ने गरेका छन्। तीन वर्षअघिसम्म युरियामा ७० प्रतिशत र डिएपी र पोटासमा समान ५० प्रतिशत अनुदान तोकिएको थियो। तर, अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य आकासिएर एक हजार डलर प्रतिटन नाघेपछि नेपाली बजारमा मूल्य नियन्त्रण गर्न सरकारले युरियाको अनुदान हिस्सा ७८ प्रतिशत पुऱ्याएको हो। डिएपी र पोटासमा भने ५३ प्रतिशत अनुदान कायम छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

लगानी सम्मेलनको तयारीमा सरकार

लगानीसम्बन्धी कानुन संशोधन गर्न कार्यदल गठन, विदेशमा प्रि-इभेन्ट गरिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लगानी सम्मेलन गर्ने घोषणा गरेसँगै सरकारले तयारी तीव्र बनाएको छ। सरकारले आगामी ९ र १० वैशाखमा काठमाडौंमा लगानी सम्मेलन गर्ने घोषणा गरिसकेको छ। सम्मेलनका लागि अर्थमन्त्री डा. प्रकाशशरण महतको संयोजकत्वमा निर्देशक समिति, मुख्यसचिव डा. वैकुण्ठ अर्यालको सयोजकत्वमा कार्यान्वयन समिति गठन गरिएको छ। यसैगरी, उद्योगसचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा प्राविधिक समिति पनि गठन भइसकेको छ। १० मंसिरमा निर्देशक समितिको पहिलो बैठक सम्पन्न भइसकेको छ। मंगलबार कार्यान्वयन समितिको पहिलो बैठक बसेर पूर्वतयारीको काम गर्न विभिन्न निकायलाई जिम्मेवारी दिइएको छ।

सरकारले यसअघि फागुन ०७३ र चैत ०७५ मा लगानी सम्मेलन गरिसकेको छ। लगानी सम्मेलनको पूर्वतयारीस्वरूप लगानी बोर्डले भदौ ०७९ मा सस्टेनेबल इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट फोरम पनि आयोजना गरेको थियो। अब लगानी सम्मेलनको मिति आउन साढे चार महिना बाँकी छ। तर, छोटो समयमै भए पनि पूर्ण तयारीका साथ सम्मेलन गर्ने सरकारको दाबी छ।

प्रचारप्रसारका लागि प्रि-इभेन्ट

सरकारले लगानी सम्मेलनको प्रचारप्रसार गर्न देश र विदेशमा प्रि-इभेन्ट गर्ने भएको छ। मंगलबार बसेको कार्यान्वयन समितिको बैठकले लगानी सम्मेलनको सचिवालयलाई प्रि-इभेन्टको खाका र सूची तयार गर्न जिम्मेवारी दिएको छ। सरकारले निजी क्षेत्रका संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान), गैरआवासीय नेपाली संघलगायतका संस्था, सञ्चार क्षेत्र, नेपालस्थित विदेशी दूतावास, नेपालस्थित नेपाली दूतावासलगायतका निकायसँग सहकार्य गरेर लगानी सम्मेलनको प्रि-इभेन्ट गर्ने तयारी गरेको छ।

समितिले लगानीसम्बन्धी नीति, कानुन तथा प्रक्रियाहरूलाई सुधार गर्न कानुनसचिवको सयोजकत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको छ। नेपालमा अझै पनि लगानीसम्बन्धी वातावरण नभएको टिप्पणी भइरहेका कारण सम्बन्धित कानुन, नीति तथा प्रक्रियागत सुधार गर्नुपर्नेमा सरोकारवालाले जोड दिँदै आएका छन्। सोही अवस्थालाई लक्षित गर्दै नीति तथा कानुनलाई आवश्यक परिमार्जन गर्न कार्यदल बनाइएको बोर्डको भनाइ छ।

■ खाका बनाउने जिम्मा सचिवालयलाई

बैठकले सम्मेलन गर्दा लाग्ने खर्च (बजेट)को खाका बनाउने जिम्मा लगानी सम्मेलनको सचिवालयलाई दिएको छ। सम्मेलनमा आउने विदेशी तथा स्वदेशी पाहुनाका लागि यातायात, आवासीय, इभेन्ट, प्रचारप्रसार, कर्मचारी नियुक्तलगायतका शीर्षकमा ठूलो रकम खर्च हुन्छ, त्यसको विस्तृत खाका बनाउन कार्यान्वयन समितिले सचिवालयलाई जिम्मा दिएको छ। साथै, लगानी सम्मेलनमा स्वदेश तथा विदेशका कुन-कुन प्रतिनिधिलाई बोलाउने भन्ने विषयमा पनि आवश्यक विवरण बनाउन सचिवालयलाई नै जिम्मा दिइएको छ। सरकारले सम्मेलनमा भारत, चीनलगायत नेपालमा बढी लगानी गर्ने देशका प्रधानमन्त्री, अर्थमन्त्रीजस्ता उच्च अधिकारी ल्याउने लक्ष्य लिएको छ।

सोकेस गर्ने परियोजना सिफारिस गर्न आग्रह

समितिले सम्मेलनमा सोकेस गर्ने परियोजना सिफारिस गर्न आग्रह पनि गरेको छ। ऊर्जा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, लगानी बोर्डलगायतका निकायलाई सम्मेलनमा सोकेस गर्न सकिने आयोजना र त्यसको विवरण माग्गिएको हो। प्राप्त विवरणबाट सम्मेलनको प्राविधिक समितिले सोकेसका लागि परियोजना छनोट गर्नेछ। त्यसपछि निर्देशक समितिमार्फत त्यसलाई अन्तिम रूप दिइनेछ।

यी हुन् प्राथमिकतामा परेका देश

सरकारले लगानी सम्मेलनमा पछिल्लो समय उदीयमान अर्थतन्त्र भएका देशलाई प्राथमिकतामा राखेको छ। पूर्वी एसियाका जापान, कोरिया तथा खाडी मुलुकको अर्थतन्त्र उदीयमान हुँदै गएका छन्। त्यसमाथि उक्त देशका लगानीकर्ताले पनि लगानी गर्ने मामिलामा नेपाललाई प्राथमिकतामा राखेका छन्। यसैगरी, छिमेकी मुलुकहरू भारत, चीन र बंगलादेश पनि नेपालमा लगानी गर्न इच्छुक छन्। पछिल्लो समय सिंगापुर पनि नेपालमा लगानी गर्न इच्छुक देखिन्छ। तसर्थ, उक्त मुलुकलाई प्राथमिकतामा राखेर लगानी सम्मेलन गर्ने सरकारको योजना छ। यद्यपि, अमेरिका, अस्ट्रेलिया, क्यानडा, युरोपजस्ता विकसित मुलुकलाई पनि प्राथमिकतामा राख्ने सरकारको योजना छ। यसैगरी विश्व बैंक, एसियाली विकास बैंक, जाइकाजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्था तथा दातृ निकायलाई पनि उच्च प्राथमिकतामा राख्ने तयारी गरिएको छ। यसैगरी, ठुल्ठूला लगानीकर्ता, बहुराष्ट्रिय कम्पनी, ठुल्ठूला कम्पनीलाई पनि प्राथमिकतामा राखेर लगानी सम्मेलन गर्ने योजना छ। साथै, गैरआवासीय नेपालीलाई पनि उच्च प्राथमिकतामा राखिएको बोर्डको भनाइ छ।

के छ निजी क्षेत्रको अपेक्षा ?

यसैबीच निजी क्षेत्रले रिजल्ट आउने गरी नै सम्मेलन गर्न सरकारलाई सुझाव दिएको छ। विगतका लगानी सम्मेलनबाट नेपालले २५ प्रतिशत हाराहारीमा लाभ लिन सकेको निजी क्षेत्रको अनुमान छ। अब भने शतप्रतिशत नै लाभ लिन सक्ने गरी सम्मेलन गर्नुपर्ने परिसंघका अध्यक्ष राजेश अग्रवालले बताए।

'अब सोकेस गर्नका लागि मात्रै आयोजना राख्नुहुँदैन। आवश्यक र प्राथमिकताका आयोजना मात्रै सोकेस गर्नुपर्छ,' उनले भने, 'साथै, त्यसमा लगानी भित्र्याउने सम्मेलनपछि पनि पोस्ट इभेन्ट गर्नुपर्छ।

प्रिमियमबापत आम्दानी भएको रकम चुक्ता पुँजीमा जोड्न पाउने

मुना कुँवर/नयाँ पत्रिका

अब चुक्ता प्रिमियम सेयर जारी गरेका बिमा कम्पनीहरूले प्रिमियमबापत आम्दानी भएको रकम चुक्ता पुँजीमा जोड्न पाउने भएका छन्। नेपाल बिमा प्राधिकरणले बिमा कम्पनीहरूलाई पुँजी वृद्धिमा सहज बनाउन प्रिमियमबापतको आम्दानी रकम चुक्ता पुँजीमा जोड्न सकिने नयाँ व्यवस्था गरेको हो।

नयाँ व्यवस्थाअनुसार प्रिमियममा सेयर जारी गरेका कम्पनीले प्रिमियमबापत भएको आम्दानी (किताबी मूल्य १०० भन्दा माथिको) छुट्टै कोषमा राखेका छन्। सो रकम अब लाभांश (बोनस सेयर)मार्फत लगानीकर्तालाई बाँडेर पुँजी बढाउन पाउने व्यवस्था प्राधिकरणले गरेको हो। साधारण सेयर जारीपछि पनि तोकिएको पुँजी कायम गर्न नसकेको बिमा कम्पनीका लागि प्राधिकरणले यस्तो सुविधा दिएको हो। प्राधिकरणका अनुसार हालसम्म सिटिजन लाइफ इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स, सन नेपाल र रिलायबल लाइफ इन्स्योरेन्सले प्रिमियममा आइपिओ निष्कासन गरेका छन्। प्राधिकरणको निर्देशनअनुसार जीवन बिमा कम्पनीले पाँच अर्ब र निर्जीवन बिमा कम्पनीले दुई अर्ब ५० करोड पुँजी कायम गर्नुपर्छ।

चार कम्पनीको सात अर्ब प्रिमियम कोषमा

बिमा प्राधिकरणको तथ्यांकअनुसार प्रिमियममा आइपिओ जारी गरेका चार जीवन बिमा कम्पनीको करिब सात अर्ब रुपैयाँ प्रिमियम बिमा कोषमा छ। सिटिजन्स लाइफ इन्स्योरेन्सले तीन अर्ब ७५ करोड रुपैयाँ चुक्ता पुँजी कायम गर्न सकेको छ। कम्पनीको प्रिमियम कोषमा भने एक अर्ब ५५ करोड छ। त्यस्तै, आइएमई लाइफ इन्स्योरेन्सको चुक्ता पुँजी चार अर्ब पुगेको छ। कम्पनीको प्रिमियम कोषमा एक अर्ब ५३ करोड छ। यसका साथै चार अर्ब चुक्ता पुँजी रहेको रिलायबल नेपाल इन्स्योरेन्सको प्रिमियम कोषमा एक अर्ब ७५ करोड छ। यसैगरी, हाल तीन अर्ब २० करोड चुक्ता पुँजी रहेको सन नेपालको प्रिमियम कोषमा एक अर्ब ८० करोड छ। प्राधिकरणको नयाँ व्यवस्थाअनुसार यी कम्पनीले प्रिमियम कोषमा रहेको पैसा लाभांश (बोनस) सेयरमार्फत चुक्ता पुँजीमा थप गर्न पाउने प्राधिकरणका प्रवक्ता राजुरमण पौडेलले बताए।

प्राधिकरणले चुक्ता पुँजी कायम गर्न मर्जरलाई पहिलो प्राथमिकतामा राखेको थियो। जसअनुसार धेरै कम्पनी मर्जरमा गए। मर्जरपछि पनि चुक्ता पुँजी कायम गर्न नसकेका कम्पनीलाई प्राधिकरणले ३० प्रतिशतसम्म हकप्रद सेयर जारी गर्न पाउने व्यवस्था गरेको थियो।

त्यस्तै, प्राधिकरणले कम्पनीका सञ्चालकलाई पुँजी थप गरी चुक्ता पुँजी कायम गर्न सकिने व्यवस्था पनि गरेको थियो। लाइफ इन्स्योरेन्स कर्पोरेसन कम्पनीको भारतस्थित माउ कम्पनीले पुँजी थप गरी चुक्ता पुँजी कायम गरेको छ। साथै, एनएलजी नेपालको हकमा पनि माउ कम्पनी नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले पुँजी थप गर्ने भएको छ।

■ पुँजी कायम गर्न नसक्दा पटक-पटक समय थप

बिमा कम्पनीहरूले तोकिएको समयमा पुँजी कायम गर्न नसक्दा प्राधिकरणले पटक-पटक समय थप गरेको छ। यसरी थपिएको समयमा पनि कम्पनीहरूले पुँजी कायम गरिसकेका छैनन्। प्राधिकरणका अनुसार अधिकांश कम्पनीले पुँजी कायम गर्नका लागि योजना बुझाएका छन्। योजना बुझाएका कम्पनीहरू पुँजी जुटाउने कार्यमा छन्। तर, नेपाल इन्स्योरेन्स कम्पनी र प्रभु इन्स्योरेन्स कम्पनीले भने पुँजी जुटाउन ढिलाइ गरेको प्राधिकरणका प्रवक्ता पौडेलले बताए। यी कम्पनीहरूले सम्पत्ति बिक्री गरी पुँजी जुटाउने योजना बुझाएका थिए। योजना बुझाइसकेका कारण प्राधिकरणले कारबाहीको प्रक्रिया अगाडि नबढाएको प्रवक्ता पौडेलले बताए। 'कम्पनीहरूले पुँजी कायम नगरेपछि योजना भने बुझाएका छन्। त्यसैले यी कम्पनीलाई हामीले योजनाअनुसार काम गर्न दिएका छौं,' उनले भने।

योजनाअनुसार नेपाल र प्रभु इन्स्योरेन्स कम्पनीले नेपाल पुनर्बिमा कम्पनीमा भएको सेयर बिक्री गरेको उनले बताए। यसपछि पनि कम्पनीको पुँजी कायम नभएमा अन्य विकल्प सोचिने उनले बताए।

नेपालको बजारअनुसार कम्पनीको संख्या अधिक भएपछि प्राधिकरणले कम्पनीको संख्या घटाउने नीति अगाडि सार्दै पुँजी वृद्धिका लागि निर्देशन दिएको थियो। प्राधिकरणको निर्देशनअनुसार जीवन बिमा कम्पनीले पाँच अर्ब र निर्जीवन बिमा कम्पनीले दुई अर्ब ५० करोड पुँजी कायम गर्नुपर्छ। कम्पनीहरूले ०७९ चैतसम्ममा नै पुँजी जुटाइसक्नुपर्ने थियो। तर, तोकिएको समयमा धेरै कम्पनीले पुँजी जुटाउन सकेनन्। तसर्थ, प्राधिकरणले ०८० असारसम्ममा पुँजी जुटाउन समय थप गरेको थियो।

पुँजी जुटाउनकै लागि मर्जरमा गएपछि अहिले नेपालमा १४-१४ वटा जीवन तथा निर्जीवन बिमा कम्पनी कायम भएका छन्। त्यसमा जीवन बिमातर्फ नेपाल लाइफ, हिमालयन लाइफ र नेसनल लाइफले तोकिएको न्यूनतम चुक्ता पुँजी कायम गरेका छन्। यसैगरी, निर्जीवनतर्फ प्रिमियर, सगरमाथा लुम्बिनी, शिखर र आइजिआई प्रुडेन्सियलले तोकिएअनुसार पुँजी कायम गरिसकेका छन्। अन्य कम्पनीले भने योजना बझाएर प्रक्रिया अगाडि बढाएका छन्। यसअघि जीवन बिमा कम्पनीको दुई अर्ब र निर्जीवन बिमा कम्पनीको एक अर्ब रुपैयाँको न्यूनतम चुक्ता पुँजी हुनुपर्ने व्यवस्था थियो।

स्थायी मापदण्डसहितको जलविद्युत् विकास : विज्ञ

काठमाडौं/ नेपालको जलविद्युत् विकासका लागि दिगोपन र स्थायित्वसहितको मापदण्ड अपरिहार्य रहेको विज्ञहरूले बताएका छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)को नियमित कार्यक्रम 'फ्राइडे फोरम'अन्तर्गत शुक्रबार ललितपुरमा आयोजित 'जलविद्युत् दिगोपन मापदण्डको व्यावसायिक मूल्य' विषयक कार्यक्रममा उनीहरूले यस्तो धारणा राखेका हुन्। कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले समुदाय र वातावरणको भलाइका लागि जलविद्युत्को दिगोपनामा ध्यान दिनुपर्ने बताए। उनले भने, 'नेपाल जलविद्युत् दिगोपनका मापदण्ड अपनाउने देशमा अग्रणी नै रहेको छ। नेपाल, क्यानडा, ब्राजिललगायत केही देशका केही जलविद्युत् आयोजनाले यसअघि नै गोल्ड सर्टिफिकेट लिएका छन्।'

इप्पानसहित युएसआइडी, हाइड्रोपावर सस्टेनेबिलिटी एलाइन्स, नोराड र बिजबेलले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष कार्कीले इप्पान साझा दृष्टिकोणका साथ अघि बढ्न तयार रहेको बताए। कार्यशालामा बिजबेलका संस्थापक तथा अन्तर्राष्ट्रिय जलविद्युत् संघ (आइएचए)का उपाध्यक्ष सुशील पोखरेलले नेपालबाट तीनवटा आयोजनाले स्ट्यान्डर्ड सर्टिफिकेट पाइसकेको भन्दै अब यसलाई अभियानकै रूपमा अघि बढाउनुपर्ने बताए।

हाइड्रोपावर सस्टेनेबिलिटी एलाइन्स (एचएसए)का डेपुटी कार्यकारी निर्देशक एलियन किलाजिनले विभिन्न देशमा जलवायु परिवर्तनले पारेको प्रभावको उदाहरण दिँदै दिगोपनका मापदण्डहरू पूरा गर्दा त्यसले बिजनेस भ्यालु मात्र नबढाएर वातावरण, समाज र सुशासन (इएसजी)मा पारेको सकारात्मक प्रभावबारे प्रस्तुतीकरण दिएका थिए।

युएसएआइडीका चिफ अफ पार्टी रोबर्ट क्रेमरले नेपालका आयोजनामा सार्वजनिक सहभागिता रहँदै आएकोमा वातावरण, सामाजिक र सुशासनका पक्षमा पनि थप ध्यान दिनुपर्ने बताए।

नेपाल लाइफद्वारा ६९.६२ अर्बको दाबी भुक्तानी



काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले ०८० असोज मसान्तसम्ममा ६९.६२ अर्ब दाबी भुक्तानी गरेको छ। यस अवधिमा मृत्यु दाबी भुक्तानीबापत ५.६८ अर्ब, परिपक्व दाबी भुक्तानीबापत १९.७८ अर्ब र अग्रिम दाबी भुक्तानीबापत २३.४४ अर्ब दाबी भुक्तानी गरेको कम्पनीले जनाएको छ।

कम्पनीले ०८० असोज मसान्तसम्ममा १३ हजार पाँच सय १२ जनाका हकवालालाई मृत्यु दाबी भुक्तानी गरिसकेको छ। कम्पनीले कन्भेन्सनल प्लानअन्तर्गत ११ हजार एक सय ७७ जनालाई तीन अर्ब ७१ करोड र वैदेशिक रोजगारीतर्फ दुई हजार तीन सय ३५ जनालाई एक अर्ब ९७ करोड भुक्तानी गरिसकेको छ।

चालू आर्थिक वर्षको पहिलो त्रैमासमा कम्पनीलाई प्राप्त भएको मृत्यु दाबी भुक्तानी निवेदनमध्ये ९३ प्रतिशत दाबी फर्स्यौट भइसकेको कम्पनीले जनाएको छ। यस अवधिमा ४६ प्रतिशत मृत्यु दाबी भुक्तानी तीन दिनभित्र गरेको छ।

यसैगरी, ६७ प्रतिशत निवेदन एक हप्ताभित्र र ८१ प्रतिशत मृत्यु दाबी भुक्तानी एक महिनाभित्र कम्पनीले गरेको छ। कम्पनीले आधुनिक प्रविधिको प्रयोग गर्दै न्यूनतम समयमा मृत्यु दाबी भुक्तानी गर्ने प्रबन्ध मिलाइएको प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले बताए। आर्थिक वर्ष ०७९/८० मा ९९.१३ प्रतिशत मृत्यु दाबी भुक्तानी गर्दै नेपाल लाइफ सर्वाधिक मृत्यु दाबी भुक्तानी गर्ने जीवन बिमा कम्पनी बन्न सफल भएको कम्पनीले जनाएको छ। आर्थिक वर्ष ०७८/७९ मा कम्पनीले ९९.०७ प्रतिशत मृत्यु दाबी भुक्तानी गरेको थियो।

बिवाइडी गाडी किन्न सिटिजन्स बैंकले कर्जा दिने



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र बुटवल, रुपन्देहीस्थित इनलाइटन मोटर्स प्रालिबीच बिवाइडी ब्रान्डका विद्युतीय सवारीसाधन खरिद गर्दा सहुलियत दरमा कर्जा दिने समझदारी भएको छ। बैंक र कम्पनीबीचको सम्झौतामा बिवाइडी ब्रान्डका इलेक्ट्रोनिक सवारीमा विशेष सहुलियत दरमा कर्जा रकम उपलब्ध गराउने समझदारी भएको छ। सम्झौताअनुरूप ग्राहकले केवल १ प्रतिशत प्रिमियम दरमा अधिकतम ८० प्रतिशतसम्म र अधिकतम आठ वर्षसम्मका लागि सवारी कर्जा (अटोलोन) उपभोग गर्न पाउनेछन्। कर्जाको भुक्तानी समान मासिक किस्तामा हुनेछ।

सिएनआइवाइइएफ स्टार्ट अप फेस्ट ७ पुसबाट

काठमाडौं/ नेपाल उद्योग परिसंघअन्तर्गतको नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चले ७ पुसबाट 'सिएनआइवाइइएफ स्टार्ट अप फेस्ट २०२३' आयोजना गर्न लागेको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा नबिल बैंक प्रिजेन्ट्स सिएनआइवाइइएफ स्टार्ट अप फेस्ट २०२३ आयोजना गर्न लागेको हो। स्टार्ट अप प्रवर्द्धनमा विदेशमा भइरहेका सफल अभ्यास तथा उपलब्धिका विषयमा पनि विभिन्न सत्रमा छलफल हुनेछन्।

स्टार्ट अप फेस्ट २०२३ मा दुई सय ५० भन्दा बढी स्टार्ट अप्सले लगानीका लागि परियोजनासहित प्रस्ताव पेस गरेका छन्। त्यसमध्ये नेपाल उद्योग परिसंघ, युवा उद्यमी मञ्च, लगानीकर्ताको टिमबाट छानिएका १० देखि १२ वटा उत्कृष्ट स्टार्ट अप्सलाई प्रस्तुतीकरणको अवसर प्रदान गरिनेछ। सो प्रस्तुतीकरणका आधारमा कम्पनीहरूले लगानीको प्रतिबद्धता जनाई आशयपत्रमा हस्ताक्षर गर्नेछन्। पुँजी लगानीका लागि टेली भेन्चर, एनआइएमबी एस क्यापिटल, रिलायबल भेन्चर, लोटस होल्डिङ, अल्फा प्लस भेन्चर, हिमालयन क्यापिटल, टिम भेन्चर, ग्लोबल इक्विटी फन्ड, अध्याता फन्ड म्यानेजमेन्ट, नियोटेरिक नेपालले प्रतिबद्धतासमेत जनाइसकेका छन्।



सिएनआइवाइइएफ स्टार्ट अप फेस्ट २०२३ को टाइटल स्पोन्सरमा नबिल बैंक लिमिटेड रहेको छ। यसैगरी, स्पोन्सर कम्पनीहरूमा आरएमसी ग्रुप, एइसिसी ग्लोबल नेपाल, यामाहा, सेरिस इभी, आइएमई पे, बोट लाइफ स्टाइल, बडवाइजर, टर्किस एयरलाइन्स छन्। यस्तै, विकास साझेदारमा भारतीय दूतावास, आइएलओ, युरोपियन युनियनले सहयोग गरेका छन्।

पातारासी सडक : धराप काठेपुलमाथि जोखिमपूर्ण यात्रा



जुम्लामा **मानदत्त रावल**

जुम्ला विमानस्थल, उर्थु, लासीबजार, तल्फी, पेरे, गडीगाउँ, चोत्रगाउँ हुँदै डोल्पा जोड्ने सडक पातारासी गाउँपालिकाको लाइफलाइन हो। गाउँमा सडक पुग्दा घन्टौंसम्म पैदल यात्रा गरेर सदरमुकाम पुग्नुपर्ने बाध्यता हटेको भन्दै स्थानीय उत्साहित भए। तर, पातारासी गाउँपालिका-४ लुमगाउँस्थित मोटरेबल काठेपुल भत्किएर निर्माण नहुँदा स्थानीय जोखिममा यात्रा गर्न बाध्य भएका छन्। लुमगाउँस्थित काठेपुल भत्केपछि एक महिनादेखि सो पुलबाट सवारीसाधन गुड्ने गरेको छैन। अहिले विकास निर्माणका सामग्रीदेखि दैनिक उपभोग्य सामग्री ढुवानी गर्न समस्या भएको स्थानीय राजु रावतले बताए।

पातारासी गाउँपालिकाका हरेक गाउँबस्तीमा सडक सञ्जालले जोडिएपछि पातारासी-३ छुमगाउँका कालीबहादुर महतारा प्रसन्न छन्। तर, लुमगाउँस्थित जवा नदीमाथि लामो समयदेखि पक्की पुल बन्न सकेको छैन। उनले भने, 'तत्काल काम चलाउन काठेपुल निर्माण भएको छ। यो काठेपुल पनि वेला-वेला भत्किने गरेकाले समस्या हुँदै आएको छ। विगत एक महिनादेखि लुमगाउँदेखि सवारीसाधन माथि छुम, तल्फी परेगाउँसम्म आउन सकेका छैनन्।'

सडकले गाउँ जोडिएपछि दैनिक उपभोग्य वस्तु ल्याउन र उत्पादित कृषिजन्य वस्तु लैजान कठिन भएको स्थानीय महताराले बताए। अहिले जुम्ला सदरमुकाम खलंगादेखि दुई बस र चारवटा जिप सञ्चालनमा छन्। उनले भने, 'गाउँमा सडक पुग्नु मात्र ठूलो कुरो होइन, सडक ग्राभेल गरेर यात्रा सहज गर्नु अहिलेको आवश्यकता हो।' अहिले व्यापारी गाउँमै स्थानीय उत्पादन खरिद गर्न पुग्छन्।

लुमगाउँस्थित बागजाल सामुदायिक वन समितिका अध्यक्ष कर्ण रावतका अनुसार पुल मर्मत गरेर मात्रै हुने अवस्था छैन। पुल पूरै फेर्नुपर्ने स्थिति छ। १५ लाख नै बजेट व्यवस्थापन गरी नयाँ काठेपुल बनाउनुपर्ने हो। तर, हरेक वर्ष टालटुल (मर्मत) गरेर बजेट सक्ने काम भएको छ।

अघिल्ला वर्षहरूमा पुल बनाउन रकम हिनामिना भएपछि लुमवासीले अहिले पुल बनाउने विषयमा आशंका गरिरहेका छन्। गाउँपालिका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत आएर छलफल गरी काठ काट्ने पुर्जीको व्यवस्थापन गरेर सहजीकरण गर्नुपर्ने उनको भनाइ छ। उनले भने, 'पक्की पुल बनाउनका लागि जग्गा स्थानीयले दिएका छन्। तर, अलि जग्गाको मुआब्जा व्यवस्थापन गर्नुपर्ने हुन्छ।'

पातारासी गाउँपालिकाकी उपाध्यक्ष जनमाया रोकायाका अनुसार तत्काल काठेपुल निर्माण तथा मर्मत गर्न पाँच लाख विनियोजन भएको छ। तर, बजेट विनियोजन गर्दा पनि लुमगाउँवासीले पुल बनाउने काठ नदिने र विवाद गर्न खोजेपछि समस्या भएको उनको भनाइ छ।

पूर्वाधार विकास कार्यालय जुम्लाका प्रमुख पदम देवकोटाका अनुसार लुमगाउँस्थित जवा नदीमाथि पक्की पुल बनाउन साढे सात करोडको डिपिआर बनेको छ। चालू आर्थिक वर्षमा एक करोड ८० लाख बजेट आएको छ। त्यो बजेट अपुग हुन्छ। बजेट स्रोत सुनिश्चितताका लागि कर्णाली प्रदेश भौतिक पूर्वाधार मन्त्रालयमा फाइल बजेटको छ। तर, अहिलेसम्म बजेट सुनिश्चित भएको छैन।

वेस्टर्न युनियनको 'दसैंमा १० गुणा' योजनाकी विजेतालाई नगद हस्तान्तरण

काठमाडौं/ वेस्टर्न युनियन मनी ट्रान्सफरले दसैंलक्षित 'दसैंमा १० गुणा' योजनाकी विजेता इटहरीकी होमादेवी पाण्डेलाई नगद हस्तान्तरण गरेको छ।

योजनाअनुसार विजेताले बम्पर लक्की ड्रमार्फत प्राप्त कारोबार रकमको १० गुणा रकम जितेकी हुन्। नेपालमा २७ वर्षभन्दा बढी समयदेखि रेमिट्यान्स सेवा प्रदान गर्दै आएको वेस्टर्न युनियनले दसैं, तिहार र छठलाई लक्षित गरी 'दसैंमा १० गुणा'अभियान सुरु गरेको थियो।



बम्परमा प्राप्त रकमको १० गुणाबाहेक, आठ हप्तासम्म ६४ भाग्यशाली ग्राहकले कारोबार रकमको दुई गुणा जिल्ने मौका पनि प्राप्त गरेका थिए।

धौलाश्री बहुउद्देश्यीय सहकारी संस्था लि.
गोंगबु, काठमाण्डौं को

धितोमा रहेको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धमा गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

यस धौलाश्री बहुउद्देश्यीय सहकारी संस्था लि. बाट तपसिल बमोजिमका ऋणी सदस्यहरुले निम्न प्रयोजनका लागि लिएको कर्जाको तिर्नु/बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जाना लगायत अन्य दैदस्तुर समेत नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी सम्झौता र शर्त बन्देजहरु उल्लंघन गरेका कारण यस संस्थाले पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता गर्दै आएको र मिति २०८०/०३/१२ गतेको राष्ट्रिय स्तरको पत्रिका नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्नका लागि ३५ दिनको म्याद दिई सूचना प्रकाशित गर्दा समेत कुनै चासो नदेखाई वेवास्ता गरी आजका मिति सम्म उक्त कर्जा चुक्ता गर्ने तर्फ कुनै प्रयास नभएकोले कर्जा सुरक्षणमा रहेको तपसीलमा लेखिएको धितो घर/जग्गा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीगरी लेना रकम असुल उपर गरिने सम्बन्धमा यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। सम्बन्धित ऋणीले उक्त म्यादभित्र कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणका लागि यस संस्थामा धितो लेखिदिएको तपसिल अनुसारको चल/अचल सम्पत्ति (घर/जग्गा) सहकारी ऐन २०७४, यस संस्थाको विनियम, ऋण लगानी तथा असुली सम्बन्धी नियमावली र बैंक तथा वित्तिय संस्थाको ऋण असुली सम्बन्धी प्रचलित ऐन कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरी कर्जा असुल गर्ने सम्बन्धमा यस मिति २०८०/०६/०९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार लिलाम डाक बढाबढ गरी लिन इच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन र उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट तोकिएको समयमा यस संस्थाको कार्यालयमा उपस्थित भई आफुले सकार गरी लिन चाहेको मूल्यमा बोल कबोल गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। ऋणी वा धितो जमानतकर्ताले लिलामी हुने दिन भन्दा अगावै संस्थामा उपस्थित भई सोही मिति सम्मको बुझाउनु पर्ने सावाँ, ब्याज लगायत अन्य बांकी बक्यौता र दै दस्तुर समेत चुक्ता भुक्तानी गरी कर्जा राफसाफ गरेमा सम्बन्धित ऋणीको हकमा लिलामी कार्य स्वत: स्थगित हुने र अन्यको हकमा प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचना बाट जानकारी गराइएको छ।

तपशिल:

क्र.सं.	ऋणीको नाम र तिनपुस्ते विवरण	ठेगाना	ऋणीको फोटो	लिलाम हुने धितोको विवरण	कर्जाको उद्देश्य र बुझाउनु पर्ने सावाँ तथा ब्याज रकम
१.	सुरेश प्रसाद कुसवाहा बाबु : अमल महतो कोइरी बाजे : धरोधर महतो कोइरी नागरिकता प्रमाण पत्र नं. १०२८/७१९ जि.प्र.का. बारा	जि. बारा पटेर्वा गा.पा. वडा नं.९ हाल: जि.काठमाण्डौ बुढानिलकण्ठ न.पा.वडा नं.३		ऋणी सुरेश प्रसाद कुसवाहाका नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला बुढानिलकण्ठ गा.वि.स.वडा नं.२ स्थित कि.नं.११६६ क्षेत्रफल ०-८-०-० (२५४.३७ ब.मि.) जग्गा र सोकी कित्तामा बनेको टहरा र लिगलगापात समेत	व्यवसायिक कर्जा रु.१,४८,२६,०३८/- तथा लिलाम हुने मिति सम्म थप हुने ब्याज तथा अन्य दैदस्तुर र शुल्क समेत बुझाउनु पर्ने छ।
२.	नर कुमारी पुन मगर बाबु: चन्द्र बहादुर पुन मगर पति:याम बहादुर गर्बुजा ससुरा:भक्तबहादुर गर्बुजा नागरिकता प्रमाण पत्र नं.४९-०१-७३-०२०८३/ म्यार्दी	जि. म्यार्दी धवलागिरी गा.पा. वडा नं.६ हाल: जि.काठमाण्डौ टोखा न.पा. वडा नं.९		जि. काठमाण्डौ टोखा न.पा.वडा नं.९ ऋणी नर कुमारी पुन मगरका नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला गोंगबु गा.वि.स.वडा नं.४ स्थित कि.नं.९२ क्षेत्रफल ०-०-०-० (१३७.३५ ब.मि.) जग्गा	विविध कर्जा रु.१,५४,७६,५२७/- तथा लिलाम हुने मिति सम्म थप हुने ब्याज तथा अन्य दैदस्तुर र शुल्क समेत बुझाउनु पर्ने छ।
३.	किशोर प्रसाद पोखरेल बाबु : कमल नाथ शर्मा बाजे : दिनानाथ शर्मा नागरिकता प्रमाण पत्र नं.७१५३ काठमाण्डौ	जि.काठमाण्डौ का.म.न.पा. वडा नं.१ हाल जि.काठमाण्डौ का. म. न.पा.वडा नं.१		जि.काठमाण्डौ ,काठमाण्डौं म.न.पा.वडा नं.१ का ऋणी किशोर प्रसाद पोखेलका नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला काठमाण्डौ मा.न.पा. वडा नं.६ स्थित कि.नं. ६३५ क्षेत्रफल०-४-०-० (१३७.३५ ब.मि.) जग्गा	विविध कर्जा रु.६५,९६,११५/- तथा लिलाम हुने मिति सम्म थप हुने ब्याज तथा अन्य दैदस्तुर र शुल्क समेत बुझाउनु पर्ने छ।

लिलाम हुने मिति : २०८०/१०/०२ गते मंगलबार बिहान ११ बजे
स्थान : संस्थाको कार्यालय सामाखुसी टाउनप्लानिङ।

लिलामका शर्तहरु :

१. लिलाम हुने दिनमा डाक बढाबढ गर्दा बोल कबोल गर्ने व्यक्ति वा संस्थाले आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थामा सोही दिन नगदै बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले सकार गरेको १० दिन भित्र आफूले कबोल गरेको बांकी ९० प्रतिशत रकम चुक्ता बुझाउनु पर्नेछ र तोकिएको म्याद भित्र बांकी रकम नबुझाएमा धरौटी वापत राखेको १० प्रतिशत रकम स्वत: जफत हुने छ।
३. लिलाम डाक बढाबढमा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति/संस्थालाई सकार गरेको सम्पत्ति निजका नाममा नामसारी/दाखिल खारेज गरिदिइने छ।
४. लिलाम तोकिएको दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुल्नेदिन लिलाम बढाबढ हुनेछ।
५. लिलाम बिक्री हुने धितो (घर/जग्गा) संग सम्बन्धित कागजातहरु हेर्न चाहनुहुने महानुभावहरुले कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राख्न सक्नुहुनेछ।
६. का.म.न.पा.२६ सामाखुशी, टाउनप्लानिङ्ग स्थित संस्थाको आफ्नै भवनको कार्यालयमा बिहान ११ बजे देखि दिउंसो ४ बजे सम्म लिलामको डाक बढाबढ हुने छ।
७. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत ऋणीले व्यहोर्नु पर्ने गरी लेना रकममा समावेश गरिने छ।
८. सहकारी ऐन, नियमावली र यस संस्थाको विनियम तथा बैंक तथा वित्तिय संस्थाको ऋण असुली सम्बन्धी प्रचलिन ऐन कानून बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा यस संस्थाले उक्त सम्पत्ति संस्था स्वयम्ले सकार गरि आफैंले स्वामित्व ग्रहण गर्न सक्नेछ।
९. संस्थामा सुरक्षण रहेको धितोबाट सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी तथा जमानीकर्ताको नाममा रहेको अन्य चल अचल सम्पत्ति बाट बांकी रकम असुल उपर गरिने छ।
१०. लिलाम बढाबढ स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।

धौलाश्री बहुउद्देश्यीय सहकारी संस्था लि.
गोंगबु, सामाखुसी, टाउनप्लानिङ, काठमाण्डौ
फोन नं.०१-४५८३७०५/४५८८६५३

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय, कोहलपुर-११, बाँके

कर्मचारी आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२४

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त प्रदेश स्तरको वित्तीय संस्था हो। यस संस्थामा रिक्त रहेका देहाय बमोजिमका पद खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले देहायका योग्यता पुगेका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र फारम भरी केन्द्रीय कार्यालय वा आफुलाई पायक पर्ने शाखा कार्यालयमा कार्यालय समय भित्र आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ।

तपशिल

१

क्र.सं.	विज्ञापन नं.	पद	श्रेणी	माग संख्या	किसिम
१.	१/२०८०/२०८१	**सहायक प्रबन्धक**	व्यवस्थापकिय	केही	खुल्ला

२ **परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता वा कुनै एक।

३ **आवेदकको उमेरको हद :** २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

४ **शैक्षिक योग्यता र अनुभव :** मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, व्यवस्थापन, कानुन विषयमा स्नातकोत्तर उतीर्ण भएको र बैंक तथा वित्तीय संस्थामा अधिकृत स्तरको पदमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको अथवा मान्यता प्राप्त संस्थाबाट बि.बि.एस तह वा सो सरह उतीर्ण गरी वरिष्ठ अधिकृत भई २ वर्ष लघुवित्त संस्थामा विभागिय प्रमुखको रुपमा काम गरेको।

५ **आवश्यक कागजातहरू :** पासपोर्ट साइजको २ प्रति फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपी र कार्यअनुभवको प्रमाणपत्र।

६ **परीक्षा दस्तुर :** रु. १,०००/-

७ **पारिश्रमिक तथा सेवा सुविधा :** संस्थाको नियम अनुसार हुनेछ।

८ **लिखित परीक्षा मिति :** पछि प्रकाशित गरिनेछ।

९ **दरखास्त फाराम भर्ने अवधि :** मिति २०८० मंसिर २४ देखि पौष ८ गते सम्म

१० **दरखास्त फारम :** संस्थाको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरूबाट प्राप्त गर्न र संस्थाको वेभसाइड www.ulbsl.com.np डाउनलोड गरी बुझाउन सकिने छ।

संयोजक
पदपूर्ति समिति

खेल संक्षेप

सावित्रालाई काठमाडौं युरोको सम्मान

काठमाडौं / काठमाडौं युरो स्कुल गोंगबुले नेपाली राष्ट्रिय फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारीलाई शनिबार नगदसहित सम्मान गरेको छ। खेलको माध्यमबाट राष्ट्रलाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै नेपालको गौरव बढाएकोमा सम्मान गरेको हो। काठमाडौं युरोका अध्यक्ष प्रमोद पाण्डे, बोर्ड अफ डाइरेक्टर राजाराम पुडासैनी र ज्ञानेन्द्रमान जोशी, शैक्षिक निर्देशक डा. दीपक गुप्ता तथा उपप्राध्यापक राममणि पौडेलले सावित्रालाई पुरस्कृत गरे। सावित्रा युरोपको व्यावसायिक फुटबल लिग खेल्ने पहिलो नेपाली खेलाडी हुन्। स्कुलले दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण पदक विजेता करौंतेका दीपक श्रेष्ठ र मन्डेकाजी श्रेष्ठ, १३औं सागका स्वर्ण विजेता साइक्लिङका बुद्धिबहादुर तामाङ, करौंतेका पर्शुराम बाँस्तोला, सागका कीर्तिमानी धावक वैकुण्ठ मानन्धर, करौंतेका सुमन तिमल्सिनालगायतलाई सम्मान गरेको थियो।

मानबहादुर र छोकी च्याम्पियन

काठमाडौं/ नेपालको पहिलो एक सय माइलको केभिआर स्टेज रेस च्यालेन्जको दोस्रो चरण सम्पन्न भएको छ। ट्रायलमान्डुको आयोजनामा शनिबार गुर्जे भन्ज्याङमा सुरु भएर झुलेमा सम्पन्न भएको ३३ किमि दौडमा पुरुषतर्फ मानकुमार रोका मगर र महिलातर्फ छोकी शेर्पा पहिलो हुनुभयो। मानबहादुरले तीन घन्टा चार मिनेट नौ सकेन्डमा दौड पूरा गरे। यसैगरी, श्याम मगराँतीले दोस्रो र अशोक बराम तेस्रो स्थानमा रहे। महिलातर्फ गत हप्ता इन्डोनसियामा भएको एसिया ट्रेल मास्टरमा सहभागिता जनाएकी छोकी चार घन्टा सात मिनेट दुई सेकेन्ड समय लगातार च्याम्पियन बनिन्। फलु माउन्ट जोय दोस्रो र जाये फे स्टोरिच तेस्रो भए। सो स्टेज रेस च्यालेन्जमा ९७ खेलाडीको सहभागिता रहेको थियो। जसमा अमेरिका, फ्रान्स, बेलायत, इन्डोनेसियालगायतका ३० जना विदेशी धावक-धाविकाको सहभागिता रहेको थियो।

रारा पोखरा गोल्ड कप माघमा

कास्की/ आहा रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिताको २३औं संस्करण माघ दोस्रो सातबाट सुरु हुने भएको छ। "खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन सहरको रूपमा स्थापित गरौं" भन्ने उद्देश्यका साथ सहारा क्लब पोखराको आयोजनामा तथा हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजनमा हुने भएको हो। क्लबका अध्यक्ष केशवराज बरालका अनुसार प्रतियोगितामा ए डिभिजनका क्लब, विभागीय टिम, सुपर लिगका टिम, मोफसलका टिम, आयोजक सहारा क्लबसँगै विदेशी टोलीले प्रतिस्पर्धा गर्नेछन्। विगत २२ वर्षदेखि पोखरामा फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको क्लबले ०५८ सालदेखि फुटबल एकेडेमीसमेत सञ्चालन गरिरहेको छ। कठिन परिस्थिति र विपन्न वर्गका बालकहरू आश्रित पोखरा १७ दोबिल्लास्थित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा हाल चौथो ब्याचका बालक रहेका छन्। उनीहरूको पालनपोषण, शिक्षा-दीक्षासँगै फुटबल प्रशिक्षणको काम क्लबले गर्दै आएको छ।

टुंगियो काठमाडौंको अपराजित यात्रा

साबिक विजेता काठमाडौं रेजर्सले नेपाल सुपर लिगको चौथो खेलमा आएर व्यहोऱ्यो हार, समग्रमा १३ खेल खेल्दा तेस्रो पराजय

गत सिजन धनगढीलाई फाइनलमा १-० ले हराउँदै उपाधि जितेको काठमाडौंले यसपटक उपाधि रक्षा गर्ने रणनीति बनाए पनि सोअनुसार प्रदर्शन गर्न सकेको छैन।

रमेश सुवेदी/नयाँ पत्रिका

साबिक विजेता काठमाडौं रेजर्स फुटबल क्लबले नेपाल सुपर लिग (एनएसएल) दोस्रो संस्करणको चौथो खेलमा आएर अपराजित यात्रा टुंग्याएको छ। दशरथ रंगशालामा शनिबार राति भएको खेलमा काठमाडौं बुटवल लुम्बिनीसँग १-० ले पराजित भयो। बुटवललाई जित दिलाउन विदेशी खेलाडी स्टेफन समीर बिनोड र कप्तान तथा मार्की एरिक विष्टले समान एक गोल गरे। काठमाडौंका राजीव लोप्चनले एक गोल फर्काए। बुटवलले दुवै हाफमा समान एक गोल गरेको थियो। राजीवले सात मिनेट थपिएको इन्जुरी समयको अन्तिम मिनेटमा गोल गरेका थिए। दोस्रो जितसँगै पाँच खेलमा सात अंक जोडेको बुटवल तेस्रो स्थानमा उक्लिएको छ। पहिलो पराजय व्यहोरेको काठमाडौं सात अंकका साथ छैटौं स्थानमा झरेको छ। गत सिजन धनगढीलाई फाइनलमा १-० ले हराउँदै उपाधि जितेको काठमाडौंले यसपटक उपाधि रक्षा गर्ने रणनीति बनाए पनि सोअनुसार प्रदर्शन गर्न सकेको छैन। चारमध्ये एक खेल मात्रै जितेको छ। दुई खेलमा अंक बाँड्न बाध्य भएको छ। समग्रमा काठमाडौंले एनएसएलमा १३ खेल खेल्दा तेस्रो हार व्यहोरेको हो। समग्रमा चार बराबरी खेल्यो।

सिजनको पहिलो हारपछि प्रशिक्षक बालगोपाल महर्जनले भाग्यले साथ नदिएको बताएका छन्। 'हामीलाई भाग्यले साथ दिएन। दोस्रो हाफ पूरा नियन्त्रणमा राखेका थियौं। फुटबलमा यस्तो हुन्छ। हामी यसलाई स्वीकार गर्छौं,' महर्जनले भनेका छन्। काठमाडौंले उद्घाटन खेलमा स्पोर्टिङ इलाम एफसीलाई १-० ले हराएको थियो। दोस्रो खेलमा एफसी चितवनसँग १-१ गोलको बराबरी खेल्दा तेस्रो खेलमा झापा एफसीसँग गोलरहित बराबरी खेलेको थियो। 'हामीले खेलमा २० भन्दा बढी आक्रमण गरेका थियौं। हामी विश्वास गर्छौं, बाँकी खेलमा सानदार प्रदर्शनसँगै प्ले-अफमा पुग्छौं,' महर्जनले खेलको बारेमा भने। उनले वीरगन्जले राम्रो खेलेको र पाएको अवसरमा गोल गर्न सफल रहेको बताएका छन्।

बुटवलका प्रशिक्षक विजय महर्जनले रणनीतिअनुसार तीन अंक लिन सफल भएकोमा खुसी व्यक्त गरे। उनले शीर्ष तीनमा लक्ष्य राखेको बताएका छन्। 'हामीले रणनीतिअनुसार नै खेल्न सफल भयौं र तीन अंक जोडेका छौं,' महर्जनले भने, 'खेलाडीले धेरै राम्रो खेले। गर्व छ। धेरै खुसी छु।' खेलको म्यान अफ दी म्याच दुवै गोलका लागि अवसर सिर्जना गरेका स्ट्राइकर जिलेस्पीजंग कार्की घोषित बने। उनले आफ्नो पोजिसनअनुसार खेल्दा सफल भएको बताएका छन्।



बलका लागि संघर्ष गर्दै धनगढी (पहेँलो) र इलामका खेलाडी। तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
धनगढी	४	२	२	०	८
पोखरा	४	२	२	०	८
बुटवल	५	२	१	२	७
ललितपुर	४	१	३	०	६
चितवन	४	१	२	१	५
काठमाडौं	४	१	२	१	५
इलाम	५	१	१	३	४
झापा	४	०	३	१	३
वीरगन्ज	४	०	२	२	२

एनएसएलमा काठमाडौंको प्रदर्शन

- पहिलो संस्करण

नतिजा	विपक्षी
१-०	ललितपुर सिटी
०-३	धनगढी
०-०	पोखरा थन्डर्स
१-०	बुटवल लुम्बिनी
५-५	विराटनगर सिटी
२-१	चितवन
प्ले-अफ	
१-२	धनगढी
क्वालिफायर	
३-०	ललितपुर सिटी
फाइनल	
१-०	धनगढी

- दोस्रो संस्करण

नतिजा	विपक्षी
१-०	स्पोर्टिङ इलाम
१-१	चितवन
०-०	झापा
१-२	बुटवल लुम्बिनी

■ स्टेफनले दिलाए बुटवललाई अग्रता

खेलमा अग्रता बुटवलले बनाएको थियो। २९औं मिनेटमा विदेशी खेलाडी स्टेफन भाग्यमानी रहे। काठमाडौंका रक्षक कुलदीप कार्कीले क्लियर गरेको बल स्टेफनको खुट्टामा लाग्दै गोल भएको थियो। बुटवलका सरोज तामाङको फ्रिकिक काठमाडौंका गोलकिपर अभिषेक बराल बन्च गर्छन्। रिबाउन्ड बललाई जितेस्पीजंग कार्कीले नियन्त्रणमा लिँदै बिनोडलाई पास उपलब्ध गराउँछन्। स्टेफनको प्रहार कुलदीपले क्लियर गरे पनि उनैको खुट्टामा लाग्दै गोल लाइन पार गरेको थियो। पहिलो हाफमा एक गोल गरेको बुटवलले ६१औं मिनेटमा दोस्रो गोल गऱ्यो। कप्तान तथा मार्की एरिकले अग्रता दोब्बर बनाए। जिलेस्पीजंगको पासलाई एरिकले बक्समभित्रबाट उत्कृष्ट गोल गरेका हुन्। चालू एनएसएलमा एरिकको दोस्रो गोल हो। यसअघि प्रतियोगिताको १२औं खेलमा इलामविरुद्ध विश्वस्तरीय फ्रिकिक गोल गरेका थिए। इन्जुरी समयमा राजीवले गोल गर्दै काठमाडौंलाई खेलमा फर्काउने प्रयास गरे पनि त्यो सफल रहेन। यसअघि खेलको २६औं मिनेटमा काठमाडौंका सोखरुखले गोल गरे पनि रेफ्रीले अफसाइटको इसारा दिएका थिए। पहिलो हाफको अन्तिम समयमा एरिकको फ्रिकिक बारमा लागेर फर्किएको थियो।

■ इलाम र धनगढीको रोमाञ्चक बराबरी

सुरुवाती दुई गोलको अग्रता जोगाउन नसक्दा स्पोर्टिङ इलाम एफसीले साबिक उपविजेता धनगढी एफसीविरुद्ध २-२ को बराबरी खेल्दै अंक बाँडेको छ। शनिबारको पहिलो खेलमा इलामले पहिलो हाफमै दुई गोलको अग्रता बनाएको थियो। इलामका लागि फोडे कमारा र ओमान थिआमले गोल गरे। दोस्रो हाफमा धनगढीले उत्कृष्ट पुनरागमन गरे पनि दुवै टोली अंक बाँड्न बाध्य भएका हुन्। धनगढीका लागि रिचार्ड आग्यमाङ र आफिज ओलावाले गोल गरेका हुन्।

बराबरीपछि धनगढी अंक तालिकाको शीर्षस्थानमा उक्लिएको छ। दुई जित र दुई बराबरी खेलेको धनगढीले चार खेलबाट ८ अंक जोडेको छ। समान खेलबाट ४ अंक जोडेको इलाम सातौं स्थानमा छ। घाइते भएका मार्की तथा कप्तान विकेश कुथू खेलमा उपलब्ध भएनन्। विकेश घाइते हुँदा गोलकिपर समित श्रेष्ठले एनएसएलमा पहिलोपटक पूरा समय अवसर पाएका थिए।

खेलपछि धनगढीका प्रशिक्षक युगलकिशोर राई भने आफ्ना खेलाडीको प्रदर्शनबाट सन्तुष्ट रहेनन्। 'पहिलो हाफमा धेरैपछि परे पनि दोस्रो हाफमा कमब्याक गर्न सफल भएका छौं,' राईले भने, 'खेलमा हाम्रो खेलाडी बच्चाजस्तो देखिए। उनीहरूले केही पनि रणनीति पछ्याएनन्। जसले गर्दा गाह्रो भयो।

इलामका प्रशिक्षक खेल राम्रो भए पनि अंक बाँड्दा खुसी भएनन्। उनी रेफ्रीको निर्णयमा भने खुसी रहेनन्। 'खेल राम्रो थियो। तर, बराबरी हुनु नराम्रो रह्यो,' केसीले भने, 'रेफ्रीको निर्णय चित्त बुझ्दो रहेन। हामीले पनि अग्रता जोगाउन सकेनौं।'

■ इलामको पहिलो हाफमै दुई गोल

इलामले पहिलो हाफ सकिन एक मिनेट बाँकी रहँदा अग्रता बनायो। विदेशी खेलाडी फोडे कमाराले उत्कृष्ट गोल गरे। अमाथ एनडको क्रसमा फोडेले गोल गरेका हुन्। पहिलो हाफको इन्जुरी समयमा इलामका गोलकिपर मोहम्मद टाहाले गल्ती गरे। उनले फुत्काएको बललाई ओमान थियामले जाली चुमाए। नवीन लामाको कर्नर ताहाले नियन्त्रणमा लिन खोज्दा बल फुत्किएको थियो।

६८औं मिनेटमा धनगढीले अग्रता २-१ मा झाऱ्यो। पेनाल्टीमा रिचार्ड आग्यमाङले गोल गरे। इलामका इब्राहिम जितेले बक्समभित्र फोडे फोफानालाई लडाएपछि धनगढीले पेनाल्टी प्राप्त गरेको थियो। खेल सकिन सात मिनेटअघि वैकल्पिक खेलाडी आफिज ओलावालेले गोल गरेका थिए। फोफानाको पासमा ओलावालेले हेड गोल गरेका हुन्। बाँकी समय दुवै टोलीले गोलको अवसर बनाएपछि सदुपयोग गर्न सकेनन्। धनगढीका मार्की खेलाडी आशिष चौधरी, आफिज, अहमद हिजाजी र फोडे फोफाना गोल गर्नबाट चुकेका थिए। अन्तिम मिनेटमा वैकल्पिक खेलाडी रामचन्द्र वाजीको प्रहार पोलमा लागेर फर्किएपछि धनगढी जितबाट टाढा रहयो।

एभिएम टेबलटेनिस लिग च्याम्पियन

नयाँ पत्रिका

एभिएम टेबलटेनिस क्लब स्ट्याग ग्लोबल टेबलटेनिस लिग प्रतियोगितामा च्याम्पियन बनेको छ। शनिबार लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको रोमाञ्चक फाइनलमा एभिएमले नेपाल प्रहरी क्लबलाई ८-६ ले पराजित गऱ्यो। पुलिसले विदेशी खेलाडी सहभागी गराएर नेपालमा पहिलोपटक आयोजना गरिएको टेबलटेनिस लिग खेलेको थियो। एभिएमका खेलाडीमा रुविन महर्जन, सुजन गदाल, सन्जिल शाक्य, अंकुर भट्टचार्जी (भारत), कौसनी नाथ (भारत), सिक्का सुवाल श्रेष्ठ, इभाना थापा मगर र वियंका राई थिए। प्रहरीको टोलीमा संयोग कपाली, विपुल महर्जन, निम जोशी, जुविन कुमार (भारत), नविता श्रेष्ठ, शुभश्री श्रेष्ठ, रविना महर्जन र सागरिका मुखर्जी (भारत)का हुन्।



पुरुष एकलमा एभिएमका अंकुरले प्रहरीका संयोगलाई ११-५, ११-७ र ११-६ ले पराजित गर्दै महत्त्वपूर्ण ३ अंक बटुले। महिलाको पहिलो एकलमा दुई भारतीय खेलाडीबीच भएको थियो। प्रहरीकी सागरिकाले एभिएमकी कौसनीलाई ११-९, ११-८ र १०-११ हराउँदै प्रहरीका लागि २ अंक जोडिन्। दोस्रो एकलको समाप्तिमा एभिएमले ४-२ को अग्रता बनाएको थियो। प्रत्येक सेट जितका लागि टोलीले १ अंक पाउँथे।

मिक्स डबल्समा एभिएमका अंकुर र सिक्काको जोडीले प्रहरीका संयोग र सागरिकाको जोडीलाई ११-८, ३-११ र ११-८ ले पाखा लगाए। मिक्स डबल्सको समाप्तिमा एभिएम ६-३ ले अघि रह्यो। समग्रमा तेस्रो र दोस्रो पुरुष एकलमा प्रहरीका जुविनले एभिएमका रुबिनलाई ११-९, ११-५ र ११-७ ले हराउँदै महत्त्वपूर्ण ३ अंक जोडे र खेललाई ६-६ को बराबरीमा पुऱ्याए।

निर्णायक महिला एकलमा एभिएमकी इभाना थापा मगरले नौपटकको राष्ट्रिय च्याम्पियन प्रहरीकी नवितालाई ११-९ र ११-८ ले स्तब्ध पार्दै एभिएमलाई उपाधि दिलाइन्। यदि नविताले दोस्रो सेट जितेको भए खेल ७-७ को बराबरी स्थितिमा हुने थियो र खेल तेस्रो सेटतर्फ लम्कने थियो। इभानाले एभिएमका लागि ८ अंक जोडेपछि तेस्रो सेट खेलाउनुपरेन।

विजेताले दुई लाख तथा उपविजेताले एक लाख नगद पुरस्कार प्राप्त गरेका छन्। तेस्रो भएका आयोजक स्ट्याग च्याम्पियन्स टेबलटेनिस एकेडेमी र कान्तिपुर भ्याली पिङपोङ क्लबले समान ५०-५० हजार नगद पुरस्कारमा चित्त बुझाए।

प्रतियोगितामा फाइनलिस्टसँगै ४ टिमसहित नेपाल आर्मी, गोड स्पिन टेबलटेनिस एकेडेमी, नेपाल एपिएफ क्लब, ज्ञान भैरव डिल्लीबजार टेबलटेनिस क्लब र नगाउँ स्पोर्ट्स् क्लब गरी नौ टिम सहभागी थिए। विजेतालाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, अखिल नेपाल टेबलटेनिस संघ तदर्थ समितिका संयोजक चतुरानन्दराज वैद्य र उपसंयोजक वृजेन्द्र हमाल, टेबलटेनिसका पूर्वमुख्य प्रशिक्षक आरआर जोशी, सहप्रायोजक सुमन खड्गीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

टीकापुर एलपिएलको सेमिफाइनलमा

धनगढी/ कैलालीको युथ अफ टीकापुर धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग (एलपिएल)को सेमिफाइनलमा प्रवेश गरेको छ। शनिबार भएको खेलमा कैलाली बहुमुखी क्याम्पसलाई तीन विकेटले हराउँदै युथ अफ टीकापुर सेमिफाइनलमा प्रवेश गरेको हो।

युथ अफ टीकापुरले दिएको ९५ रनको लक्ष्य पछ्याएको कैलाली बहुमुखी क्याम्पस ११ ओभरमा ७ विकेट गुमाउँदा मात्र ७९ रन बनाउन सक्यो। कैलाली बहुमुखी क्याम्पसका दीपक कपडेलले ३८ रन र पारस रोकायाले १२ रनको योगदान दिए। युथ अफ टीकापुरका सुमित महर्जनले दुई तथा मोहम्मद हुसेन, हरि चौहान, गौतम केसी र प्रकाश जैसीले एक-एक विकेट लिए।

त्यसअघि टस जितेर ब्याटिङ गरेको युथ अफ टीकापुरले सात विकेट गुमाएर ९४ रन बनायो। खराब मौसमका कारण खेल ११ ओभरमा घटाइएको थियो। टीकापुरका गौतम केसी र प्रकाश जैसीले समान ३४ रनको योगदान दिए। केसीले २७ बलमा १ चौका र ३ छक्का तथा जैसीले २२ बलमा ३ चौका र १ छक्का प्रहार गरे। ३८ रनमा ४ विकेट गुमेको अवस्थामा केसी र जैसीले छैटौं विकेटका लागि ५५ रनको साझेदारी गरेका थिए। कैलालीको बलिङमा अभिषेक कुँवर र सुशील विष्टले समान २ तथा लोकेन्द्र खनाल र पारस रोकायाले समान १ विकेट लिए।

शनिबार नै भएको अर्को खेलमा रौतहटको गरुडा नगरपालिकाले विजयी सुरुवात गर्ने क्रममा सुदूरपश्चिमाञ्चल एकेडेमीलाई ९८ रनले पराजित गऱ्यो। गरुडाले दिएको एक सय ७४ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमाञ्चल एकेडेमीले २० ओभर ब्याटिङ गरे पनि ८ विकेट गुमाएर ७५ रन मात्र बनाउन सक्यो। निशान रेग्मीले १८ रन र सौर्य श्रेष्ठले १४ रन बनाए। गरुडाका बलर धर्मेन्द्र साहले ४ विकेट लिए। जुन क्रममा उनले ४ ओभरमा १२ रन खर्चिए। त्यस्तै नरेश शाह, रूपेश सिंह र नितेश यादवले १-१ विकेट लिए।

टस जितेर ब्याटिङ गरेको गरुडाले २० ओभरमा ८ विकेट गुमाएर एक सय ७३ रन बनाएको थियो। गरुडाका लागि रूपेश सिंहले आक्रामक ब्याटिङ गर्दै ६० रन योगदान दिए। उनले २९ बलमा ५ चौका र ५ छक्का प्रहार गरे। निश्चल विक्रमले २३ बलमा ४ चौका र ३ छक्का प्रहार गर्दै अविजित ४३ रन बनाए। ७६ रनमा ६ विकेट गुमेको अवस्थामा रूपेश र निश्चलले ७४ रनको साझेदारी गरे। सुदूरपश्चिमाञ्चलको बलिङमा पारस सुनार र सन्दीप विष्टले २-२ विकेट लिए। त्यस्तै, प्रकाश जोशी, वीरेन्द्र चन्द, सौर्य श्रेष्ठ र सागर साउदले समान १ विकेट लिए।

करौंते खेलाडी सम्मानित

काठमाडौं/ बानेश्वरस्थित देउराली डोजोले विभिन्न विधामा उपलब्धि हासिल गरेका करौंते खेलाडी तथा प्रशिक्षकलाई शनिबार सम्मान गरेको छ। सातौं साउथ एसियन करौंते च्याम्पियनसिपका स्वर्ण पदक जितेका डोजोका खेलाडी रिकेश भण्डारी र आसिका राईलाई नगद तथा करौंते खेलकुद सामग्रीसहित सम्मान गरिएको छ। त्यसैगरी, कोच एक्रिड्एसन परीक्षामा उत्तीर्ण हुन सफल प्रशिक्षक अमिर राना, एकेएफ (एसियाली करौंते फेडरेसन) निर्णायकमा उत्तीर्ण हुन सफल तारा श्रेष्ठ गुरुङ, प्रशिक्षक कुशल श्रेष्ठलगायतलाई पनि सम्मान गरियो। कुशल श्रेष्ठको प्रशिक्षणमा नेपालले २९ स्वर्ण, २६ रजत र ६ कांस्य जित्दै दक्षिण एसियाली करौंते च्याम्पियनसिपमा पहिलो स्थान हासिल गरेको थियो। उनकै प्रशिक्षणमा नेपालले चीनको हाङझाउमा सम्पन्न १९औं एसियाली खेलकुदमा ऐतिहासिक रजत तथा इन्डोनेसियामा सम्पन्न १०औं विश्व सितोरियो करौंते च्याम्पियनसिपमा एक स्वर्ण, ३ रजत र ५ कांस्य जितेको थियो। त्यसैगरी, जापानमा सम्पन्न ३६औं नोबुकावाहा सितोरियो करौंते च्याम्पियनसिपमा पदक जित्न सफल देउराली डोजोका खेलाडी दिया तामाङ, अमिर राना र नेली जोशीलाई पनि सम्मान गरिएको छ। नेली ब्ल्याकबेल्ट परीक्षामा पनि उत्तीर्ण हुन सफल भएकी थिइन्। कार्यक्रममा एथलेटिक्सका पूर्वराष्ट्रिय खेलाडी अक्कल बोहरा (हाल स्पेननिवासी)ले देउराली डोजोलाई आर्थिक सहयोगसमेत गरेका छन्।

UGC बाट QAA प्राप्त
बानेश्वर बहुमुखी क्याम्पस,
शान्तिनगर, बानेश्वर, काठमाडौंमा
विहानी समयमा **BBS, BA, BSW, B.Ed.** प्रथम वर्षमा तथा **MBS, MA (Sociology)** र **M.Ed. (EPM & Health)** प्रथम सेमेष्टरमा भर्ना खुल्यो।
साथै विद्यालय व्यवस्थापन समितिको स्विकृतिमा सञ्चालित **कक्षा ११** मा विहानी समयमा बाँकी केहि सिटहरुमा भर्ना भईरहेको छ।
सम्पर्क : ०१४६२०३१०, ०१४६२०३३२, ९८४१७१९१७२, ९८४१९०७२८७

नखिपोट र आर्मीको विजयी सुरुवात

काठमाडौं/ आयोजक नखिपोट युवा क्लब 'ए' र नेपाल आर्मीले दोस्रो नखिपोट पुरुष खुला तथा महिला यु- २३ बास्केटबल प्रतियोगिताको पुरुषमा विजयी सुरुवात गरेका छन्। शनिबार नखिपोट 'ए'ले गोब्लिन्सलाई ७७-६० ले पराजित गऱ्यो। नखिपोट 'ए'को जितमा सुजन पाण्डेले २८ अंक योगदान गरेका थिए। निकेश मगरको १५ अंक सहयोगमा आर्मीले कीर्तिपुर 'ए'लाई ९१-४३ ले हरायो। नखिपोटस्थित आयोजककै कभर्डहलमा भइरहेको प्रतियोगिताको पुरुषमै ओइभिस हाउन्ड्स र बौद्ध 'ए' ले पनि जितका साथ यात्रा प्रारम्भ गरेका छन्।

ओइभिएसले कीर्तिपुर 'बी'माथि १०२-७० को सहज जित दर्ता गऱ्यो। विजेताका दिप्सन केसीले ३४ अंक जोडे। बौद्ध 'ए' ले रोयल्सलाई ७७-७० ले पाखा लगायो। बौद्ध 'ए' का तेन्जिङ सोनाम भुटियाले २८ स्कोर गरे। प्रतियोगिताको ललितपुर महानगरपालिका वडा १४ का अध्यक्ष अमृत महतले एक कार्यक्रमबीच उद्घाटन गरे। प्रतियोगिताको पुरुषमा १९ टिमले लिग कम नकआउटका आधारमा प्रतिस्पर्धा गर्नेछन्। विजेताले एक लाख पाँच हजार तथा उपविजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले २५ हजार नगद पुरस्कारसहित गिफ्ट ह्याम्पर प्रदान गरिने आयोजकले जनाएको छ। महिलामा चार टिमले राउन्ड रोबिन लिगपछि शीर्ष दुईमा रहनेले उपाधिका लागि खेल्नेछन्। पहिलो हुनेले ५० हजार तथा दोस्रोले २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। गिफ्ट ह्याम्परसँगै सर्वोत्कृष्ट खेलाडीलाई १५ हजार नगदबाट पुरस्कृत गरिनेछ। पुरुष-महिला दुवैमा सहभागी टिमले तीनजना विदेशी राख्न पाउनेछन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं
- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com